२५ औं

वार्षिकोत्सवको अवसरमा प्रकाशित

रजत स्मारिका

२०८३

प्रकाशक

नौलो घुम्ती नेपाल

सीतापाईला, पोखरा-१७, कास्की

रजत स्मारिका
२०८३

अध्यक्ष:
सुरेन्द्र थापा मगर

प्रधान सम्पादक:
बद्रीविनोद खनाल (प्रतीक)

कार्यकारी सम्पादक:
अनेश गुरुङ

लेख तथा रचना संयोजक सम्पादक:
तुलबहादुर रानाभाट

सम्पादक:
कमल प्रसाद अर्याल
कमला पौडेल
ई. शारदा मोहन काफ्ले
सुशीला थापा

प्रकाशक:
नौलो घुम्ती नेपाल

प्रकाशन:
रजत स्मारिका
२०८३ आश्विन २४ गते

मुद्रण:
ओजन अफ्सेट प्रेस,
जाल्पारोड, पोखरा, फोन नं.: ०६१-५७७६५६



राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएको मेची महाकाली ।।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।



गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, कास्की, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं :



शुभकामना सन्देश

नौलो घुम्ती नेपालले आफ्नो स्थापनाको २५औं वर्ष पूरा गरी रजत जयन्ती मनाउन लागेको यस पुनित अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी, शुभेच्छुक तथा सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

लागूपदार्थ दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, परामर्श, उपचार तथा पुनर्स्थापनाको क्षेत्रमा निरन्तर समर्पित नौलो घुम्ती नेपालले विगत २५ वर्षमा एचआईभी रोकथाम तथा नियन्त्रण, क्षतिन्यूनीकरण, स्वास्थ्य तथा सरसफाइ, शिक्षा, बाल संरक्षण, जीविकोपार्जन, समुदाय विकास, मानव अधिकार तथा सामाजिक सशक्तीकरण लगायतका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। बदलिँदो सामाजिक परिवेश र समुदायका आवश्यकताअनुसार संस्थाले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै सेवा र सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिनु प्रशंसनीय छ।

गण्डकी प्रदेशलगायत देशका विभिन्न समुदायमा सामाजिक विकास, मानव अधिकारको संरक्षण तथा जोखिममा रहेका र सीमान्तकृत समुदायको सशक्तीकरणमा संस्थाले पुऱ्याएको योगदानले राज्यका प्रयासलाई समेत महत्वपूर्ण सहयोग पुऱ्याएको छ। सामाजिक समस्याको न्यूनीकरण तथा समावेशी समाज निर्माणका लागि सरकार, नागरिक समाज र समुदायबीचको सहकार्य अपरिहार्य रहेको छ।

आगामी दिनमा प्रदेश तथा स्थानीय सरकार, समुदाय, नागरिक समाज, विकास साझेदार तथा अन्य सरोकारवाला निकायसँगको सहकार्य र समन्वयलाई थप सुदृढ गर्दै सामाजिक चुनौतीहरूको प्रभावकारी सम्बोधन र समुदायको सशक्तीकरणमा नौलो घुम्ती नेपालले अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

यस महत्वपूर्ण अवसरमा संस्थाको निरन्तर प्रगति, सफलता तथा उज्ज्वल भविष्यको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति: २०८३।०६।१९

डा. शेषनारायण पौडेल,
प्रदेश सचिव
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
पार्दी, पोखरा

फोन नं.
०६१-४५१७६४ (प्र.जि.अ. सचिवालय)
०६१-४५५०७५ (नागरिकता शाखा)
०६१-४५५९३६ (राहदानी शाखा)
इमेल : daokaski@gmail.com

पत्र संख्या : २०८३/०८४



शुभकामना

नौलो घुम्ती नेपालले आफ्नो स्थापनाको २५ औ बार्षिकोत्सव (रजत जयन्ती) को अवसरमा संस्थाबाट सम्पादित गतिविधिहरु समेटी ***स्मारिका*** प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

२०५८ सालमा जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भई लागुऔषध प्रयोगकर्ताको उपचार तथा परामर्श, एचआईभी संक्रमित तथा प्रभावित व्यक्ति एवम् संक्रमणको उच्च जोखिममा रहेका समुदाय लक्षित कार्यक्रम, विपन्न तथा सीमान्तकृत समुदायमा शिक्षा, स्वास्थ्य, सरसफाई, बाल संरक्षण, मानव अधिकार संरक्षण, आयआर्जन लगायतका सामाजिक क्षेत्रमा हालसम्म सञ्चालित गतिविधि, कार्यक्रम, योगदान र उपलब्धीहरु समावेश गरी स्मारिका प्रकाशनले संस्थाबाट सम्पादित कार्यहरुको व्यवस्थित अभिलेखिकरण हुनुका साथै आगामी दिनका कार्यक्रम सञ्चालनका लागि मार्गदर्शक हुनेनै छ । उक्त स्मारिका प्रकाशनले सम्वद्ध सरोकारवाला पक्ष र निकायसँगको समन्वयमा स्थानीयस्तरमा लक्षित वर्ग समुदायका लागि सञ्चालित कार्यक्रमको प्रभावकारीका प्रवर्द्धन भई लागू औषध दुरुपयोग रोकथाम तथा नियन्त्रण मार्फत सभ्य र सम्मुनत समाज निर्माण, लैंगिक हिंसा न्यूनीकरण, बाल अधिकार संरक्षण, लगायतका कुरिती, विकृती विसंगती विरुद्ध स्थानीयस्तरमा सचेतना अभिवृद्धि हुनेछ भन्ने विश्वासका साथ उक्त प्रकाशनमा लाग्नु भएकोमा सम्वद्ध सबैमा बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, उक्त संस्थालाई आगामी दिनहरुमा सामाजिक सहभागिता एवम् सक्रियतामा थप कार्यक्रमहरु सञ्चालन मार्फत जनचेतना अभिवृद्धि गर्दै लक्षित वर्गको उत्थान सँगै सभ्य तथा अनुशासित समाज निर्माणमा सहयोगी हुने खालका गतिविधि र कार्यक्रमहरु सञ्चालन गर्न थप उर्जा प्रेरणा प्राप्त होस भन्ने शुभेच्छा सहित उक्त संस्थाको प्रगति र स्मारिका प्रकाशनको पूर्ण सफलता एवम् निरन्तरताको शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८३ असोज १९ गते सोमबार
नेपाल संवत ११४६ अंलागा दशमी

.....
कुमान सिंह गुरुङ
प्रमुख जिल्ला अधिकारी

जिल्ला समन्वय समिति
कास्की

शहिदचोक,पोखरा,
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०८३ /०८४
च.नं.: १८

मिति:-२०८३-०६-०२

हार्दिक शुभकामना

नौलो घुम्ती नेपालले आफ्नो २५ औँ बार्षिकोत्सब(रजतजयन्ती) को अबसरमा हालसम्म गरेका विभिन्न गतिबिधि ,योगदान र उपलब्धि,समसामयिक तथा सूचनामूलक लेख रचनाहरू समाबेश गरी स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ।
यस संस्थाले लागु औषध प्रयोगकर्ता ,एचआइभि संक्रमित तथा प्रभावित एवंम् संक्रमणको उच्च जोखिममा रहेका समुदायलाई लक्षित गरी सो को रोकथाम तथा नियन्त्रण सहित बिपन्न र सिमान्तकृत समुदायमा शिक्षा, ,स्वास्थ्य तथा सरसफाई,एकीकृत सामुदायिक बिकास,झोलुङ्गे पुल निर्माण, बाल संरक्षण,मानब अधिकार आय आर्जन लगायतका बिभिन्न सामुदायिक बिकास सम्बन्धी कार्यक्रम संचालन गरेर समाजलाइ पुर्याएको अनुकरणीय योगदान सह्रानीय छ।
२५ औँ बार्षिकोत्सब(रजतजयन्ती) को सन्दर्भमा हार्दिक बधाई सहित समाज सुधार र बिकासका क्षेत्रमा आगामी दिनमा थप बृहत र प्रभाबकारी भूमिकाको अपेक्षासहित हार्दिक शुभकामना ब्यक्त गर्दछु।
प्रकाशित हुन गइरहेको स्मारिका सहित संस्थाको उत्तरोत्तर प्रगतिको कामना!

लिलाधर पौडेल
प्रमुख

लिलाधर पौडेल
प्रमुख

फोन नं ०६१-४६४३४६, ४६३५६२, ४६५०७४,४६५२०५ वेवसाइट:www.ddckaski.gov.np इमेल :ddckaski@gmail.com
"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्नचौक, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४
च.नं. :

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

शुभकामना

नौलो घुम्ती नेपाल आफ्नो स्थापनाको २५औँ वर्ष पूरा गरी रजत जयन्ती मनाउन लागेको सुखद अवसरमा संस्थाका संस्थापक, पूर्व तथा वर्तमान नेतृत्व, पदाधिकारी, कर्मचारी, स्वयंसेवक, साझेदार संस्था, सहयोगी निकाय तथा सम्पूर्ण शुभेच्छुकहरूमा पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गैरनाफामूलक संस्थाका रूपमा स्थापना भई लागूपदार्थ प्रयोग तथा दुर्व्यसनमा परेका व्यक्तिहरूका लागि परामर्श, उपचार तथा पुनर्स्थापनाका क्षेत्रमा सेवा प्रारम्भ गरेको नौलो घुम्ती नेपालले विगत २५ वर्षमा आफ्नो कार्यक्षेत्र र संस्थागत क्षमता विस्तार गर्दै समुदायको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । लागूपदार्थ दुर्व्यसनको रोकथाम तथा नियन्त्रणसँगै एचआईभी रोकथाम तथा नियन्त्रण, क्षतिन्यूनीकरण, व्यवहार परिवर्तन, स्वास्थ्य तथा सरसफाइ, शिक्षा, बाल संरक्षण, आयआर्जन तथा जीविकोपार्जन, सामुदायिक विकास, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सुशासन तथा मानव अधिकार प्रवर्धनका क्षेत्रमा संस्थाले पुर्याएको योगदान प्रशंसनीय छ ।

विशेषगरी कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्ने अभियानमा संस्थाले पुर्याएको योगदानले नौलो घुम्ती नेपालको सामाजिक उत्तरदायित्व र समुदायप्रतिको प्रतिबद्धतालाई थप उजागर गरेको छ । विगत २५ वर्षको अवधिमा नेपालका २५ भन्दा बढी जिल्लामा विभिन्न सामाजिक विकासका कार्यक्रम सञ्चालन गरी हजारौँ व्यक्ति, परिवार तथा समुदायसँग प्रत्यक्ष रूपमा जोडिन सफल नौलो घुम्ती नेपालले हाल कास्की, तनहुँ, बागलुङ र मनाङ लगायतका जिल्लामा आफ्ना कार्यक्रम सञ्चालन गरिरहेको छ । पोखरा महानगरपालिकासँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण लगायत सामुदायिक विकासका कार्यहरू सञ्चालन हुनु स्थानीय सरकार र गैरसरकारी क्षेत्रबीचको सहकार्यबाट समुदायमा सकारात्मक परिवर्तन ल्याउन सकिने उदाहरण हो ।

पछाडि पारिएका, विपन्न, संकटाभिमुख तथा सीमान्तकृत समुदायको जीवनस्तर सुधार, महिला तथा बालबालिकाको संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाइमा पहुँच विस्तार, मानव अधिकारको संरक्षण, सामाजिक विभेद न्यूनीकरण, वातावरण संरक्षण तथा दिगो विकासका लक्ष्य प्राप्तिका लागि नौलो घुम्ती नेपालले निरन्तर पुर्याउँदै आएको योगदानले सामाजिक विकासको यात्रालाई थप सार्थक बनाएको छ । २५ वर्षको गौरवपूर्ण यात्राबाट प्राप्त अनुभव, उपलब्धि र सिकाइलाई संस्थागत गर्दै बदलिँदो सामाजिक आवश्यकता, नयाँ चुनौती र सम्भावनालाई आत्मसात् गरी आगामी दिनमा अझ जिम्मेवार, सक्षम, पारदर्शी र जनमुखी संस्थाका रूपमा नौलो घुम्ती नेपाल अघि बढ्ने विश्वास लिएको छु ।

यस महत्वपूर्ण अवसरमा नौलो घुम्ती नेपाललाई **२५औँ रजत जयन्तीको हार्दिक शुभकामना** व्यक्त गर्दै संस्थाको आगामी यात्रा थप उपलब्धिमूलक, प्रभावकारी र जनउत्तरदायी बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।
आश्विन, २०८३ ।

धनराज आचार्य
प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल
रामबजार, पोखरा ।

प.सं. :२०८३/०८४
च.नं. :

मिति :२०८३/०६/२०

शुभकामना

नौलो घुम्ती नेपालले आफ्नो स्थापनाको २५ औं वर्ष पूरा गरी रजत जयन्ती मनाउन लागेको सुखद अवसरमा संस्थालाई आजको अवस्थामा ल्याउन योगदान गर्नुहुने, सम्पूर्ण नेतृत्व वर्ग, स्वयंसेवक, सहयोगी निकाय, कर्मचारी तथा सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नौलो घुम्ती नेपालले गैरनाफामूलक संस्थाको रुपमा स्थापना भई लागूपदार्थ दुर्व्यसनीमा परेका व्यक्तिहरुको लागि परामर्श, उपचार तथा पुर्नस्थापनाको क्षेत्रमा अनवरत रुपमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आईरहेको छ । स्थापनाकालदेखि आजसम्म यस संस्थाले आफ्नो कार्यक्षेत्र र संस्थागत क्षमता समेत विस्तार गर्दै लागूपदार्थ दुर्व्यसनको रोकथाम तथा नियन्त्रणसँगै एच.आई.भी. संक्रमित तथा प्रभावित व्यक्ति एवं एच.आई.भी. संक्रमणको उच्च जोखिममा रहेका समुदायलाई लक्षित गर्दै एच.आई.भी. रोकथाम तथा नियन्त्रण लगायतका माध्यमबाट समुदाय र मुलुकको समग्र विकासको लागि पुर्‍याएको योगदान अत्यन्त प्रशंसनीय छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा विगतदेखि नै यस संस्थाले पुर्‍याउँदै आएको सहयोगको स्मरण गर्दै प्रशंसा गर्न चाहन्छु । आगामी दिनमा पनि संस्थाको कार्यक्षेत्र अन्तर्गतका विरामीको लागि परामर्श, उपचार र पुर्नस्थापना लगायतका विषयमा यस अस्पताललाई निरन्तर सहयोग पुर्‍याउने विश्वास गर्दछु । २५ वर्ष सम्मको लामो अनुभव र सिकाईबाट यस संस्था आगामी दिनमा अझ बढि जिम्मेवारी बोधका साथमा कार्यक्षेत्र अन्तर्गतका कार्यक्रमहरुलाई थप व्यवस्थित रुपमा अघि बढाउने छ भन्ने विश्वास लिएको छु ।

यस महत्वपूर्ण अवसरमा नौलो घुम्ती नेपाललाई **२५ औं वार्षिकोत्सव एवं रजत जयन्तीको हार्दिक शुभकामना** व्यक्त गर्दै आगामी यात्रा थप उपलब्धीमुलक, सेवामूलक र प्रभावकारी बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

सह प्रा.डा. रुपिन्द्र पोखरेल
निर्देशक

निर्देशक

WWW.poahs.edu.np ✉ wrhpokh@gmail.com ✆ 061-570066 /570067 /570461

फोनः ०६१-५०६४००

मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं :

मिति :२०८३/०६/१२

शुभकामना सन्देश

नौलो घुम्ती नेपालको २५ औं वार्षिकोत्सव तथा रजत जयन्तीको गौरवमय अवसरमा मादी गाउँपालिका, कास्कीको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। विगत २५ वर्षदेखि नौलो घुम्ती नेपालले समाजका विपन्न, सीमान्तकृत तथा पिछडिएका समुदायहरूको सामाजिक, आर्थिक तथा संस्थागत सशक्तीकरणका लागि पुर्याउँदै आएको योगदान अत्यन्त प्रशंसनीय र अनुकरणीय रहेको छ। संस्थाले सञ्चालन गरेका विविध कार्यक्रम तथा परियोजना मार्फत समुदायमा आत्मनिर्भरता अभिवृद्धि, सीप विकास, आयआर्जनका अवसर सिर्जना, सामाजिक सचेतना विस्तार, जीविकोपार्जन सुधार तथा शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

विशेष गरी मादि गाउँपालिका लगायत विभिन्न स्थानीय तहहरूमा झोलुङ्गे पुल निर्माण तथा मर्मतसम्भारका कार्यहरूमा संस्थाले प्रदान गरेको सामाजिक परिचालन तथा प्राविधिक सहयोगले दुर्गम क्षेत्रका नागरिकहरूको आवतजावतलाई सहज बनाउनुका साथै शिक्षा, स्वास्थ्य सेवा, कृषि उत्पादन तथा स्थानीय बजारसम्मको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस्ता पूर्वाधार विकासका प्रयासहरूले स्थानीय समुदायको जीवनस्तर उकास्न तथा आर्थिक गतिविधिलाई प्रवद्र्धन गर्न उल्लेखनीय योगदान पुर्याएका छन्।

त्यसैगरी, महिला सशक्तीकरण, वित्तीय पहुँच विस्तार, सामुदायिक संस्थाहरूको क्षमता विकास, विपद् जोखिम न्यूनीकरण, बाल संरक्षण तथा दिगो जीविकोपार्जनका क्षेत्रमा संस्थाले सञ्चालन गरेका कार्यक्रमहरूबाट हजारौं नागरिक प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। सहभागितामूलक विकासको अवधारणालाई व्यवहारमा उतार्दै सामाजिक रूपान्तरणको अभियानलाई प्रभावकारी ढंगले अगाडि बढाउन संस्थाले खेलेको भूमिका अत्यन्त महत्वपूर्ण छ । यस रजत जयन्तीको विशेष अवसरमा संस्थाका संस्थापक, पूर्व तथा वर्तमान नेतृत्व, कर्मचारी, स्वयंसेवक, साझेदार संस्था, सहयोगदाता तथा लाभग्राही समुदायप्रति हार्दिक सम्मान तथा कृतज्ञता व्यक्त गर्दछु । उहाँहरूको समर्पण, प्रतिबद्धता र निरन्तर सहयोगकै कारण संस्थाले आज यो ऐतिहासिक उपलब्धि हासिल गर्न सफल भएको हो। आगामी दिनहरूमा पनि नौलो घुम्ती नेपालले सामाजिक न्याय, समावेशी विकास, समुदाय सशक्तीकरण तथा दिगो विकासका क्षेत्रमा अझ प्रभावकारी र उदाहरणीय योगदान पुर्याउँदै जाने विश्वास व्यक्त गर्दछु ।

रजत जयन्ती समारोहको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दै नौलो घुम्ती नेपालको निरन्तर प्रगति, संस्थागत सुदृढीकरण तथा उज्ज्वल भविष्यको कामना गर्दछु ।

धन्यवाद

देवीजङ्ग गुरुङ
अध्यक्ष
मादी गाउँपालिका, कास्की
गण्डकी प्रदेश, नेपाल

देवीजङ्ग गुरुङ
अध्यक्ष

"कृषि, पर्यटन, ऊर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार"

अन्नपूर्ण गाउँपालिका

Annapurna Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office of The Rural Municipal Executive

माछापोखरी, कास्की (Machhapokhari, Kaski)

गण्डकी प्रदेश नेपाल

Gandaki Province, Nepal

पत्र संख्या : ०८३/०८४

चलानी नं.

मिति : २०८३/०६/०९

शुभकामना सन्देश

नौलो घुम्ती नेपालको २५ औँ वार्षिकोत्सव तथा रजत जयन्तीको गौरवमय अवसरमा अन्नपूर्ण गाउँपालिका, कास्कीको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । विगत २५ वर्षदेखि नौलो घुम्ती नेपालले समाजका विपन्न, सीमान्तकृत तथा पिछडिएका समुदायहरूको सामाजिक तथा आर्थिक सशक्तीकरणका लागि पुऱ्याउँदै आएको योगदान अत्यन्त प्रशंसनीय छ । संस्थाले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा परियोजना मार्फत समुदायमा आत्मनिर्भरता, क्षमता अभिवृद्धि, सीप विकास, आयआर्जनका अवसर सिर्जना, सामाजिक सचेतना विस्तार, जीविकोपार्जन सुधार, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

विशेष गरि अन्नपूर्ण गाउँपालिका लगायत विभिन्न स्थानीय तहहरूमा झोलुङ्गे पुल निर्माण तथा मर्मत सम्भारका कार्यहरूमा प्रदान गरिएको सामाजिक परिचालन र प्राविधिक सहयोगले दुर्गम बस्तीका नागरिकहरूको आवतजावत सहज बनाउनुका साथै शिक्षा, स्वास्थ्य, कृषि तथा स्थानीय बजारसम्मको पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस्ता पूर्वाधार विकासका कार्यहरूले स्थानीय समुदायको जीवनस्तर सुधार गर्न तथा आर्थिक गतिविधि प्रवर्दन गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । नौलो घुम्ती नेपालले महिला सशक्तीकरण, वित्तीय पहुँच विस्तार, सामुदायिक संस्थाको क्षमता विकास, विपद् जोखिम न्यूनीकरण, बाल संरक्षण तथा दिगो जीविकोपार्जनका क्षेत्रमा गरेका प्रयासहरूबाट हजारौं नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् । संस्थाले समुदायमा सहभागितामूलक विकासको अभ्यासलाई प्रोत्साहन गर्दै सामाजिक रूपान्तरणको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाएको छ । यस रजत जयन्तीको अवसरमा संस्थाका संस्थापक, पूर्व तथा वर्तमान नेतृत्व, कर्मचारी, स्वयंसेवक, साझेदार संस्था, सहयोगदाता तथा लाभग्राही समुदायप्रति हार्दिक सम्मान व्यक्त गर्दछौं । आगामी दिनहरूमा पनि नौलो घुम्ती नेपालले सामाजिक न्याय, समावेशी विकास, समुदाय सशक्तिकरण तथा दिगो विकासका क्षेत्रमा अझ प्रभावकारी योगदान पुऱ्याउँदै जाने विश्वास व्यक्त गर्दछौं ।

रजत जयन्ती समारोहको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै नौलो घुम्ती नेपालको निरन्तर प्रगति, संस्थागत सुदृढीकरण तथा उज्ज्वल भविष्यको कामना गर्दछौं ।

विष्णु बहादुर के.सी.
अध्यक्ष
अन्नपूर्ण गाउँपालिका, कास्की

सम्पर्क नं. ०६१-४१४१०१, इमेल: apgaupalika@gmail.com, वेभसाइट: www.annapurnamunkaski.gov.np

पोखरा महानगरपालिका
१७ नं. वडा कार्यालय

ड्यामसाइड, कास्की फोन नं. ०६१-४६०५३६
पोखरा महानगरपालिका १७ नं. वडा कार्यालय, कास्की गण्डकी प्रदेश, नेपाल
ramun17@gmail.com

प.स. २०८३।८४
च.नं.

शुभकामना

नौलो घुम्ती नेपालले आफ्नो स्थापना कालदेखि नै लागुपदार्थ दुर्व्यसनको रोकथाम तथा नियनेत्रण, परामर्श, उपचार र पुनर्स्थापनाका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएकोमा पोखरा महानगरपालिका वडा नं. १७ गौरवान्वित छ। वि.सं. २०५८ सालमा दर्ता भई प्रारम्भिक चरणदेखि नै लागूपदार्थ प्रयोगकर्ताहरुका लागि परामर्श, उपचार तथा पुनर्स्थापना सेवा प्रदान गर्दै आएको यस संस्थाले समयक्रमसंगै आफ्नो कार्यक्षेत्र र क्षमता विस्तार गर्दै समुदायको समग्र विकासमा महत्वपुर्ण योगदान पुऱ्याउदै आएको छ।

विशेषगरी लागूपदार्थ दुर्व्यसनको रोकथाम,तथा नियन्त्रण, एचआइभी रोकथाम तथा नियन्त्रण, जोखिममा रहेका समुदायका लागि क्षतिन्यूनीकरण तथा व्यवहार परिवर्तन, स्वास्थ्य तथा सरसफाइ, शिक्षा, बाल संरक्षण, आयआर्जन तथा जीविकोपार्जन,एकीकृत सामुदायिक विकास,वातावरण संरक्षण,विपद जोखिम न्यूनीकरण,सुशासन तथा मानव अधिकार प्रबर्द्धन लगायतका विविध क्षेत्रमा नौलो घुम्ती नेपालले पुऱ्याउदै आएको योगदान प्रशंसनीय छ। यसले समुदायको आवश्यकता र बदलिँदो सामाजिक परिवेश अनुसार आफ्नो भूमिका विस्तार गर्दै आएको देखिन्छ।

विगत २५ वर्षको अवधिमा नेपालका विभिन्न जिल्लामा सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गरी हजारौ ब्यक्ति, परिवार तथा समुदायसंग प्रत्यक्ष रुपमा जोडिन सफल भएको नौलो घुम्ती नेपालले हाल कास्की लगायत विभिन्न जिल्लामा आफ्ना कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। स्थानीय सरकार र गैरसरकारी संस्थाबीचको सहकार्य, समन्वय र साझेदारी मार्फत समुदायको विकासमा योगदान पुऱ्याउने संस्थाको प्रयास प्रशंसनीय रहेको छ।२५ बर्षको गौरवपूर्ण यात्रामा संस्थाले हासिल गरेको उपलब्धि, निर्माण गरेको संस्थागत संरचना, आफ्नै भवन तथा साधन स्रोत र समुदायमा स्थापित विश्वास संस्थाको महत्वपुर्ण सम्पत्ति हुन। आगामी दिनमा पनि बदलिदो सामाजिक आवश्यकता र नयाँ चुनौतिलाई आत्मसाथ गर्दै स्थानीय सरकार, समुदाय, नागरिक समाज तथा अन्य सरोकारवाला निकायसंगको सहकार्यलाई अझ सुदृढ बनाउदै नौलो घुम्ती नेपालले लागूपदार्थ दुर्व्यसन रोकथाम तथा नियन्त्रण लगायत सामाजिक विकासका क्षेत्रमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिएको छ।

२५ औं रजत जयन्तीको हार्दिक शुभकामना !

राधिका कुमारी शाही (योगी)
वडा अध्यक्ष,पोखरा महानगरपालिका-१७

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइ

कास्की

२०७५

प.सं. २०८३।८४

मितिः२०८३।०६।०८

च.नं.

ने.सं.: ११४६ जंलाथ्व त्रयोदशी



शुभकामना

नौलो घुम्ती नेपालको २५औं वार्षिकोत्सव (रजत जयन्ती) को अवसरमा नौलो घुम्ती नेपालले हालसम्म गरेका विभिन्न गतिविधि,योगदान र उपलब्धिहरूलाई समेटी स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ। यो पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछु ।

वि.सं. २०५८ सालमा जिल्ला प्रशासन कार्यालय,कास्कीमा दर्ता भई लागुऔषध प्रयोगकर्ता, एच.आई.भी. सङ्क्रमित तथा प्रभावित व्यक्ति एवम् एच.आई.भी. सङ्क्रमणको उच्च जोखिममा रहेका समुदायलाई लक्षित गरि विभिन्न सामाजिक तथा सामुदायिक विकास सम्बन्धी कार्यक्रमहरूका साथै विपन्न तथा सीमान्तकृत समुदायमा शिक्षामा पहुँच र निरन्तरताको सुनिश्चितताको लागि हातेमालो गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरेर गुणस्तरीय शिक्षामा सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस्तै कार्यक्रमहरुको निरन्तर र प्रभावकारी कार्यान्वयनको लागि शुभेच्छा व्यक्त गर्दै यसमा शिक्षा विकास तथा समन्वय एकाइ ,कास्कीको नौलो घुम्ती नेपालसँगै निरन्तर समन्वय र सहकार्य भइरहने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

रजत जयन्तीको अवसरमा प्रकाशन गर्न लागिएको संस्थाको स्मारिका पठनीय , सुचनामूलक र उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु । समाज रुपान्तरणको माध्यमबाट शिक्षित, सभ्य, स्वस्थ र सुसंसकृत राष्ट्र निर्माणमा गतिशील रहेको नौलो घुम्ती नेपालको उत्तरोत्तर प्रगाति, निरन्तर सफलता र उज्ज्वल भविष्यको हार्दिक शुभकामना।

लोकनाथ आचार्य
उपसचिव (एकाइ प्रमुख)

गैरसरकारी संस्था महासंघ नेपाल
NGO FEDERATION OF NEPAL

मिति: २०८३/०६/१५

हार्दिक बधाई तथा शुभकामना!



सन् २००२ मा स्थापना भएको नौलो घुम्ती नेपाल, पोखराको रजत महोत्सवको सुखद अवसरमा संस्थाका सम्पूर्ण परिवारमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

२५ वर्षको गौरवपूर्ण यात्रामा सामाजिक क्षेत्रमा संस्थाले पुऱ्याउँदै आएको महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै आगामी दिनमा पनि संस्था अझ सशक्त, प्रभावकारी र जनमुखी रूपमा अघि बढ्दै समाजमा थप सकारात्मक योगदान पुऱ्याउन सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

रजत महोत्सवको अवसरमा आयोजना हुने नवनिर्मित भवन उद्घाटन, सम्मान तथा अभिनन्दन र स्मारिका विमोचन कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

यस महत्वपूर्ण अवसरमा ससाहमार्फत रकम संकलन तथा सहयोग र दान जुटाउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण सहयोगी मनहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

विशेषगरी यस रजत महोत्सवको संयोजन गरी कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गण्डकी प्रदेश गैसस महासंघका अध्यक्ष श्री पदम पहारीज्यूप्रति विशेष धन्यवाद तथा आभार व्यक्त गर्दछु। साथै, यस महोत्सवलाई सफल बनाउन योगदान पुऱ्याउनुहुने संस्थाका संस्थापक, सदस्यहरू, रजत जयन्ती समारोहका संयोजक तथा सम्पूर्ण कार्यसमितिप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

नौलो घुम्ती नेपालको उज्ज्वल भविष्य, निरन्तर प्रगति र सामाजिक योगदानको थप विस्तारको हार्दिक मंगलमय शुभकामना!

अर्जुन कुमार भट्टराई
अध्यक्ष
गैरसरकारी संस्था महासंघ नेपाल

(A National Federation of NGOs in Nepal)
P.O.Box 7768, New Baneshwor, Buddhanagar, Kathmandu
■ Phone: 977-1-4792908, 4791368; Fax: 977-1-4790559,
E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org

गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेश
NGO Federation of Nepal
Gandaki Province

मिति: २०८३/०६/२०

शुभकामना



नौलो घुम्ती नेपाल (Naulo Ghumti Nepal) एक गैर-नाफामूलक र गैर-सरकारी सामाजिक संस्था (NGO) हो। यो संस्था सन् १९९५ मा इन्टरनेसनल नेपाल फेलोसिप (INF) अन्तर्गत एक परियोजनाको रूपमा सुरु भई सन् २००२ मा कास्की जिल्ला प्रशासन कार्यालयमा स्वतन्त्र गैर-सरकारी संस्थाको रूपमा दर्ता भएको थियो । आज यो संस्थाले २५ वर्ष पार गरी रजत जयन्ति मनाउन गईरहेको वेला संस्थाको उत्तोरोतर प्रगतिको साथै सफलताको शुभकामना व्यक्त गर्न पाउदा धन्यवादका साथ कृत्तज्ञता व्यक्त गर्दछु ।

यस संस्थाले मुख्यतया निम्न क्षेत्रहरूमा कार्य गर्दै आएको छ यस कार्यवाट संस्थाको लक्षित वर्गले प्रत्यक्ष लाभ लिई आफ्नो जिवनमा सकरात्मक परीवर्तन भएको अनुभव व्यक्त गरेको पाईन्छ । संस्थाले निम्न क्षेत्रहरुमा आफ्नो सेवा प्रदान गर्दै आईरहेको छ । ति कार्य क्षेत्रहरु यस प्रकार छन :

- **लागुऔषध प्रयोगकर्ताहरूको उपचार तथा पुनर्स्थापना**: दुर्व्यसनीमा फसेका व्यक्तिहरूलाई परामर्श र सुधार गृहको माध्यमबाट नयाँ जीवन दिन मद्दत गर्ने।
- **एचआईभी/एड्स रोकथाम र चेतना**: एचआईभी संक्रमित, प्रभावित तथा जोखिमपूर्ण समूहहरूका लागि परीक्षण, परामर्श र सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।
- **एकीकृत सामुदायिक विकास**: सीमान्तकृत, गरिब तथा पिछडिएका समुदायको स्वास्थ्य, शिक्षा र जीविकोपार्जनमा सुधार ल्याउने।
- **विपद व्यवस्थापन तथा राहत**: बाढीपहिरो जस्ता प्राकृतिक विपत्तिमा परेका परिवारहरूलाई आकस्मिक राहत सहयोग उपलब्ध गराउने।

यस संस्थाको आ.व. २०८२/८३ को कार्यक्रमवाट लागुपदार्थ परामर्श उपचार तथा पुर्नस्थापना कार्यक्रमलाई दिगोरुपमा सञ्चालन गर्ने लक्ष्य लिई अन्य धेरै कार्यक्रमहरु स्थानिय सरकार, प्रदेश सरकार संग समन्वय गरी सहकार्य गर्ने आफ्नो प्रस्तावित कार्यक्रममा प्रतिवद्धता गरेको पाउदा यस रजत जयन्ति समारोह कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दछु ।

गोपालध्वज जंग खड्का
केन्द्रिय सदस्य तथा प्रदेश ईञ्चार्ज
गण्डकी प्रदेश
गैसस महासंघ नेपाल

गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेश
NGO Federation of Nepal
Gandaki Province

मिति: २०८३/०६/२०



शुभकामना

नौलो घुम्ती नेपालको २५ औं वार्षिकोत्सव तथा रजतजयन्ती यही २०८३/०६/२४ र २५ गते मनाउन गैरहेको सन्दर्भमा म हाल गैरसरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशमा अध्यक्षको जिम्मेवारीमा रहेको छु । मिति २०५३ जेठ १० गते स्थापना भएको नौलो घुम्ती नेपालको कार्यसमितिले संस्थापक सदस्य कोषाध्यक्ष तथा सल्लाहकार पदम राज पहारीलाई २५ औं वार्षिक उत्सव/रजत जयन्ती मनाउने सम्बन्धमा तथा नौलो घुम्ती नेपालको भवन पदम राज पहारी विराटज्ञान भवन निर्माण महासंघ २०६७ जेठ २० देखि २७ गते सम्मको अमेरिका बसोबास गर्दै आएका भुवन सिंह गुरुङबाट संयुक्त रुपमा भएको थियो ।

सो आयोजना गरिएको थियो । सो महायज्ञमा दस्तावेजको शिलालेख तथा २५ औं वर्षको उपलक्ष्यमा स्मारिका प्रकाशन गर्न समेतको जिम्मेवारी दिने निर्णय भए बमोजिम स्मारिका सम्पादन उपसमिति गठनमा वरिष्ठ पत्रकार तथा पूर्व अध्यक्ष विनोद खनालको संयोजकत्वमा तीन सदस्य उपसमिति रहेको छ । साथै शिलालेख, पुनः भवन निर्माणका प्राविधिक सल्लाहकार तथा हालका कार्य समिति सदस्य इन्जिनियर शारदा मोहन काफ्लेको संयोजकत्वमा कार्य सम्पन्न गर्न अगाडि बढेको छ ।

त्यसै गरी जति देश विदेशमा रहनु भएको गण्डकी प्रदेश, कास्की जिल्लामा रहेका सम्पूर्ण नेपालीहरुले भवन निर्माणमा सहयोग गर्नु भएकोमा मतदानदाताहरुको सम्मान गर्दै शिलालेख तथा स्मारिका प्रकाशन आदि कार्य गर्न साथै भवनको उद्घाटन समेत गर्न महत्वपूर्ण जिम्मेवारी दिनुभएकोमा सम्पूर्ण संस्थाका अध्यक्ष, पूर्वअध्यक्षहरु र हालको कार्यसमिति प्रति हार्दिक कृतज्ञता कायम गर्दछु ।

अहिले सम्म बाँकी रहेका जति कामहरु कार्यक्रम जुन हामीले पहिल्यै नै गरिसक्नु पर्दथ्यो ती सबै थाती रहेका कार्यहरु २०८३ साल वा यस वर्षको अधिवेशन तथा २५ औं साधारण सभा अघि अर्थात् २४ र २५ गते हुन गईरहेको छ । उक्त समारोह तथा कार्यक्रम गर्दै गर्दा नौलो घुम्ती नेपालले गरेको हाल सञ्चालन भएका कार्यक्रम, परियोजनाको साथै उपलब्धीहरुको के कस्ता रहेका छन् । यसको प्रभाव असर सामाजिक सेवाले नेपाल सरकारलाई कस्तो कस्तो र कति सहयोगी बन्न सक्यो आदिको पनि यसको सामग्रीले जोखिम तथा सामाजिक समीक्षा गरिने छ ।

साथै नौलो घुम्ती नेपालले के कस्ता सिकाइहरु सिक्न सफल भयो । आगामी दिनहरुमा कसरी अगाडि जाने हो यी सबै प्रश्न, सुझाव, सल्लाह तथा सहयोगलाई सम्मान गर्दै फेरि पनि दातृ संस्थाहरु प्रति विश्वास कायम राख्दै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारसँग के कस्तो सहयोग तथा योजनाहरु बनाएर भविष्यमा अझ बढी प्रभावकारिता विकासको साझेदारी सरकारवालाहरु संगको हातेमालो लक्षित समूहहरुमा व्यापकता हासिल गर्न सकोस् अनि म आफै पनि सकेसम्म तन मन धनले सामाजिक, बौद्धिक, भौतिक, आर्थिक, मानसिक सम्पूर्ण रुपमा सहयोग रहनेछ ।

मेरो जीवनको सामाजिक, सांस्कृतिक, मानवअधिकारको क्षेत्र जीवनमा सार्थक जीवन जिउन प्रदेशको स्रोत नै यही संस्था र संस्थाको नेतृत्वमा बाहेक साथीहरु, सल्लाहकारका साथीहरु, विभिन्न समयमा नेतृत्व सम्हालिसकेको कार्यसमितिहरु, विशेषत दिनरात जुनसुकै समयमा सकारात्मक तत्परता, इमान्दारी, विवेकशील सकारात्मक सोच राखी काम गरे को कर्मचारी साथीहरु जो अहिले यहाँ नभए पनि असाध्य माया, ममता, प्यारो आफ्नो दैनिक जीवनमा मागी सम्बन्ध कायम राख्ने सम्पूर्णमा हार्दिक सम्मान व्यक्त गर्दछु ।

अति स्मरण योग्य गुण लगाउनु भएका साथी प्रति विशेषत मेरो वा हाम्रो प्रिय मित्र कुशल कार्यक्रम व्यवस्थापक, समन्वयकर्ता सोमलाल ओझा तथा शुरुवात देखि नै अनन्य मित्र हरेक क्षण समय रातिविहान साँझ दिनरात सगै हुने राष्ट्रिय स्तरको सकारात्मक सोचको धनी संस्थापक सदस्य कार्यकारी निर्देशक मै लगातार १२ वर्ष सम्म नङ्गमासु जस्ता अजीव हाम्रा साथीहरु कार्यसमिति को होस् वा कर्मचारी साथीहरु छानेर सबैमा साथ साथै रहेका र नौलो घुम्ती परिवारले देशको सपना साकार गर्ने अति महत्वपूर्ण भूमिका खेल्नु नै अमित प्रभाव राख्ने रामप्रसाद सवाली सम्पूर्ण साथीहरु संस्थाहरु दाताहरु आमासमुहहरु नागरिक समाजका अगुवा व्यक्तित्वहरु, शैक्षिकवर्ग व्यवसायी वडा सरकारी संस्थाहरु पोखरा महानगरपालिका कास्की जिल्ला भित्रका गाउँपालिकाहरु कास्की बाहिर पश्चिमाञ्चलका जिल्लाहरु साथै हालको गण्डकी प्रदेश मधेश प्रदेश, वाग्मती प्रदेश लुम्बिनी प्रदेश जहाँ हाम्रा कार्यक्रमहरु संचालनभए र सफल गर्न सहयोग गर्नु भयो सबैमा म आफ्नो तर्फबाट नौलो घुम्ती नेपाल परिवार तर्फबाट हार्दिक आभार, धन्यवाद, कृतज्ञता ज्ञापन गर्दछु ।

पदमराज पहारी
अध्यक्ष
गैसस महासंघ नेपाल गण्डकी प्रदेश पोखरा

गैर सरकारी संस्था महासंघ नेपाल
NGO FEDERATION OF NEPAL

शुभकामना सन्देश नौलो घुम्तीलाई ।



गैरसरकारी संस्था महासंघ नेपाल कास्की जिल्ला शाखाको सदस्य सस्था नौलो घुम्ती नेपालले आफ्नो गौरवमय २५औ रजत जयन्तीको पावन अवसरमा स्मारीका प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछु ।

पच्चीस वर्षको यस गौरवशाली यात्रामा नौलो घुम्ती नेपालले एच आई भी संक्रमित तथा प्रभावीतहरुको रोकथाम तथा नियन्त्रण, स्वास्थ्य सरसफाई एकिकृत सामुदायीक बिकास, सुरक्षित आवास निर्माण,बाल संरक्षण,मानव अधिकार संरक्षणका साथै बिपन्न तथा सीमान्तकृत समुदायका लागि आय आर्जनका क्षेत्रमा पुर्याएको अतुलनीय योगदानको उच्च सम्मान गर्दछु ।

समाजका सबै भन्दा पछाडी पारिएका वर्गको आशा, सम्मान र आत्मनिर्भरताको उज्यालो छर्ने निश्वार्थ सेवा, समर्पण र प्रतिवद्धता साच्चै अनुकरणीय छ ।

यस ऐतिहासिक अवसरमा प्रकाशित हुन लागेको स्मारीकाले सस्थाको २५ वर्षे सघर्ष, उपलब्धि र सेवा यात्रालाई जीवन्त दस्तावेजको रूपमा संरक्षण गर्दै आउने पुस्ताका लागि प्रेरणा को श्रोत बन्ने छ भन्ने बिश्वास लिएको छु ।

संस्थाको उत्तरोत्तर प्रगति, समृद्धि संगठीत सुदृढीकरण र उज्ज्वल भविष्य को कामना गर्दछु ।

इन्दिरा पौडेल
अध्यक्ष
गैरसरकारी संस्था महासंघ नेपाल, कास्की जिल्ला शाखा, पोखरा ।

(A National Federation of NGOs in Nepal)
P.O.Box 7768, New Baneshwor Buddhanagar, Kathmandu ■ Phone: 977-1-4782908, 4781368
Fax: 977-1-4780559, E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org

नेपाल स्वास्थ्य व्यवसायी परिषद्

Nepal Health Professional Council

Established by Nepal Health Professional council Act.2053

(नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ बमोजिम स्थापित)

बंसबारी, काठमाडौं

च.नं. ..... प.सं. .....

मिति : २०८३/०६/०८

शुभकामना सन्देश

नौलो घुम्ती नेपाल (Naulo Ghumti Nepal) को २५औं वार्षिकोत्सव तथा रजत जयन्तीको सुखद अवसरमा संस्थाका सम्पूर्ण पदाधिकारी, कर्मचारी, शुभेच्छक, सहयोगी तथा सहकार्य गर्ने सम्पूर्णमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

विगत २५ वर्षदेखि समुदायसँगको अर्थपूण संलग्नता, स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि, HIV को रोकथाम तथा नियन्त्रण र समग्र स्वास्थ्य क्षेत्रमा नौलो घुम्ती नेपालले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय छ । विशेष गरी समुदायमा पुगेर स्वास्थ्य सम्बन्धी जानकारी र सेवाको पहुँच विस्तार गर्ने, जोखिममा रहेका तथा सीमान्तकृत समुदायसँग सहकार्य गर्ने र HIV सम्बन्धी भ्रम तथा लाल्छना तथा भेदभाव् न्यूनीकरण गर्दै सचेतना अभिवृद्धि गर्ने संस्थाका प्रयासहरूले समुदायको स्वास्थ्य र सामाजिक व्यवहारमा सकारात्मक योगदान पुऱ्याएका छ ।

नौलो घुम्ती नेपालको कार्यशैलीको महत्वपूर्ण पक्ष भनेको समुदायलाई कार्यक्रमको केन्द्रमा राख्दै समुदायसँगै काम गर्ने अभ्यास हो । स्थानीय आवश्यकता पहिचानदेखि स्वास्थ्य शिक्षा, जनचेतना, सेवा पहुँच र व्यवहार परिवर्तनसम्म समुदायको सहभागितालाई जोड दिँदै आएको संस्थाको प्रयासले यसको २५ वर्षे यात्रालाई अर्थपूर्ण बनाएको छ ।

सन् २०१३-२०१५ सम्म नौलो घुम्ती नेपालसँग आवद्ध भई कार्य गर्ने अवसर मेरा लागि पनि महत्वपूर्ण सिकाइ र अनुभवको अवधि रह्यो । त्यस अवधिमा समुदाय सँग प्रत्यक्ष रूपमा काम गर्ने अवसरले जन स्वास्थ्य र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमप्रतिको मेरो बुझाइ लाई थप समृद्ध बनाएको थियो ।

रजत जयन्ती केवल संस्थाको २५ वर्ष पूरा भएको उत्सव मात्र नभई, विगतमा समुदाय र स्वास्थ्य क्षेत्रमा पुऱ्याइएको योगदानलाई स्मरण गर्ने तथा आगामी यात्राका लागि नयाँ प्रतिबद्धता निर्माण गर्ने महत्वपूर्ण अवसर पनि हो।

यस विशेष अवसरमा नौलो घुम्ती नेपालको २५ वर्षे योगदानको उच्च प्रशंसा गर्दै, आगामी दिनमा पनि समुदायको स्वास्थ्य, स्वास्थ्य समानता, HIV रोकथाम तथा समग्र सार्वजनिक स्वास्थ्य प्रवर्द्धनमा संस्थाले अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दछु।

नौलो घुम्ती नेपाललाई २५औं वार्षिकोत्सव तथा रजत जयन्तीको हार्दिक बधाई एवं शुभकामना ॥

सगुन पौडेल
अध्यक्ष

Bansbari, Kathmandu, Nepal; Phone No.: +977-01-4373118, 4375079
E-mail: admin@nhpc.gov.np; Website: www.nhpc.gov.np

मितिः २०८३ असोज ५

INTERNATIONAL NEPAL FELLOWSHIP

शुभकामना सन्देश

पोखरा महानगर- १७, सीतापाइला कास्कीमा अवस्थित यस **नौलो घुम्ती नेपाल** (Naulo Ghumti Nepal) संस्थाको पच्चीसौं वार्षिक उत्सव तथा रजत वर्षको अवसरमा आई एन एफ नेपाल परिवारको तर्फबाट यहाँहरूलाई सर्वप्रथम धेरै बधाई दिन चाहन्छु । यस महत्वपूर्ण समयमा यहाँहरूले संस्थाको स्थापनामा आई एन एफ नेपालले निर्वाह गरेको भूमिकालाई स्मरण गर्दै, यहाँहरूले लामो समय देखि विभिन्न कारणले जान-अनजानवस् लागुपदार्थको लतमा फस्नुभएका दाजुभाइ तथा दिदीबहिनीहरूमाझ निकै प्रभावकारी ढंगबाट कार्य गरी उहाँहरूलाई समाज र परिवारमा पुनर्स्थापना हुन पुऱ्याउनु भएको योगदान निकै सराहनीय छ । पछिल्लो समयमा संस्थाका कार्यक्रममा थप विविधिकरण गरी समुदाय विकास, ग्रामीण क्षेत्रमा भौतिक संरचना निर्माण साथै विपद्मा अकस्मिक प्रतिकार्य तथा जोखिम न्यूनिकरणका क्षेत्रमा पनि वृद्धिहुँदै जानु भएको सन्दर्भमा आउँदा दिनमा थप उर्जाका साथ अझै लक्षीत समुदायका निम्ति प्रभावकारी ढंगबाट सेवा पुऱ्याउनु यहाँहरूलाई पर्याप्त मानव संसाधन, अन्य स्रोत साधन साथै थप उत्प्रेरणा मिलोस् भनी सफलताको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यहाँहरूको भविष्यका दिनहरू निरन्तर प्रगति तर्फ अग्रसर भएका होऊन् ।

आई एन एफ नेपालको तर्फबाट,

INTERNATIONAL NEPAL FELLOWSHIP

कृष्ण अधिकारी
कार्यकारी निर्देशक

Good Change for the World

Good Neighbors
International Nepal

Ref. no.: 137/2026

Date: 9/24/2026

CONGRATULATORY MESSAGE

Good Neighbors International Nepal extends its sincere congratulations and warmest wishes to Naulo Ghumti Nepal on the remarkable occasion of its 25th Anniversary (Silver Jubilee).

For the past 25 years, Naulo Ghumti Nepal has demonstrated steadfast commitment to serving communities, addressing local needs, and contributing to meaningful and lasting social change. This remarkable milestone is a testament to the organization's dedication, perseverance, and continued service to the people and communities it serves.

Our partnership with Naulo Ghumti Nepal, which began in 2016, has been an important part of this journey. Through our collaboration in implementing the Integrated Community Development Program, we have witnessed and valued Naulo Ghumti Nepal's commitment to working closely with communities and contributing to their development and well-being. Over the years, this partnership has been strengthened through shared efforts, mutual trust, and a common commitment to creating positive change at the community level.

As Naulo Ghumti Nepal celebrates this significant milestone, we hope the Silver Jubilee serves as both a celebration of its achievements and a source of renewed inspiration for the journey ahead. We look forward to seeing the organization continue to grow, innovate, and contribute to stronger, more resilient, and empowered communities.

On this special occasion, we extend our heartfelt congratulations to the Board, management, staff, partners, volunteers, and well-wishers of Naulo Ghumti Nepal. May the organization continue its journey of service and impact with renewed energy and purpose.

Warmest congratulations and best wishes for a successful and inspiring future.

M. Mainuddin Mainul
Country Director
Good Neighbors International Nepal
Kathmandu, Nepal

Congratulatory message on the auspicious occasion of the Silver Jubilee (25th Anniversary) of Naulo Ghumti Nepal

On behalf of FHI 360 Nepal Office, we extend our warmest congratulations to the leadership and the staff of Naulo Ghumti Nepal (NGN) on achieving your landmark 25th Anniversary .

For 25 years, NGN has played an important role in building a healthier society . We are proud of our long partnership and shared commitment to saving lives and improving health in Nepal .

Over the years, we have worked together to provide lifesaving HIV services . Through several major national HIV programs, we have helped expand access to life saving HIV services and save the lives of many people living with HIV .

We look forward to continuing our partnership and working together toward a future where HIV is no longer a public health threat . FHI 360 Nepal office wishes NGN continued success, growth, and lasting impact in the years ahead .

FHI 360 Nepal Office

RECOVERING NEPAL

National Network of People Who Use Drug & Drug Service Organization
Registered with HMG: CDO 632-061-062 Affiliated with Social Welfare Council: SWC 18077 Affiliated with International Network of People Who Use Drugs

Recovering Nepal
PO Box: 6744
Kathmandu, Nepal
Phone: +977-1-5521391
info@recoverinnepal.org.np
www.recoveringnepal.org.np

Recovering Nepal 2004

हार्दिक शुभकामना

लागु पदार्थ प्रयोग , मध्यपान दुर्व्यसन, एच.आई.भि. संक्रमणको रोकथाम तथा एचआईभी संक्रमितहरुको हेरचाह र उपचार , सामुदायिक विकास साथै सशक्तिकरण र वालवालिकाहरुको सर्वांगिण विकासको क्षेत्रमा कास्की जिल्ला लगाएत नेपालका विभिन्न जिल्लामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा निरन्तर २५ वर्ष देखि निरन्तर सेवा प्रवाह गरी रजत जयन्ती उत्सबमनाउन गईरहेको यस सुखद उपलक्षमा रिकभरिङ्ग नेपाल गण्डकी प्रदेश परिवार हार्दिक शुभकामना साथ आगामी दिनमा लक्षित सेवाग्राहीहरुलाई अझै गुणस्तरिय सेवा प्रवाह गर्न सकोस् भनी शुभेच्छा प्रकट गर्दछौं ।

RECOVERING NEPAL
Federation of PUD and Drug Service Organization

शिव न्यौपाने
अध्यक्ष

Pan No. 301522700

DAO Regd. No.: 1101/2002
Social Welfare Council Affiliated No.: 16038

COMMUNITY SUPPORT GROUP, NEPAL (CSG)
Pokhara

हार्दिक शुभकामना

लागु पदार्थ प्रयोग , मध्यपान दुर्व्यसन, एच.आई.भि. संक्रमणको रोकथाम तथा एचआईभी संक्रमितहरुको हेरचाह र उपचार , सामुदायिक विकास साथै सशक्तिकरण र वालवालिकाहरुको सर्वांगिण विकासको क्षेत्रमा कास्की जिल्ला लगाएत नेपालका विभिन्न जिल्लामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा निरन्तर २५ वर्ष देखि निरन्तर सेवा प्रवाह गरी रजत जयन्ती उत्सवमनाउन गईरहेको यस सुखद उपलक्षमा कम्युनिटी सर्पो ग्रुप नेपाल परिवार हार्दिक शुभकामना साथ आगामी दिनमा लक्षित सेवाग्राहीहरुलाई अझै गुणस्तरिय सेवा प्रवाह गर्न सकोस् भनी शुभेच्क्षा प्रकट गर्दछौं ।

दिलिप गुरुङ्ग
कार्यकारी निर्देशक
कम्युनिटी सर्पो ग्रुप नेपाल परिवार
E: csgpokhara2002@gmail.com T: 977 61 589903

CSG
Anupam Marga – Street No.: 24
Naya bazar . Pokhara
E: csgpokhara2002@gmail.com
T: + 977 – 61 589903

अध्यक्षको मन्तव्य



✍ सुरेन्द्र थापा क्षेत्री

नौलो घुम्ती नेपालको रजत जयन्ती तथा भवन उद्घाटनको यो सुनौलो अवसरमा म सबैभन्दा पहिला यो संस्थालाई यहाँ सम्म ल्याउनु हुने संस्थापक तथा अग्रज महानुभावहरू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। सन् १९९५ मा इन्टरनेसनल नेपाल फेलोसिप (INF) अन्तर्गत एउटा परियोजनाको रुपबाट सुरु भएको यो संस्थाले सन् २००२ मा आफ्नै व्यवस्थापनमा जिल्ला प्रशासन कार्यालय कास्कीमा स्वतन्त्र संस्थाको रूपमा नौलो घुम्ती नेपालको जन्म हुन पुग्यो। तत्पश्चात् मुख्य तीन क्षेत्रमा हामीले काम गर्न थाल्यौ।

» दुर्व्यसन र उपचार तथा पुरस्थापनाः लागु औषध प्रयोगकर्ताहुरुका लागि परामर्श उपचार र पुन स्थापना केन्द्र (CTRC) सञ्चालन।

» एच.आइ.भी / एडस (HIV/AIDS) रोकथामः एच आइ भी तथा यौनरोग (STI) परीक्षण, रोकथाम, सचेतनाका कार्यक्रमहरू।

» सामुदायीक विकासः सीप-विकास तालिम, आपत-कालिन राहत विवरण र समुदाय स-शक्तिकरण कार्यक्रमहरू।

सुरुका दिनमा दुर्व्यसन तथा एच.आइ.भी /एडस (HIV/AIDS) रोकथाम उपचार र पुनःस्थापनाको साझा उद्देश्यको साथ अगाडी बढेको हाम्रो यात्रा अहिले गाउँमा सीप, विकास र शिक्षा स्वास्थ्य तथा झोलुङ्गे पुल निर्माण सम्मको यात्रामा हामी समर्पित छौं। विगत २५ वर्षको चुनौती र अवसरले हामीलाई अझ सशक्त बनाएको छ। दुर्व्यसन कुनै एक व्यक्ति को मात्र समस्या होइन, यो सामाजिक समस्या हो। त्यसैले सरकार, स्थानीय तह, स्वास्थ्य क्षेत्र सामाजिक संघ-संस्था परिवार र समुदाय बीच सहकार्यको खाँचो उत्तिकै छ। आगामी दिनमा नौलो घुम्ती नेपालले उक्त सेवा प्रभावकारी बनाउँदै पुनःस्थापना, सीप विकास परिवारसँग पुनःएकीकरण सामाजिक स्वीकार्यता र आत्मनिर्भता मा विशेष जोड दिनेछौ। परिवर्तित समयमा हाम्रा सेवाहरूलाई प्रविधि मैत्री र अझ सशक्त बनाउनु पर्नेछ।

हामीले भवन सम्पन्न भई सकेपछि पनि प्राविधिक कारणले यथा समयमा भवन उद्घाटन गर्न कठिनाई पऱ्यो। साथै भवन निर्माणमा सहयोग गर्नु हुने दान वीर महानुभावहरूको नाम समयमा नै सार्वजनिक गर्न सकेनौं।

यस प्रति म संस्था को तर्फबाट क्षमा प्राथी छु। ढिलै भएपनि हामीले हाम्रो कर्तव्य निर्वाह गरेका छौं। नौलो घुम्ती नेपालको भवन निर्माणको लागि महायज्ञको आयोजना गरिएको कुरा यहाँहरूलाई जानकारी नै छ। उक्त महायज्ञमा अहोरात्र खट्नु हुने आदरणीय व्यक्तित्वहरू, दिल फुकाएर सहयोग (चन्दा दान) गर्नु हुने समस्त सहयोगी मन हरूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। तपाईहरूको अमुल्य योगदानलाई हामीले कहिल्यै बिर्सने छैनौ। तपाईहरूको साथ, सहयोग, विश्वास र सदभावले यो भवन बन्न सफल भएको छ। अर्को तर्फ दुर्वयसनबाट उपचार पाई घर फर्कने हजारौं यो देशका सचेत नागरिकहरू र उनका घर परिवार, तपाईहरूलाई आशिर्वाद प्रदान गरिरहेको हुनेछन्।

अन्त्यमा नौलो घुम्ती नेपाललाई २५ वर्षे यात्रामा आफ्नो अमूल्य योगदान प्रदान गर्दै नेतृत्व गर्नुहुने संस्थाका संस्थापकहरू अध्यक्ष प्रेम बहादुर श्रेष्ठ, पूर्व अध्यक्षहरू सुरेन्द्र गौतम, इन्दिरा बराल, पदम पहारी, मेहरमान श्रेष्ठ, खड्क बहादुर रानाभाट, योगराज पौडेल, वद्री विनोद खनाल (प्रतीक) तथा यस संस्थाका पूर्व कार्यक्रम व्यवस्थापक सोमलाल ओझा, कार्यकारी निर्देशकहरू राम प्रसाद ज्ञवाली, शिवराज शर्मा, राम सरण सेढाई, नारायण पौडेल प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै नौलो घुम्ती नेपालको आजीवन पूर्व तथा वर्तमान सदस्यहरू, कर्मचारी, पदाधिकारी, स्वयंसेवक, शुभेच्छुक, सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि एवं सम्पूर्ण समुदाय प्रति हार्दिक सम्मान तथा आभार व्यक्त गर्दछु।

प्रकाशकीय

नौलो घुम्ती नेपालको स्थापनाको पच्चिसौ वर्ष पुगेको अवसरमा यो स्मारिका प्रकाशन गर्न पाउँदा हामीलाई धेरै खुशी लागेको छ।

२५औं वार्षिकोत्सवको अवसरमा वृक्षारोपण, २५ वर्षको समीक्षा, एचआईभी संक्रमित बालबालिकालाई शैक्षिक सहयोग, पूर्व लागुपदार्थ प्रयोगकर्तासँग छलफल, प्रहरी तथा सञ्चारकर्मीसँग अन्तरक्रिया, रक्तदान, नर्सिग कलेजका विद्यार्थी लाई एचआईभि एडस संवन्धी अभिमुखी कार्यक्रम साथै विद्यालय स्तरीय लागुऔषध समवन्धी अभिमुखी कार्यक्रम सम्पन्न गरिएको छ । भोटेकोशी त्रिशुली क्षेत्रमा हालै गएको अकल्पनीय वाढीवाट विपतमा परेका हरूलाई घटनास्थलमै पुगेर राहत सहयोग गरिएको, साथै विभिन्न विद्यालयहरूमा पुगेर शैक्षिक सामग्री वितरण, र स्मारिका प्रकाशन जस्ता कार्यक्रमहरू आयोजना गर्ने निर्णय गरेका थियौं । सोही अनुसार कार्यसमिति, आजीवन सदस्य र कर्मचारीहरूको सक्रियतामा हामी पच्चिसौ वर्षलाई उत्सवको रूपमा मनाइरहेका छौं । यस सुखद घडीमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

विगत २५ वर्षमा नौलो घुम्ती नेपालले लागुपदार्थ तथा एचआईभी/एड्स रोकथाम, उपचार र पुनर्स्थापनाको क्षेत्रमा उल्लेख्य काम गरेको छ । हजारौं युवा-युवती लाभान्वित भएका छन् भने लाखौंले यस विषयमा जानकारी पाएका छन् । प्रयोगकर्ता र संक्रमितप्रतीको सामाजिक दृष्टिकोण, विभेद र दुर्व्यवहार अन्त्य गरी उनीहरूको मानव अधिकार स्थापित गर्न हामीले निरन्तर बहस र पैरवी गर्दै आएका छौं ।

साथै, पश्चिमाञ्चलका अधिकांश जिल्लाका विपन्न, महिला तथा सिमान्तकृत समुदायका लागि शिक्षा, स्वास्थ्य, आयआर्जन, सरसफाइ, झोलुगेपूल निर्माण जस्ता कार्यक्रम मार्फत जीवनस्तर सुधारमा समेत संस्थाले अनुकरणीय भूमिका खेलेको छ। संस्थागत विकासतर्फ आफ्नै साढे ३ रोपनी जग्गामा साढे ३ तले परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रको भवन निर्माण गरी हाम्रा धेरै जसो कामहरू सहजताका साथ पुरा गरेका छौ ।यो हाम्रो ठूलो उपलब्धि हो ।

यो स्मारिका हाम्रा २५ वर्षका प्रयासहरूको अभिलेख हो । लेख, रचना र कविता दिएर सहयोग गर्नुहुने सम्पूर्ण स्रष्टा, शुभचिन्तक, पत्रकार र स्थानीय समुदायप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।सम्पादनको कार्यमा अहोरात्र खटेर कार्यगर्नु भएका प्रधान सम्पादक, कार्यकारी सम्पादक र सम्पादकहरूको साथै व्यवस्थापन सम्पादक प्रति धन्यवाद सहित आभार व्यक्त गर्दछौ ।

विषय सूचि

क्र.सं.	शीर्षक	लेखक	पेज नं.
१	रजत महोत्सव कस्को ? नौलो घुम्ती नेपाल को	प्रेम बहादुर श्रेष्ठ	१
२	नौलो घुम्तीमा सेवा गर्दाको अनुभूति	इन्दिरा बराल	३
३	मेरो सामाजिक सेवाको जग नौलो घुम्ती नेपाल	पदम राज पहारी	६
४	पहिलेको मिम अस्पताल र अहिलेको नौलो घुम्ती नेपाल - भाग २	मेहरमान श्रेष्ठ	१३
५	मेरो यात्रा : खेल मैदानदेखि सामाजिक सेवा र नेतृत्वसम्म	खड्ग बहादुर रानामाट	१८
६	नौलो घुम्ती नेपालको गौरवमय २५ वर्षे यात्रा : संस्थापकको प्रतिबिम्ब	योगराज पौडेल	२२
७	नौलो घुम्ती नेपालमा जोडिएको नाता	बद्रीविनोद खनाल (प्रतीक)	२६
८	पोखरा उपत्यकाको सहरी विकास योजना	ई. शारदा मोहन काफ्ले	३०
९	अनुभूति र स्मृति	नारायण प्रसाद पौडेल	३६
१०	मैले पाएको नौलो घुम्ती नेपाल	ढुण्डीराज ज्ञवाली	३९
११	मेरो बुझाईमा नौलो घुम्ती नेपाल	राम प्रसाद सुवेदी	४१
१२	नौलो घुम्ती नेपालसँगको मेरो अविस्मरणीय यात्रा	राम प्रसाद ज्ञवाली	४२
१३	नौलो घुम्ती स्थापना कालका शुरूवाती दिनहरु	सोमलाल ओझा	५०
१४	नौलो घुम्ती नेपालको २५ वर्षको सेवा, साझेदारी र रूपान्तरणको यात्रा	अनेश गुरूङ	५४
१५	मेरो स्मरणमा नौलो घुम्ती नेपाल	मना श्रेष्ठ ज्ञवाली	६१
१६	मैले "बुझेको" नौलो घुम्ती नेपाल (NGN)	दीपेन्द्र श्रेष्ठ	६५
१७	३ दशक पहिलेका इतिहासका पानाहरु	प्रकाश परियार	७१
१८	एचआईभी परीक्षण मार्गदर्शन	सरद कुमार धिताल	८३
१९	नौलो घुम्ती नेपाल : मेरो यात्रा, सिकाइ र गौरव	तुल बहादुर रानाभाट	८९
२०	अन्तराष्ट्रिय मानवीय सहायता, नेपाल र नौलो घुम्ती	आरोग्य मोहन काफ्ले	९४
२१	सफलताको कथा	होमराज (सेवार्थी)	९९
२२	वर्षको समर्पण मानव सेवामा नौलो घुम्तीको संगको यात्रा	बलराम गिरी	१००
२३	नौलो घुम्ती नेपालले विगतमा सफतापूर्वक सम्पन्न गरेका परियोजनाहरु		१०२

२४	नौलो घुम्ती नेपालका हाल संचालित कार्यक्रमहरु		१२०
२५	**PROJECT HISTORY AND FUNDING PARTNERS OF NAULO GHUMTI NEPAL**		१२५
२६	संस्थाको कार्यक्षेत्र		१३१
२७	संस्थाका २५ वर्ष मुख्य उपलब्धीहरु अङ्कमा		१३२
२८	बिराट ज्ञान महायज्ञ कार्यक्रमको कार्यविधि		१३३
२९	महायज्ञमा सहयोग गर्ने दानवीरहरू तथा तत्कालिन कार्यसमिति लगायत विभिन्न उपसमितिको नामावली		१३४
३०	नौलो घुम्ती नेपालमा हाल कार्यरत कर्मचारीहरुको नामावली		१४९
३१	नौलो घुम्ती नेपालमा पूर्व कार्यरत कर्मचारीहरुको नामावली		१५१
३२	संस्थाका हालसम्मका कार्यसमितिका पदाधिकारीहरु		१५७
३३	संस्थाका हालसम्मका कार्यकारी निर्देशकहरू		१७०
३४	संस्थाका गतिविधि झल्किने केही तस्विरहरु		१७१
३५	संस्थाले प्राप्त गरेका प्रशंसा तथा कदरपत्रहरू		२०७
३६	संस्थाले प्रकाशन गरेका सूचनामूलक बुलेटिन तथा पोस्टरहरू		२११
३७	पत्र-पत्रिकामा नौलो घुम्ती नेपाल		२१५
३८	श्रद्धाञ्जली		२२०
	वार्षिक प्रतिवेदन २०८२/८३		
३९	महासचिवको प्रतिवेदन	कमल प्रसाद अर्याल	२२२
४०	नौलो घुम्ती नेपालको संक्षिप्त परिचय		२२८
४१	लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रम		२३०
४२	एकीकृत सामुदायिक विकास परियोजना		२३७
४३	ईपिक नेपाल परियोजना		२६१
४४	समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम		२६४
४५	संस्थागत कार्यक्रमहरु		२६९
४६	आगामी वर्ष २०८३/०८४ का लागि प्रस्तावित कार्यक्रमहरु		२७३
४७	अनुसुची १ कार्यसमिति तथा आजीवन सदस्यहरूको नामावली		२७४
४८	अनुसुची २. बिभिन्न समितिका विवरण		२७७
४९	कोषाध्यक्षको आर्थिक प्रतिवेदन	कमला पौडेल	२८१

वार्षिक प्रतिवेदन

२०८२/८३

महासचिवको प्रतिवेदन



कमल प्रसाद अर्याल
महासचिव

नौलो घुम्ती नेपालका अध्यक्ष एवं यस सभाका अध्यक्ष ज्यू,

नौलो घुम्ती नेपालको रजत जयन्ती, २५ औं वार्षिक साधारण सभा तथा १३ औं अधिवेशन एवं सामाजिक परीक्षणमा पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, संस्थापक अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सल्लाहकारज्यूहरू, उपाध्यक्षज्यूहरू, कार्यसमितिका मित्रहरू, आजीवन सदस्यज्यूहरू, कार्यकारी निर्देशक ज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरू, पत्रकारज्यूहरू र उपस्थित अन्य महिला तथा सज्जन वृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु।

सन् १९९५ देखि परियोजनाको रुपमा परिचित नौलो घुम्ती नेपाल सन् २००२ मा एक गैर सरकारी सामाजिक संस्थाको स्वरुप लिई "नौलो घुम्ती नेपाल" नामले स्थापित हुन पुग्यो । स्थापनाको समयमा लागुपदार्थ प्रयोगकर्ताको आवासीय उपचार गर्ने केन्द्रको रुपमा रहेको र सोही बमोजिम आफ्ना कृयाकलाप सञ्चालन गर्दै आएकोमा सन् २००३ देखि आफ्नो कार्यक्षेत्र विस्तार गर्दै अगाडि वढ्दै भएको छ।

सन् २००६ मा कार्यक्रमिक तथा भौगोलिक क्षेत्रहरू विस्तार गर्नुका साथै यसलाई संस्थागत बनाउन सफल भई सकेको छ। वर्तमान समयमा संस्थाले आफ्नो उद्देश्य अनुसारका विविध कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। शिक्षा, स्वास्थ्य, बाल संरक्षण, खेलकुद, जीविकोपार्जन, झोलुङ्गेपुल निर्माण, शान्ति, सुशासन, मानव अधिकार र वातावरण संरक्षण जस्ता मुख्य कार्यक्रमिक विषय र सामाजिक समावेशीकरण, लैङ्गिक समानता र क्षमता अभिवृद्धिलाई साझा सरोकारको विषय बनाई सोही अनुसार कार्यक्रमहरू निर्देशित गरिएको छ। स्थापनाको समयमा लागूपदार्थ, एचआईभी र एड्सको क्षेत्रलाई कार्यक्षेत्र मानी कार्यरत रहेकोमा आजको दिनसम्म आई पुग्दा नेपालको समग्र मुलुकको विकासमा योगदान पुऱ्याउने एक प्रतिष्ठित सामाजिक संस्थाको रुपमा परिचित बनेको छ।

लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्रलाई स्थायित्व दिन तथा संस्थाका प्रशासनीक तथा व्यवस्थापकीय कार्यहरूलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न २०७० सालमा श्रीमद्भागवत विराट ज्ञान महायज्ञ आयोजना गरी सामाजिक ब्यक्तित्व र संघ संस्थाहरूको अमूल्य योगदान र सहयोगमा पोखरा-१७ सीतापाईलामा निर्मित आफ्नै भवनबाट प्रशासनीक कार्यका साथै महिला लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्र संचालित रहेको छ। उक्त भवनको आज विविध उद्घाटन गर्ने दाताहरूको नामावली सहितको शिला लेख स्थापना गरिएको छ। यसलाई हामीले गौरवशाली कार्यको रुपमा लिएका छौं।

संस्थाले कार्यक्रम विस्तारको हिसावले Good Neighbour International (GNI) को आर्थिक तथा प्राबिधिक सहयोगमा कास्की जिल्लाका साविकका ५ गाबिसहरू (हाल मादी गा.पा ८,९,१० र ११; अन्नपूर्ण गा.पा ४,६ र ७ माछापुच्छ्रे गा.पा ६,८ र ९ तथा पोखरा महानगरपालिका वडा नं. २३ मा शिक्षा तथा बाल संरक्षण, स्वास्थ्य तथा सरसफाई, जीबिकोपार्जनलाई केन्द्रित गरी एकिकृत सामुदायीक विकास कार्यक्रम बिगत सन् २०१६ देखि निरन्तर रुपमा सञ्चालन भैरहेको छ।

त्यसैगरी कास्की र मनाङ्ग जिल्ला स्थानीय पालिकाहरूको आर्थिक सहयोग र सहकार्यमा झोलुङ्गेपुल निर्माण कार्यक्रम सञ्चालन भैरहेको छ। संयुक्त राज्य अमेरिकी सरकार (United States Government) को सहयोगमा इपिक नेपाल परियोजना सन् २०२० अक्टोवरदेखि सञ्चालन भईरहेको छ।

यस आर्थिक वर्षमा संस्थाले सम्पन्न गरेका प्रमुख उपलब्धी तथा सञ्चालनमा रहेका कार्यक्रमहरूको संक्षिप्त विवरण उल्लेख गर्न चाहन्छु।

यस वर्षमा भएका प्रमुख उपलब्धीहरू :

» लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रमा गत वर्ष सम्म ३,०५० जना पुरुष र ८७१ महिला सहित ३,९२१ जनाले आवासीय सेवा प्राप्त गरिसकेका छन् भने यस आर्थिक वर्षमा महिला तर्फ ९४ जना र पुरुष तर्फ १२८ जना गरी जम्मा २२२ जना जनाले आवासीय सेवा प्राप्त गरेका छन्।

» संयुक्त राज्य अमेरिकी सरकारको सहयोगमा नौलो घुम्ती नेपालद्वारा कास्की, तनहुँ र बाग्लुङ जिल्लामा संचालित इपिक नेपाल परियोजनाको अनुगमन अमेरीकी राजदुत डिन आर थम्पसनद्वारा मिति २०८३ मंसिर ०३ मा सम्पन्न भएको छ।

» जिल्ला स्तरीय अन्तर पुनस्थापना केन्द्र टेबुलटेनिस प्रतियोगिता पोखरा रङ्गशालामा सम्पन्न भएको छ।

» २०८३ जेठ १६ गते संस्थाको वार्षिक वनभोज कार्यक्रम पोखरा-२०, भलाम, डाँडागाउँमा सम्पन्न भयो।

» नौलो घुम्ती नेपालमा सहारा यूके तथा तमु धीं यूकेको सहयोगमा पुनर्निर्माण गरिएको किचन तथा डायनिङ हलको मिति २०८२ फाल्गुण ९ गते तमु धीं यूकेका उपाध्यक्ष श्री कमल गुरुङ ज्यूबाट उद्घाटन सम्पन्न भयो।

» रजत जयन्ती तथा२५औँ वार्षिकोत्सवको अवसरमा संस्थाले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवाको भावनालाई अभिवृद्धि गर्ने उद्देश्यले २०८३ भदौ १५ गते पोखराको मानव अधिकार चोकमा खुला रक्तदान कार्यक्रम आयोजना गरियो ।

» संस्थाले हालै आएको विनाशकारी भोटेकोशी बाढीबाट प्रभावित रसुवा जिल्लाको उत्तरगया गाउँपालिका-१, २ र ३ का ३० घर परिवार (करिब १८० जना) लाई खाद्यान्न, भान्साका सामग्री, कम्बल तथा सरसफाइ सामग्रीसहित कुल रु. ४,२४,४७० ।०० बराबरको राहत सामग्री हस्तान्तरण गरेको छ ।

» शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रम अर्न्तगत ९५१ जना विद्यार्थी, ४२ विद्यालय, ६ सहकारी संस्था, २ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ६ स्वास्थ्य चौकी, ३ आधारभुत स्वास्थ्य सेवा केन्द्र र ३ सामुदायीक स्वास्थ्य इकाईमा सेवा उपलब्ध गराइएको छ ।

» ICT in Education मार्फत विद्यालयहरूको शैक्षिक तथा भौतिक स्तरोन्नतिका लागि यस वर्ष २ विद्यालहरूमा स्मार्ट बोर्ड जडान भई नियमित शिक्षण सिकाई क्रियाकलापहरू सञ्चालन हुँदै आइरहेको छ ।

» विद्यालयहरूको शैक्षिक तथा भौतिक स्तरोन्नतिका साथै शैक्षिक क्रियाकलापलाई बालमैत्री तथा सुशासन युक्त बनाउने हेतुले परियोजना मार्फत यस वर्ष ५ विद्यालयका ३७ वि.व्य.स. तथा शि.अ.सं.का पदाधिकारीहरूको उपस्थितीमा १ दिने क्षमता विकास तालिम सम्पन्न गरियो ।

» विद्यालयको परिणामलाई थप स्तरीय र सुधारोन्मुख बनाउने उद्देश्यका साथ मादी गाउँपालिका र अन्नपूर्ण गाउँपालिकामा शिक्षा विकास तथा समन्वय ईकाइ, कास्कीको सहकार्य तथा सहजिकरणमा एवम् २४ विद्यालयका ४२ प्रधानाध्यापक र वि.व्य.स. का पदाधिकारीहरूको उपस्थितीमा १ दिने कार्यक्रम सञ्चालन गरियो ।

» बाल अधिकारको सुनिश्चितता, बाल संरक्षण र बाल विवाह रोकथामका लागि समुदाय स्तर बाटै विभिन्न पैरवी तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा मादी गा.पा.को वडा ८, ९, १० र ११ गरी ४ वटै वडाहरूमा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिम वडा स्तरीय बाल अधिकार समितिको पुनर्गठन गरिएको छ ।

» मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाको समन्वयमा यस वर्ष कुल ९५१ जना प्रायोजित बालबालिका र १,८३६ जना गैरप्रायोजित बालबालिकाले सामान्य स्वास्थ्य परीक्षण सेवा प्राप्त गरेका छन् ।

» ४ जना प्रायोजित बालबालिकाहरूले स्थानीय पालिकाहरूको सीफारिसमा जिल्लामा महत्वपूर्ण उपचार सहायता प्राप्त गरेका छन् ।

» ७ वटा विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन (MHM) कक्ष स्तरोन्नति भएको छ।

» १० जना प्रायोजित बालबालिकाका परिवारलाई शौचालय मर्मत तथा निर्माणका लागि सहयोग प्रदान भएको छ।

» १८ जना प्रायोजित बालबालिकाका घर मर्मतसम्भारका लागि सहयोग भएको छ।

» कास्कीका ४२ सामुदायीक विद्यालयमा अध्ययन गर्ने ८२३ बालबालिकाहरूलाई एक शैक्षिक सत्रका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, विद्यालय पोशाक समेत प्रदान गरिएको छ। यस वर्ष SEE उत्तीर्ण गर्ने १२८ विद्यार्थीलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराइएको छ।

» जीवीकोपार्जन कार्यक्रम अर्न्तगत ६० अगुवा कृषकहरूलाई प्राकृतिक खेती तालिममा आवद्ध गर्दै ६०० जना कृषकलाई प्राकृतिक खेतीका लागि आवश्यक बिउ विजन तथा कृषि सामग्री सहयोग भएको छ।

» परियोजनाद्वारा ६ वटा सहकारीमा हाल सम्म १ करोड ३८ लाख २१ हजार नौ सय ३७ रुपैंया घुम्तीकोष रकम प्रदान गरिएको छ। जसबाट ४९५ घरपरिवारहरू व्यवसायिक उद्यममा आबद्ध भएका छन्।

» ६ वटा विद्यालयहरूमा जलवायुमैत्री विद्यालय करेसाबारी कार्यक्रम सञ्चालन भएको छ।

» सहकारी ब्यवसाय विकास तथा क्षमता अभिबृद्धिका लागि १६ लाख ३० हजार बराबरको सामग्रि तथा मोपेड मर्दी बराह महिला विकास बचत तथा ऋण सहकारी, माछापुच्छ्रे गाँउपालिका ८, लुम्रे र कान्छी बराह महिला विकास बचत तथा ऋण सहकारी अन्पूर्ण गाँउपालिका ६, लुम्लेमा सहयोग भएको छ।

» माछापुच्छ्रे गाउँपालिकाका १८ जना प्रायोजित परिवारलाई पशुपालन अभ्यास सुदृढ तथा घरपरिवारको जीविकोपार्जनको अवसर सुधार गर्न गोठ सुधार सहयोग प्रदान गरियो।

» ३७ प्रायोजित परिवारलाई घरायसी करेसाबारी स्थापना तथा सुदृढीकरणका लागि सहयोग प्रदान गरियो।

» माछापुच्छ्रे गाउँपालिकाका २० प्रायोजित परिवारलाई कुखुराको खोर, चल्ला तथा दाना उपलब्ध गराउनुका साथै पशुपालन सम्बन्धी संरचना सुधार गर्न सहयोग गरियो।

» संस्थाले कास्की जिल्लाका बिभिन्न ठाउँमा ६९ र मनाङ्ग जिल्लामा ८ वटा गरी कुल ७७ वटा झोलुङ्गे पुलहरू निर्माण सम्पन्न गरीसकेको मध्ये सो यस आर्थिक वर्षमा मात्र ५ वटा झोलुङ्गे पुलहरू निर्माण सम्पन्न गरेको छ। कास्की र मनाङ्ग जिल्ला गरेर ३ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छ। साथै अन्य झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ।

» यस वर्ष ५६३ जना एचआईभीको जोखिममा रहेका ब्यक्तिहरूलाई एचआईभीको परीक्षण र ५३ जना नयाँ संक्रमितहरूलाई एआरटीको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल (हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा रेफर गरिएको छ।

» २९६ जनाको यौनरोग परीक्षण गरिएको छ भने १०० जनाको यौन रोगको निदान र ४५ जनाको यौन

रोगको उपचार सेवा प्रदान गरिएको छ।

» ४१४ जनालाई समुदायस्तरमा हेरचाह तथा काउन्सिलिङ सेवा प्रदान गरिएको छ।

यस वर्ष भए गरेका परियोजनागत बिस्तृत गतिविधिहरू, उपलब्धिहरू, समस्या र चुनौतिहरू, सिकाईहरू र सफलताका कथाहरू हाम्रो वार्षिक प्रतिवेदनका विभिन्न खण्डहरूमा उल्लेखित गरिएको छ। यहाँहरूले सो प्रतिवेदन अध्ययन गरी सुझाव दिनुहुनेछ भन्ने विश्वास लिएको छु।

संस्थाले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न साझेदार संस्थाहरूको साझेदारीमा संचालित परियोजनाहरूको विस्तृत विवरण यस प्रकार रहेको छ।

१. लागु औषध तथा मद्यपान परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम - नेपाल भरी, नौलो घुम्ती नेपालको आन्तरिक स्रोतबाट सञ्चालित - सन् २००२ देखि हालसम्म,

२. EpiC Nepal Project कास्की, तनहुँ र बाग्लुङ्ग जिल्ला सहयोगी संस्था (संयुक्त राज्य अमेरिकाको सरकार (United States Government) तथा साझेदार संस्था FHI 360 - सन् २०२० देखि २०२७ सम्म,

३. समुदायको लागि झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की र मनाङ्ग - सहयोगी संस्था स्थानीय सरकार, कास्की र मनाङ्ग - सन् २०१५ देखि २०२८ सम्म,

४. एकीकृत सामुदायीक बिकास परियोजना, कास्की- सहयोगी संस्था - Good Neighbors International (GNI) - सन् २०१६ नोभेम्बर देखि २०२६सम्म,

समाज कल्याण परीक्षद, गृह मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय तथा अन्य सरकारी निकाय, स्थानीय निकाय, US Government -EpiC Nepal Project, FHI 360, Good Neighbor International, Nepal (GNI), ITTF Foundation, गैर सरकारी संस्था महासंघ लगायत विभिन्न सरोकारवाला निकायहरूबाट यस संस्थाद्वारा संचालित विविध परियोजना तथा कार्यक्रमहरूको अनुगमन मुल्यांकन गरी संस्थालाई प्राप्त सल्लाह सुझावको लागि आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि संस्थाको विकासको लागि निरन्तर सल्लाह र सुझावको अपेक्षा राख्दछौं।

अन्त्यमा संस्थाको २५ औं रजत जयन्ती समारोहमा शुभकामना ब्यक्त गर्नुहुने तथा यस संस्थाका गतिविधिहरूलाई प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने यस संस्थाका संस्थापक ज्यूहरू, नेपाल सरकार, प्रादेशीक सरकार, स्थानीय सरकार, स्वास्थ्य निर्देशनालय, पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल), जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला समन्वय समिति कास्की, स्वास्थ्य कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण

गाउँपालिका, मादी गाउँपालिका र मनाङ्ग जिल्लाका चामे गाउँपालिका, नार्पाभूमी गाउँपालिका, डिस्याङ गाउँपालिका लगायत विभिन्न सरकारी निकायहरू, दातृ निकायहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, स्थानीय निकाय, सेवार्थीहरू र तथा उनका परिवारजनहरू, लाभान्वित समुदाय, कार्यसमितिका साथीहरू, सल्लाहकार ज्यूहरू, कर्मचारी साथीहरु साथै नागरिक समाज सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद !

नौलो घुम्ती नेपालको संक्षिप्त परिचय

नौलो घुम्ती नेपाल सन् २००२ मा नेपाल सरकारको संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय, कास्की मा दर्ता भई स्थापित भएको राष्ट्रिय स्तरको गैर सरकारी सामाजिक संस्था हो । यस संस्था समाज कल्याण परीक्षद्मा आवद्धता र गृह मन्त्रालय अन्तर्गत लागु औषध नियन्त्रण महाशाखामा पनि आबद्धता रहेको छ । संस्थाले USAID/FHI 360, WHO, UNODC, UNDP, MDM, British Embassy, European Union, UCN, PCN, ICCO, KiA, WWF, UNHABITAT, LGAF, VSO, Good Neighbors International Nepal and ITTF Foundation, Sahara UK, Tamu Dhee UK जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको साझेदारी मार्फत लागु औषध नियन्त्रण, HIV/AIDS रोकथाम, सामुदायीक विकास, शिक्षा तथा खेलकुद, आयआर्जन, स्वास्थ्य तथा सरसफाई, झोलुङ्गे पुल निर्माण, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, वाल संरक्षण र मानवअधिकारको क्षेत्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गरेको छ। यसले नेपालका २५ भन्दा बढी जिल्लाहरूमा परियोजना सफलता पूर्वक सञ्चालन गरी समुदायमा व्यापक पहिचान र विश्वास हासिल गरेको छ । संस्थाले यी साझेदारीहरूको माध्यमबाट लक्षित समुदायमा पहुँच विस्तार गरेको छ, सुशासन र जवाफदेहिता कायम गर्दै प्रशासनीक दक्षता तथा कार्यक्रम सञ्चालन क्षमतामा विकास गरेको छ र सेवाहरूको प्रभावकारिता सुनिश्चित गर्दै आएको छ ।

नौलो घुम्ती नेपालको परिकल्पना, ध्येय, लक्ष्य, उद्धेश्यहरू :

परिकल्पना (Vision):

नौलो घुम्ती नेपाल यस्तो समतामूलक र समावेशी समाजको परिकल्पना गर्दछ, जहाँ प्रत्येक नागरिकले स्वास्थ्य, शिक्षा, न्याय, समानता, शान्ति र समृद्धिका समान अवसरहरू प्राप्त गरी मर्यादित तथा सम्मानित जीवनयापन गर्न सक्ने सुनिश्चित वातावरण विद्यमान होस् ।

ध्येय(Mission):

आर्थिक तथा सामाजिक रुपमा पछाडि पर्न बाध्य विपन्न संकटाभिमुख र सिमान्तकृत समुदायको जीवनस्तर सुधारका लागि जीविकोपार्जनको विकास, आधारभुत स्वास्थ्य, सरसफाई र शिक्षामा पहुँच, प्राकृतिक साधन श्रोतहरूको समुचित परिचालन, वातावरणीय संरक्षण, मानव अधिकार र लोकतन्त्र प्रवर्धन, लैंगिक समानता, समावेशीकरण साथै लागूपदार्थ तथा एचआईभी एड्सको रोकथाम नियन्त्रण एवं उपचार लगायतका कार्यक्रमहरू सञ्चालन गर्नु ।

लक्ष्य (Goal):

लागूपदार्थ प्रभावितहरूलाई उपचार सहयोग एवं पुनर्स्थापना, एचआईभी र यौनजन्य संक्रमणमा कमी, विपन्न र सिमान्तकृत समुदायको प्राकृतिक साधन श्रोतको समुचित परिचालन गर्न क्षमताको विकास गरी आयस्तरमा

वृद्धि, आधारभुत स्वास्थ्य र शिक्षामा सबैको पहुँच अभिवृद्धि, शुसासनको प्रत्याभुती, मानव अधिकारको संरक्षण र संवर्द्धन साथै लोकतन्त्रको विकास एवम् सुदृढीकरण गर्ने ।

उद्देश्यहरू (Objectives):

१. लागुपदार्थ प्रयोग, एचआईभी र यौनजन्य संक्रमणको रोकथाम र नियन्त्रण गर्न जनचेतना, रक्त परीक्षण, परामर्श उपचार हेरचाह तथा पुनर्स्थापना सेवा, क्षमता अभिवृद्धि साथै नीतिगत सुधारका लागि बहश पैरवी जस्ता सेवाहरू सञ्चालन गर्ने ।

२. सामाजिक र आर्थिक रुपले पछाडि पारिएका समुदायको साधनश्रोत, सेवा, पूंजी र सीपमा पहुँच बढाई वातावरण मैत्री (Environment Friendly) सर्वाङ्गिण विकास (Holistic Development) मार्फत आयआर्जन बृद्धि गर्ने ।

३. शान्ति र लोकतान्त्रिक मूल्यमान्यताको प्रवर्द्धन गर्दै आधारभूत मानव अधिकारको सुनिश्चितता, समावेशिता र सुशासनलाई सुदृढ बनाउने तथा लैङ्गिक सहित सबै प्रकारका विभेद अन्त्य गर्ने उद्देश्यले लैङ्गिक तथा सामाजिक समावेशीकरण (Gender and Social Inclusion) दृष्टिकोण अपनाई स्थानीय विकासका सरोकारवालाहरू र समुदायको क्षमता अभिवृद्धि गर्ने ।

४. शिक्षामा सवै नागरिकको सहज पहुँच, गुणस्तरीय साथै सार्थक र जीवन उपयोगी शिक्षा मार्फत राष्ट्र विकासको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न सहयोग पुऱ्याउने ।

५. खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) र अन्य आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्दै विपद् जोखिम न्यूनीकरण, महामारी तथा अन्य कुनै पनि प्रकारका स्वास्थ्यजस्ता जोखिमहरूका लागि क्षमता विकास र सहनशीलता (Resilience) संयन्त्रको विकास गर्ने ।

६. वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सरसफाइ प्रवर्द्धन तथा प्राकृतिक स्रोत-साधनहरूको दिगो संरक्षण र व्यवस्थापनमा केन्द्रित कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

७. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै दिगो विकास लक्ष्य (SDGs) सँग सम्बद्ध विविध कार्यक्रमहरूलाई संरचित तथा एकीकृत ढंगले योजनाबद्ध र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

८. झोलुङ्गे पुल निर्माण तथा मर्मतसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी स्थानीय समुदायलाई विद्यालय, स्वास्थ्य संस्था, प्रशासनीक सेवा केन्द्र, पर्यटन विकास केन्द्रहरू साथै सामाजिक तथा सांस्कृतिक स्थलहरूमा सुरक्षित, सहज र नियमित आवत-जावत सुनिश्चित गर्दै जोखिम न्यूनीकरणमा योगदान गर्ने ।

लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रम
(महिला-पुरुष)



लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रम नौलो घुम्तीको स्थापना काल देखिनै सञ्चालित पहिलो र मुख्य कार्यक्रम हो । यस परियोजनाले जुनसुकै लागुपदार्थ र मद्यपानको प्रयोग रोकथामका लागि परामर्श, उपचार पुनर्स्थापना, सचेतना तथा पैरवीका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ। यस परियोजना स्थापना कालदेखी सन् २०१४ सम्म दातृ निकायको आर्थिक सहयोगमा सञ्चालन रहेकोमा सन् २०१५ देखि दातृ संस्थाको सहयोग विना सेवार्थीको सहयोग र स्थानीय स्रोत साधन परिचालन गर्दै संस्थाले पोखरा-१७ सीतापाईलामा संस्थाको आफ्नै भवनमा महिला उपचार तथा पुनर्स्थापना केन्द्र र सन् २०२० मार्च देखि जिल्ला प्रशासन कार्यालय कास्की संगको सहकार्यमा पोखरा -१८, धारापानीमा पुरुष उपचार तथा पुनर्स्थापना केन्द्र प्रभावकारी तवरले सञ्चालन गरिरहेको छ।

परियोजनाले सेवार्थीहरूलाई सुविधाजनक आवास, सन्तुलित भोजन, पारिवारिक र मनोरञ्जनात्मक वातावरण, योग अभ्यास, मनोविमर्श सेवा, आध्यात्मीक जागरण, व्यवहार परिवर्तन सम्बन्धी शिक्षा, चिकित्सकद्वारा नियमित स्वास्थ्य परीक्षण, सामाजिकिकरण कार्यक्रम, खेलकुद, साउनाबाथ थेरापी जस्ता विभिन्न क्रियाकलापहरूमा सहभागी गराएर प्रभावकारी सेवा प्रदान गर्दै आईरहेको छ। युवा युवतिहरू, विद्यार्थीहरू तथा समुदाय स्तरमा लागुपदार्थ मद्यपान सम्बन्धी अभिमुखिकरण, जनचेतना तथा पैरवीका कार्यक्रम सञ्चालन गरी उच्च जोखिममा रहेका समुहलाई सचेत गर्दै लागुपदार्थ प्रयोगको बढ्दो दरलाई रोकथाम तथा न्यूनीकरणका कार्यहरू गरिरहेको छ। पुनर्स्थापना केन्द्रमा महिला तर्फ ३० सैया र पुरुष तर्फ ५० सैयाको क्षमता रहेको छ। जसमा नेपालका जुनसुकै जिल्लाहरूबाट पनि सेवार्थीहरूले गुणस्तरीय उपचार सेवा लिन सक्दछन्।

यस कार्यक्रमको मुख्य लक्ष्य लागुपदार्थको प्रयोगबाट प्रभावितहरूलाई उपचार तथा पुनर्स्थापनाको समग्र पद्धती अवलम्बन गरी लागुपदार्थ प्रयोगकर्ताहरूको उपचार गर्नुका साथै यसको प्रयोगबाट हुने जोखिम न्युनिकरण गर्दै उनीहरूको दीर्घ रिकभरिङ्ग, सकारात्मक जीवनयापनमा सहयोग पुऱ्याउनु तथा परिवार र समाजमा पुनर्स्थापित गराउनु नै हो।

❖ **लक्षित समुह :**

महिला तथा पुरुष लागुपदार्थ प्रयोगकर्ताहरू, तिनीहरूको परिवार र अन्य सरोकारवालाहरू यसका लक्षित समूह हुन ।

❖ **बजेट**: ९० लाख (सेवार्थी अनुदान र स्थानीय स्रोत)

❖ **परियोजना अबधी** : १ श्रावण २०८२– ३२ आषाढ २०८३

परियोजनाको उद्देश्यहरू :

उद्देश्य १ : लागुपदार्थ प्रयोगकर्ताहरूलाई ३ महिने आवासीय उपचार सेवा उपलब्ध गराई लागुपदार्थबाट हुने जोखिम न्यूनीकरण गराउन साथै गुणस्तरीय सेवा प्रदान गर्ने आ. व. २०८२ र ०८३ मा आवासीय उपचारका लागि योजना अनुसार २४० जना भर्ना (नयाँ-पुराना गरी महिलातर्फ ८० जना र पुरुष तर्फ १६० जना) को लक्ष्य राखिएकोमा महिला तर्फ ९४ जना र पुरुष तर्फ १२८ जना गरी जम्मा २२२ जना भर्ना गरियो । ती मध्ये पोखरा महानगर पालिकाका ११० र बाहिरी जिल्लाका ११२ जना रहेका थिए । जसमा पुरा (३ महिना) आवासीय उपचार सेवा प्राप्त गर्ने १०४ जना र आंशिक उपचार सेवा प्राप्त गर्ने ४३ जना रहेका छन्, ११ जना प्रेषण गरेको थियो, ६ जना ड्रपआउट भएको थियो र ४६ जना उपचारको क्रममा थिए । महिला र पुरुष गरेर जम्मा २२२ जना मध्ये ५४ जना गाँजा/ट्याब्लेट, १४९ जना मध्यपान, १५ जना मर्फिनको र ४ जना हिरोइन कुलतमा फसेकाहरू रहेका थिए ।





सेवार्थीहरूको दिर्घ रिकभरिङ्ग, सकारात्मक जिवनयापनमा सहयोग पु-याउन विभिन्नखाले कार्यक्रमहरू सञ्चालनमा परामर्श सेवा महत्वपूर्ण कार्य मध्ये एक हो । जसमा आवासीय सेवार्थीलाई दोऱ्याएर ११७५ पटक, सेवार्थीका परिवारलाई ५६५ पटक तथा सेवार्थी र सेवार्थीका परिवारलाई संगै राखि ३३५ पटक परामर्श सेवा प्रदान गरियो । त्यसै गरी आवासीय उपचारमा रहेका महिला तथा पुरुष सेवार्थीलाइ वरिष्ठ चिकित्सक द्वारा १२ पटक पुरुष र महिला केन्द्रमा निशुल्क क्लिनिक सेवा प्रदान गरियो । सेवार्थीको बानी-व्यवहार र स्वभाव परिवर्तनका लागि आत्मविश्वास र नेतृत्वशीप बढाउने खाले अन्य थेरापेटिक सहयोगी कार्यक्रमहरू जस्तै सेवार्थी विच उपचार आदान-प्रदान बैठक १७५





पटक, आत्मजागरण कक्षा २५७ पटक, शैक्षिक कक्षा २२७ पटक, डिभोशन कक्षा २८२ पटक, सेवार्थीको सामुदायीक बैठक २५० पटक र आत्म-मुल्याङ्कन कक्षा ४५ पटक र खेल थेरापी कक्षा ३३४ दिन पुरुषतर्फ सञ्चालन गरियो, भने उपचार आदान-प्रदान बैठक १७५ पटक, आत्म-जागरण कक्षा २०४ पटक, शैक्षिक कक्षा १६६ पटक, डिभोशन कक्षा २७३ पटक, सेवार्थीको सामुदायीक बैठक २०८ पटक, आत्म-मुल्याङ्कन कक्षा ४५ पटक र खेल थेरापी कक्षा २५४ दिन महिला केन्द्रमा सञ्चालन गरिएको थियो। परामर्श तथा उपचार केन्द्रमा रहेका सेवार्थीहरूको अन्य स्वास्थ्य सम्वन्धि सेवाका लागि नौलो घुम्ती लगायत विभिन्न संघ सस्थाहरूमा मानसिक रोगको लागि ४६ पटक तथा अन्य रोगका निम्ति ५० पटक पुरुष तथा महिला सेवार्थीलाई प्रेषण गराइएको थियो। परिवारका सदस्यहरू पनि कार्यक्रमको दृष्टिकोणबाट महत्वपूर्ण सदस्य रहेकाले उनिहरू र सेवार्थीहरू विचको संवन्ध स्थापित गर्ने हेतु परिवारसंग आवस्यकता अनुरुप संचालित बैठकमा उल्लेखनीय सहभागिता रहेको थियो। चाडपर्व मनाउने वा रमाईलो गर्ने उद्देश्यले गरिने कार्यक्रममा लागुपदार्थ विना पनि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि सञ्चालन गरी त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ भन्ने उदाहरण सहित पारिवारिक माहौलमा नयाँ वर्ष, दशै, तिहार, महिलाहरूको लागि विशेष तिज पर्व, क्रिश्मस, फागुपूर्णिमा, शिवरात्री, माघेसंक्रातीं जस्ता पर्वहरू मनाइयो। त्यसै गरी हरेक व्यक्तिमा रहेका प्रतिभा तथा कला-प्रदर्शन गर्ने विधिका रुपमा सेवार्थीहरूलाई संलग्न गराई डान्स, ज्ञानकुलक हाँजिरीजवाफ, प्रश्नोत्तर आदि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि सञ्चालन गराइएको छ भने परिवार तथा समाजमा सहज वातावरणमा घुलमिल हुनको लागि, सामाजिकीकरण कार्यक्रम जस्तै सेल्फ-हेल्प ग्रुप बैठक, बाह्य भ्रमण तथा पिकनिकमा सहभागी गराईयो।



क.स.	कार्यक्रमहरू	महिला(पटक)	पुरुष (पटक)
१	डिभोसन (प्रार्थना)	२७३	२८२
२	सामुदायीक बैठक	२०८	२५०
३	Self Evaluation-आत्मामुल्याकन	४५	४५
४	शैक्षिक कक्षा (आन्तरिक)	१६६	२२७
५	स्टेप वर्कआउट (आत्माजागरण प्रश्नउत्तर)	२०४	२५७
६	सेरिङ बैठक	१७५	१७५
७	दैनिकी	२७३	२८२
८	खेल थेरापी	२५४	३३४

उद्देश्य २ : लागुपदार्थ उपचार पूरा गरिसकेका सेवाथीहरूको दिगो रिकभङ्ग साथै परिवार तथा समुदायमा पुनर्स्थापित हुन समय-समयमा सेवार्थी तथा परिवारसंगको भेटघाट गरी सामाजिक सीपको विकास, जिवनउपयोगी तालिमको व्यवस्था र रोजगारीका लागि परिवार सगं संयुक्त पुनर्स्थापना योजना बनाउने, प्रेशण गर्ने जस्ता सेवामा सहयोग गर्ने ।

उद्देश्य २ का कार्यक्रम तथा मूख्य उपलब्धिहरू:

सेवार्थीहरूको उपचार पश्चात सेवार्थीको रोजगारी, अध्ययन, पारिवारिक जिवनको निरन्तरता, सामाजिक सम्बन्धको विकास गराई उनिहरूलाई दिगो रिकभरिङ्ग जीवन विताउन परिवार र समाजबाट सकरात्मक सहयोग प्राप्त हुने वातावरणको सृजना गरिन्छ । जसमा फरक-फरक तरिकाबाट फलो अप गरिएको छ । टेलिफोनबाट महिला र पूरुष सेवार्थी तथा उनिहरूका परिवारलाइ २७० पटक (दोहोऱ्याएर), सेवार्थी आफै संस्थामा आएर भेटघाट १४५ पटक (दोहोऱ्याएर) र सेवार्थी तथा परिवारलाई घरदैलो भेटघाट जम्मा २९ पटक (दोहोऱ्याएर) गरी आवश्यक परामर्श, सहयोग तथा पृष्ठपोषण प्रदान गरिएको थियो ।





❖ पटक-पटक गरेर यस आ.व.मा पुरुष तर्फ ८ जनाले र महिला तर्फ २ जनाले स्वतसुफुर्त लागुपदार्थ मुक्त

सफल जीवनको महोत्सब मनाईयो सेवार्थीलाई रोल मोडेलको रुपमा खादा र अविर द्वारा सम्मान गरिएको थियो। सो कार्यक्रममा सवै जनाले आफ्नो मर्म, भावना, विगतका सिकाई तथा अनुभवहरू सुनाएका थिए।



- तीन महिने आवासीय उपचार पश्चात अवधि थप गरिएका पुरुष तथा महिला सेवार्थीहरूलाई दिवा सेवा कार्यक्रम अन्तर्गत उनिहरूको सीपविकासको लागि जीवीकोपार्जन सीप र बाहिरी जिम्मेवारीहरूमा सहभागी गराउनुका साथै परिवारको सहयोग र सुझावमा तालिम तथा रोजगार मा पठाउन सहयोग पू-याइएको छ।

- लामो समय उपचार लिईरहेका सेवार्थीहरूलाई दिगो रिकभरिङ्गमा सहयोग पुगोस भनि पुरुषतर्फबाट १ जनालाई स्वयंसेवक र महिला आवासीय उपचार तथा पुनर्स्थापनाका लागि १ जना महिला स्वयंसेवकलाई स्तरवृध्दि गरी कर्मचारीको जिम्मेवारी उपलब्ध गराइएको छ।

उद्देश्य ३ : लागुपदार्थ/मद्यपान, सम्वन्धि सामुदायीक सचेतना कार्यक्रम सञ्चालन गर्ने :

लागुपदार्थ / मद्यपान, एचआईभी/एड्स तथा अन्य जोखिम न्यूनीकरण सम्वन्धि अभिमुखिकरण कार्यक्रमहरू तथा नौलो घुम्ती नेपालको लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रमको अध्ययन तथा अवलम्बन भ्रमणमा आएका सरोकारवालाहरूलाई कार्यकारी निर्देशक श्री अनेश गुरुङ र कार्यक्रम संयोजक श्री ओम कृष्ण गुरुङ द्वारा कार्यक्रमबारे सहजिकरण गरिएको थियो। कार्यक्रममा तपशिल बमोजिम विभिन्न नर्सिङ-विद्यार्थी, मा.वि. विद्यार्थी, आमा समूह, डाक्टर साथै अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो।

क.स.	मिती	संस्था	सहभागी	कैफियत
१	२०८२/०४/०७	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	२९	विद्यार्थी
२	२०८२/०८/०७	गण्डकी मेडिकल कलेज	४२	विद्यार्थी
३	२०८२/०९/०७	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	१४	विद्यार्थी
४	२०८२/१२/१४	जर्मन डाक्टर टोली	१३	डाक्टर
५	२०८२/१२/२४	पोखरा विश्वविद्यालय	७	विद्यार्थी
६	२०८२/०२/०१	श्री प्रगतिशील मा.वि. अन्नपूर्ण गाँउपालिका	४०	विद्यार्थी
७	२०८२/०२/२९	मादी गाँउपालिका-६,तप्राङ	३२	समुदाय
८	२०८२/०३/३१	ईन्फोम्याक्स कलेज अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट	३०	विद्यार्थी
९	२०८२/०३/३२	चरक नर्सिङ कलेज	४०	विद्यार्थी

❖ लागुपदार्थ/मद्यपान, उपचार, रोकथाम तथा नियन्त्रण का लागि समुदाय विच लागुऔषध दुर्व्यसन तथा एच आई भी/एड्स सम्वन्धी सूचना प्रदान गर्ने उद्देश्य अनुरुप विभिन्न दिवसहरू मध्ये विश्व टेबलटेनिस दिवस कण्डम दिवस, विश्व एड्स दिवस, लागु औषध ओसार-पसार विरुद्धको दिवस, मैनबत्ती स्मृति दिवसहरूमा कास्कीमा रहेका सरोकार संस्थाहरूसंगको समन्वयमा सहभागिता रहयो । त्यसैगरि अन्तराष्ट्रिय एच.आई.भि./एड्स दिवस, विश्व मानसिक स्वास्थ्य दिवस, शहिद दिवस, अन्तराष्ट्रिय महिला दिवस आदि कार्यक्रमहरूमा पनि सहभागिता रहयो ।





उद्देश्य ४: संस्थागत क्षमता बिकासका लागि योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गरी सरोकारवाला र सरकारी निकाय संग समन्वय र सहकार्य गर्ने :

❖ उपचारको लागि खेलकुद र ब्यायामको आवश्यकता रहेको हुनाले खेल-थेरापी केन्द्रको दैनिक उपचार पद्यतीमा समावेस गरिएको छ । साथै विश्व टेबलटेनिस दिवशको अवसर पारेर मिती २०८२ वैशाख ८ गते कास्कीमा रहेका उपचार केन्द्रहरू बीच टेबलटेनिस खेलको आयोजना गरियो ।

❖ सरकारी निकायसंग समन्वय र सहकार्य गर्ने सम्बन्धमा लागुऔषधको उपचारको आवश्यक भएको तर आर्थिक अवस्था न्युन भएका परिवारहरूलाई नगरपालिका तथा जिल्ला प्रशासन कार्यलयको सीफारिस अनुसार शौलियत उपचार सेवा प्रदान गरिएको छ ।

चुनौतीहरू :

१. लागुऔषध उपचारमा बल्झिने (दोहोरिने) अवस्था यथावत नै छ ।
२. सामाजिक भेदभाव र लान्छनाको कारणले उपचारमा कम पहुँच ।
३. धारापानी-१८ मा रहेको पुरुष केन्द्रमा जाने बाटो वर्षाको समय असहज पाईएको छ ।
४. उपचारको क्रममा सेवार्थीलाई अस्पताल भर्ना गर्नु पर्ने अवस्थामा परिवारको असहयोग हुनु ।
५. सेवार्थीलाई उपचारमा राखेर परिवारको सदस्य सम्पर्क विहिन हुने ।

सुझावहरू :

१. पुनर्स्थापना केन्द्रलाई निरन्तरता दिनका लागि स्थानीय निकाय संग समन्वय र सहकार्य वढाउन पर्ने देखिन्छ।

२. लागुऔषध उपचार तथा पुनर्स्थापना केन्द्रमा चौंविसै घन्टा सतर्कता परिस्थितिको सामना गर्दै काम गनुपर्ने हुँदा कर्मचारीहरूको मनोवललाई उच्च वनाउन कर्मचारीहरूको प्रोत्साहनको नीति अपनाउन पर्ने देखिन्छ।

३. उपचारमा लामो समय देखि सफलभएका सेवार्थीहरूलाई उदाहरणिय स्वयंसेवकको रुपमा परिचालन गरिनु आवश्यक छ।

४. लागूपदार्थ मुक्त भएका सेवार्थीहरूलाई दिवा सेवामा आउने पूर्वाधार र वातावरण बनाउन आवश्यक देखिन्छ। साथै उनिहरूलाई सीपमूलक तालिम दिने संस्थाहरूसगं समन्वय गराई सीपको विकास गरी रोजगारीमा संलगन गराउन सकेमा दिगो पुनर्स्थापन हुन सक्छ।

एकीकृत सामुदायीक विकास परियोजना

१. परिचय :

सामुदायीक विकास परियोजना शिक्षा, जीवीकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका क्षेत्रमा काम गर्ने एक एकिकृत परियोजना हो । दातृ निकाय गुड नेवर्स ईन्टरनेशनल नेपालको आर्थिक सहयोगमा नौलो घुम्ती नेपालले यस परियोजना सेप्टेम्वर २०१६ देखि कास्की जिल्लाको मादी गाउँपालिका ८, ९, ११ ; अन्नपूर्ण गाउँपालिका ४, ६, ७ र माछापुच्छ्रे गाउँपालिका ८ र ९ मा सञ्चालन गर्दै आएको छ भने २०७५र७६ मा मादी गाउँपालिका वडा नं १० मा पनि कार्यक्रम बिस्तार गरेको छ। बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ संचालित यस परियोजनाले कास्की जिल्लाका ४२ साझेदार सामुदायीक बिद्याालयमा अध्ययनरत ९५१ प्रायोजित विद्यार्थीहरूलाई छात्रवृत्ती सहयोग गर्दै आएको छ। साथै छात्रवृत्ती प्राप्त गर्ने बालबालिकाका अभिभावकलाई प्राथमिकता दिदैं कार्यक्षेत्र भित्रका ६ सहकारी मार्फत आयआर्जनका सहयोगी गतिविधि सञ्चालन गर्दछ। यस बाहेक समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा प्रभाहमा सहयोगका लागि कार्य क्षेत्र भित्रका ३९ स्वास्थ्य संस्थाको स्तरोन्नती तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धीमा यस परियोजनाले सहयोग गर्दै आएको छ।

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि शिक्षा, जीवीकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिईयो। एकीकृत सामुदायीक विकास परियोजना अन्तर्गत यस संस्थाले आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरेका गतिविधिहरू र प्राप्त सफलताहरूलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

२. कार्य विवरण :

२.१. शिक्षा तथा बाल संरक्षण :

२.१.१. ग्रामिण समुदायका विद्यार्थीहरूको शिक्षामा पहुँच अभिवृद्धि :

बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने र विद्यालयमा नियमित बनाउने मुख्य उद्देश्यका साथ कार्यक्षेत्रका ४२ सामुदायीक विद्यालयका ८२३ बालबालिकाहरूलाई एक शैक्षिक सत्रका लागि आवश्यक शैक्षिक सामग्रीहरू (कापी, पेन, पेन्सिल, इरेजर, सार्पनर, स्वेटर, र झोला) वार्षिक रुपले स्थानीय सरकार, विद्यालय,



सामुदायीक विकास समिति, परियोजना व्यवस्थापन समिति, अभिभावक, शिक्षकहरूको समन्वयमा सहयोग गरिएको छ। यस सहयोगले अध्ययनरत विद्यार्थीहरूलाई विद्यालयमा निरन्तर रहन मदत गर्नुका साथै विद्यालय बिचमै छोड्ने (Drop out) दरलाई पनि क्रमिक रुपमा घटाउँदै लैजान सफल भएको छ। साथ साथै यस कार्यक्रमबाट अभिभावकहरूले बालबालिकाको शैक्षिक सामग्री खरिदको आर्थिक भार कम भएको महसुस गरेका छन् । विद्यालयमा अध्ययनरत परियोजनाबाट प्रायोजित बालबालिकाहरूका लागि वार्षिक रुपले शैक्षिक सामग्री सहयोगसँगै माध्यमिक शिक्षा परीक्षा उत्तिर्ण (SEE) १२८ प्रायोजित बालबालिकाहरूका लागि प्रति विद्यार्थी रु. ३००० ।०० का दरले छात्रवृत्ति रकम उपलब्ध गराउँदै आइरहेको छ। यस सहयोगले बालबालिकाहरूको उच्च शिक्षा अध्ययनमा सहयोग पुगेको छ।

साथै २०८२ को माध्यमिक शिक्षा परीक्षामा सम्मिलित २३ जना प्रायोजित बालबालिका मध्ये श्री हिमालय मा.वि. मादी ०९ गोर्जे र श्री राष्ट्रज्योति मा.वि. मादी ११, सैमराङ का २ जना विद्यार्थीहरू क्रमशः संगिता न्योपाने र प्रविण गुरुङले उत्कृष्ट जि.पि.ए ल्याई परियोजनाले सम्मान सहित नगर पुरस्कार पालिका प्रमुखबाट २०८३ असार ०५ गते एक कार्यक्रममा सम्मान गरिएको थियो।

एकीकृत सामुदायीक विकास परियोजना बाहेकका अति विपन्न ४५ विद्यार्थीहरूलाई पनि नौलो घुम्ती नेपालले सञ्चालन गर्दै आइरहेको **स्पोन्सर अ ड्रीम प्रोजेक्ट**बाट सन् २०२३ देखि सहयोग गर्दै आइरहेको छ। परियोजनाको यस कार्यमा हातेमालो गर्दै अन्नपूर्ण गाउँपालिका वडा नं ०५ मा अवस्थित श्री जनसिद्ध आ.वि. का ११ जना विद्यार्थीहरूलाई शैक्षिक सत्र २०८३ देखि पालिका प्रमुखको उपस्थिती सामग्री सहयोग गरियो।

२.१.२. **विद्यालयको सुशासनमा अभिवृद्धि** :

विद्यालयहरूको शैक्षिक तथा भौतिक स्तरोन्नतिका साथै शैक्षिक क्रियाकलापलाई बालमैत्री तथा सुशासन युक्त बनाउने हेतुले परियोजना मार्फत यस वर्ष ५ विद्यालयका ३७ वि.व्य.स. तथा शि.अ.सं.का पदाधिकारीहरूको उपस्थितीमा १ दिने क्षमता विकास तालिम क्रमशः श्री हिमालय मा.वि. अन्नपूर्ण ७ तोल्का र श्री गौरी शंकर मनिलाल मा.वि. माछापुच्छ्रे ०९ सैतिखोलामा बाह्य सहजकर्ताको सहजिकरणमा सञ्चालन गरिएको थियो। तालिमको समापन कार्यक्रममा बोल्दै अन्नपूर्ण गाउँपालिका प्रवत्ता एवम् वडा नं. ७ का अध्यक्ष भरतमान गुरुङले परियोजनाले सामुदायीक विद्यालयको शैक्षिक प्रगतिको लागि पालिकासँगको साझेदारीमा विविध कार्यक्रमहरू गर्दै आइरहेको र यस्तो क्षमता विकास कार्यक्रमले विद्यालय सुधारमा थप सहयोग पुग्ने बताएका थिए।



त्यस्तै शिक्षमा सूचना तथा संचार प्रविधिलाई वढावा दिने उद्देश्यका साथ परियोजना तथा विद्यालयहरूको साझेदारीमा गौरीशंकर मनिलाल मा.वि.माछापुच्छ्रे ०९ सैतिखोला मा ३ थान, र हिमालय मा.वि. अन्नपूर्ण ७ तोल्का, श्री प्रभात आ.वि., श्री प्रगतिशिल आ.वि. मा रु ४६०,००० ।०० बराबरको १ ।१ थान स्मार्ट बोर्ड सहयोग यसै वर्ष सम्पन्न भएको छ। सहयोग पश्चात विद्यालय शिक्षण सिकाई निकै नै परिमाण मुखि भएको र जस्को उदाहरण माध्यमिक शिक्षा परीक्षा २०८२ मा शत प्रतिशत नतिजा ल्याउन सफल गौरीशंकर मनिलाल मा.वि.का प्रधानाध्यापक रक्षबहादुर क्षेत्रीले बताउँदै कक्षा ८ देखि १० सम्म परियोजनाको सहयोगमा स्मार्ट बोर्ड स्थापना गरियो भने बाँकी कक्षाहरू (कक्षा ५ देखि १२) मा पालिकाको पहलमा इन्टरनेश र बैकल्पिक उर्जा सहितको व्यवस्थापनमा नियमित कक्षाहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

२.१.३. **शौक्षिक क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि :**



विद्यालयको परिणामलाई थप स्तरीय र सुधारोन्मुख बनाउने उद्देश्यका साथ मादी गाउँपालिका र अन्नपूर्ण गाउँपालिकामा शिक्षा विकास तथा समन्वय ईकाइ, कास्कीको सहकार्य तथा सहजिकरणमा तथा २४ विद्यालयका ४२ प्रधानाध्यापक र वि.व्य.स. का पदाधिकारीहरूको उपस्थितीमा १ दिने कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रममा आधारभूत तह कक्षा ८ को विगत ३ वर्षको नजिता विश्लेषण, आएका चुनौतीहरू तथा समाधानका उपायहरू जस्ता विषयहरूमा सहजिकरण इकाई प्रमुख लोकनाथ आचार्यले गरेका थिए भने कार्यक्रमको समापनमा बोल्दै अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर के.सी.ले गुणस्तरीय शिक्षा प्राप्तिका लागि पालिका प्राथिमिकता रहेको बताएका थिए।

सक्षम र जिम्मेवार अभिभावक नै विद्यालय तथा समुदायको जग हो भन्ने आशयलाई आत्मसात गर्दै यस वर्ष मादी, अन्नपूर्ण र माछापुच्छ्रे गा.पा.को ६ विभिन्न स्थानहरू नागिधार, कालिकाटी, नयाँपुल, घलेल, सैमराङमा असल अभिभावकीय सीप विकासका सम्बन्धित चरणवद्ध तालिम सञ्चालन भयो। तालिममा मुख्यतः अभिभावकीय शैली, जिम्मेवारी, विद्यालय प्रति उत्तरदायी भूमिका, बालबालिकाका लागि समय व्यवस्थापन जस्था विषयमा जानकारी तथा जिम्मेवार बनाउने कार्य सम्पन्न भयो। तालिम पश्चात कुल १८२ अभिभावकहरूको सहभागीमा संचालित कार्यक्रममा ५६ प्रतिशत अभिभावक विद्यालय नियमित आउने, गृहकार्य गराउनेमा सहजिकरण गर्ने गरेको पाइयो।

त्यस्तै परियोजनाले कक्षा ६ सम्मका प्रायोजित ९६ बालबालिकाहरूलाई घरमा पढाइ कुना व्यवस्थापनका

लागि १ थान किताव र्‍याक, सानो टेबल, र केहि पुस्तकहरू पनि यस वर्ष सहयोग भएको छ। बालबालिकाको घरमा पढ्ने संस्कृतिकालाई प्रोत्साहित गर्ने उद्देश्यका साथ सहयोग गरिएको कार्यक्रमबाट बालबालिकालाई गृहकार्य गर्न तथा पढाई कुना व्यवस्थापनका निकै सहयोग भएको कुरा अन्नपूर्ण ७ का अभिभावक मन्जु वि.क. ले बताउनु भयो।



२.१.४. **बाल संरक्षण सम्बन्धी स्थानीय स्तरमा क्षमता अभिवृद्धि :**

बाल अधिकार, बाल संरक्षण र बाल विवाह पनि यस परियोजनाको मुख्य क्षेत्र रहेको हुँदा बाल अधिकारको सुनिश्चितताका लागि समुदाय स्तर बाटै विभिन्न पैरवी तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू गर्दै आइरहेको छ। यस आर्थिक वर्षमा मादी गा.पा.को वडा ८, ९, १० र ११ गरी ४ वटै वडाहरूमा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिम वडा स्तरीय बाल अधिकार समितिको पुनर्गठन गरिएको छ। गठीत समितिले बाल अधिकारका विषयहरूमा पैरवी गर्दै आइरहेको मादी गा.पा. वडा नं ०८ का अध्यक्ष प्रेम बहादुर गुरुङले बताए। त्यसै गरी समुदाय स्तरमा गठन गरिएको मादी गा.पा. वडा ८, ९, १० र ११ मा २ चरणको बाल अधिकार संरक्षणका विषयहरू जस्तै बाल विवाह, बाल दुर्व्यवहार, विद्यालयमा हुने शारीरिक दण्ड जस्ता बैठकमा छलफल साथै आवश्यक सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरे।

यसै गरी मादी गा.पा. का ४ विद्यालहरूमा बाल अधिकार, बाल संरक्षण तथा बाल विवाह विरुद्ध विषयक १ दिने तालिम परियोजनाका कार्यरत कर्मचारीको सहजिकरणमा सम्पन्न भएको थियो। कुल १४४ विद्यार्थीहरूको उपस्थितीमा संचालित कार्यक्रममा बाल अधिकारका अवयवहरू, बाल संरक्षणको महत्व र बाल विवाहले निम्त्याउने समस्याहरूमा बारेमा अन्तरक्रिया तथा छलफल, समूह कार्यबाट कार्यक्रम सम्पन्न भयो।

यस तालिमको उद्देश्य माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई व्यक्तिगत विकासका लागि आवश्यक आधार भूत जीवन सीपहरू प्रदान गर्नु थियो। यसमा आफूलाई बुझ्ने, तनाव व्यवस्थापन गर्ने, स्वस्थ पारस्परिक सम्बन्ध निर्माण गर्ने र सञ्चार सुधार गर्ने सीपहरू समावेश थिए। यसका साथै, कार्यक्रमले विद्यार्थीहरूलाई दैनिक जीवनमा, इन्टरनेटमा र प्राकृतिक प्रकोप जस्ता आपतकालीन अवस्थामा कसरी सुरक्षित रहने भन्ने बारेमा मार्गदर्शन गर्ने व्यक्तिगत सुरक्षाका प्रमुख पक्षहरूलाई सम्बोधन गर्यो। तालिमले आवश्यक पर्दा कसरी र कहाँ सहयोग खोज्ने भन्ने कुरामा पनि जोड दियो। यस सन्दर्भमा, बाह्य सल्लाहकार श्री भक्त राज रसाईलीको सहजीकरणमा जुन ३ देखि ८ २०२५ सम्म बराह मा.वि., माछापुच्छ्रे गा.पा. ६, प्रगतिशील मा.वि., अन्नपूर्ण

गा.पा. ४, र जनकल्याण मा.वि., मादी गा.पा. १० मा प्रशिक्षण सञ्चालन गरिएको थियो । जीवन सीप र जीविकोपार्जन सीप, आत्म (जागरूकता सीप, अन्तरव्यक्तिगत सम्बन्ध र सञ्चार सीप, तनाव व्यवस्थापन र सकारात्मक सोच, र आत्म सुरक्षा सीपहरूको परिचय तालिमको प्रमुख विषयवस्तु थिए। यस तालिमबाट १६० जना विद्यार्थीहरू लाभान्वित भएको छ ।

विद्यालय जाने विद्यार्थीहरूमा डिजिटल सुरक्षा जागरूकता बढाउन, एकीकृत सामुदायीक विकास परियोजनाले यस वर्ष ७ सामुदायीक विद्यालयका ४५२ विद्यार्थीहरूलाई १ दिने अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सञ्चालन भयो । जिल्ला प्रहरी कार्यालय, कास्कीसँगको सहकार्यमा संचालित कार्यक्रमले डिजिटल सुरक्षा र सुरक्षाका विभिन्न पक्षहरूमा प्रकाश पारेका थिए । सत्रहरू बालबालिका र किशोरकिशोरीहरूले डिजिटल उपकरणहरू र इन्टरनेटको बढ्दो प्रयोगलाई सम्बोधन गर्न डिजाइन गरिएको थियो, जसमा प्रायः अनलाइन संसारको सम्भावित खतराहरूको बारेमा उचित मार्गदर्शन र जागरूकताको अभाव हुन्छ । सत्रहरूमा छलफल गरिएका प्रमुख विषयहरूमा जिम्मेवार इन्टरनेट प्रयोग, अनलाइन गोपनीयताको महत्व, साइबर बुलिङ, व्यक्तिगत जानकारी साझा गर्ने जोखिमहरू, र ठगी र पहिचान चोरी जस्ता सामान्य अनलाइन खतराहरू समावेश थिए । विद्यार्थीहरूलाई डिजिटल सुरक्षाको बारेमा ज्ञान र व्यावहारिक सीपहरू प्रदान गरेर, कार्यक्रमले युवा पुस्तामाझ थप सूचित, जिम्मेवार र सतर्क डिजिटल नागरिकता सिर्जना गर्न योगदान पुऱ्याएको कुरा श्री जनकल्याण मा.वि. का प्र.अ. बोधराज बास्तोलाले बताउनु भयो ।

१८ देखि २१ मे २०२५ सम्म, माछापुच्छ्रे गाउँपालिका ०८ र अन्नपूर्ण गाउँपालिका ०६ मा बाल संरक्षण अभियन्ता र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न दुई समानान्तर तालिम कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरियो । सत्रहरूको सहजीकरण गण्डकी प्रदेशको राष्ट्रिय बाल अधिकार परीक्षद्का श्री बद्री प्रसाद वाग्लेले गर्नुभएको थियो । १८ र २० मे २०२५ मा, माछापुच्छ्रे गाउँपालिकाका बाल अधिकार समितिका सदस्यहरूलाई क्षमता विकास तालिम प्रदान गरिएको थियो । त्यस्तै, १० र ११ मे मा, अन्नपूर्ण गाउँपालिकामा बाल संरक्षणमा संलग्न सरोकारवालाहरूले तालिम प्राप्त गरे । यी कार्यक्रमहरू नौलो घुम्ती नेपालको सहयोगमा सञ्चालन गरिएको थियो, जसले समग्र समन्वय र रसद व्यवस्थापन गऱ्यो । तालिमले बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत परिभाषा, मुख्य सिद्धान्तहरू र प्रमुख प्रावधानहरू जस्ता महत्वपूर्ण बाल संरक्षण विषयवस्तुहरू समेटेको थियो । नेपालमा कानुनी रूपरेखा, सरकारी र गैर (सरकारी अभियन्ताहरूको भूमिका, सीफारिस मार्गहरू, दुर्व्यवहारका प्रकारहरू, प्रारम्भिक पहिचान, र रिपोर्टिङ संयन्त्रहरूबारे विस्तृत रूपमा छलफल गरिएको थियो । अन्तर एजेन्सी समन्वय, दस्तावेजीकरण अभ्यासहरू, र सुरक्षा प्रतिक्रिया र समन्वयको लागि स्थानीय(स्तरीय कार्य योजनाहरूको विकासमा थप ध्यान दिइएको थियो । विशिष्ट अतिथिहरूमा माछापुच्छ्रे गाउँपालिका ०८ का अध्यक्ष श्री राम गुरुङ र अन्नपूर्ण गाउँपालिका ०६ का अध्यक्ष श्री एकदेव देवकोटा उपस्थिती रहेको थियो ।

जीवीकोपार्जन

१. सहकारी व्यवस्थापन सहयोग

सहकारी व्यवस्थापन सहयोग अन्तर्गत २०२५ मा प्रदान गरेसँगै सन्२०२६जनवरी देखि डिसेम्बर सम्म ६ वटा सहकारी संस्थाका व्यवस्थापकहरूलाई मासिक रु। ३,५०० का दरले प्रोत्साहन सहयोग प्रदान गरिएको थियो। सहयोग प्राप्त गर्ने सहकारीहरूमा तोल्का बचत तथा ऋण सहकारी संस्था, कान्छि बराह बचत तथा ऋण सहकारी संस्था,तोगी लम्तरी कफी उत्पादक सहकारी संस्था, मर्दी बराह महिला विकास बचत तथा ऋण सहकारी संस्था, पञ्चधाम कृषि विकास सहकारी संस्था लिमिटेड र मिजुरे मिलन कफी उत्पादक सहकारी संस्था रहेका छन् यस सहयोगले सहकारी व्यवस्थापकहरूले गर्दै आएको वित्तीय व्यवस्थापन, सदस्य विस्तार, अभिलेख व्यवस्थापन, प्रतिवेदन तयारी तथा दैनिक सहकारी सञ्चालनमा पुऱ्याएको योगदानलाई प्रोत्साहन गर्नुका साथै व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन र सहकारी संस्थाको दीर्घकालीन दिगोपना सुदृढ गर्न सहयोग पुऱ्याएको छ।

२. सहकारी सफ्टवेयर नबिकरण AMC

एकीकृत सामुदायीक विकास परियोजना (ICDP) अन्तर्गत ६ वटा सहकारी संस्थाको संस्थागत तथा सञ्चालन क्षमता सुदृढ गर्ने उद्देश्यले सहकारी सफ्टवेयरको वार्षिक मर्मत तथा सम्भार सम्झौता (AMC) सहयोग प्रदान गरिएको छ सहयोग प्राप्त गर्ने सहकारीहरूमा तोल्का बचत तथा ऋण सहकारी संस्था, कान्छि बराह बचत तथा ऋण सहकारी संस्था,तोगी लम्तरी कफी उत्पादक सहकारी संस्था, मर्दी बराह महिला विकास बचत तथा ऋण सहकारी संस्था, पञ्चधाम कृषि विकास सहकारी संस्था लिमिटेड र मिजुरे मिलन कफी उत्पादक सहकारी संस्था रहेका छन्। यस सहयोगले वित्तीय कारोबार, सदस्य अभिलेख, प्रतिवेदन तथा दैनिक व्यवस्थापनका लागि प्रयोग हुने सफ्टवेयर प्रणालीलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत गरेको छ।सफ्टवेयर नवीकरणका लागि जुन २०२६ मा कुल रु। २४,००० आवश्यक परेकोमा ICDP बाट रु। १२,००० सहयोग तथा बाँकी रु। १२,००० रकम ६ वटा सहकारी संस्थाले संयुक्त रूपमा योगदान गरेका थिए। यस सहयोगबाट सहकारीहरूको डिजिटल व्यवस्थापन, प्रतिवेदनको शुद्धता, सञ्चालन दक्षता तथा दीर्घकालीन संस्थागत दिगोपनामा सुधार लयाउन सहयोग पुगेको छ।

३. जिल्ला स्तरीय सहकारी सञ्जाल बैठक

गुड नेबर्स इन्टरनेशनल (GNI) नेपालसँगको समन्वय तथा छलफल पछि नौलो घुम्ती नेपालले २३ अगस्ट २०२६ मा कास्कीमा आफ्ना ६ वटा साझेदार सहकारी संस्थासँग जिल्ला स्तरीय सहकारी सञ्जाल बैठक तथा समन्वय बैठक आयोजना गरेको थियो। बैठकको मुख्य उद्देश्य सहकारी संस्थाहरूको सुशासन, वित्तीय कार्यसम्पादन तथा संस्थागत दिगोपना सुदृढ गर्नु थियो। बैठकमा सहभागी सहकारी संस्थाका अध्यक्ष,



स्थानीय स्रोत व्यक्ति LRP तथा व्यवस्थापकहरूको सहभागिता रहेको थियो । बैठकले सहकारीहरूको समग्र प्रगति, कार्यसम्पादन, उपलब्धि तथा चुनौतीहरूको समीक्षा गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको थियो । बैठकको प्रमुख विषयमध्ये ऋण असुली दरलाई ८५ प्रतिशत भन्दा माथि पुऱ्याउने विषयलाई निरन्तर व्यवस्थापन सहयोगका लागि महत्वपूर्ण पूर्वसर्तका रूपमा लिइएको थियो । सहभागीहरूले ऋण असुली, खराब ऋण, वित्तीय व्यवस्थापन, सदस्यता विस्तार, व्यवसायिक कार्यसम्पादन तथा सहकारी सञ्चालनका चुनौतीहरूबारे छलफल गरेका थिए । साथै, ऋण असुली सुधार तथा सहकारी व्यवस्थापन सुदृढ गर्न असल अभ्यास, सफल अनुभव तथा व्यवहारिक समाधानहरू आदान-प्रदान गरिएको थियो । विशेष गरी तोल्का सहकारीद्वारा सञ्चालित प्राकृतिक खेतीमा आधारित तरकारी पसलको दिगोपना तथा बजार सम्बन्धी गतिविधिमा विशेष ध्यान दिइएको थियो । बैठकले सहकारी व्यवस्थापक तथा नेतृत्वको जवाफदेहिता, बाँकी ऋणको नियमित अनुगमन तथा फलोअप, अभिलेख तथा प्रतिवेदन व्यवस्थापनमा सुधार र ६ वटै सहकारी बीच थप प्रभावकारी समन्वयमा जोड दिएको थियो । समग्रमा, सञ्जाल बैठक सहकर्मीबाट सिकाइ, अनुभव आदान-प्रदान, समस्या समाधान तथा संयुक्त योजना निर्माणका लागि उपयोगी मञ्चका रूपमा रहेको थियो ।

४. तरकारी पसलका लागि सहकारी व्यवसायिक सहयोग



प्राकृतिक खेतीमा आधारित तरकारीको उत्पादन तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले सहकारी व्यवसायिक गतिविधिलाई सहयोग गरिएको थियो । यस अन्तर्गत तोल्का सहकारीद्वारा सञ्चालन हुने तरकारी पसललाई थप व्यवस्थित, दिगो तथा बजारमुखी बनाउन सहयोग प्रदान गरिएको थियो । यसले प्राकृतिक तथा विषादीरहित तरिकाबाट उत्पादन भएका कृषि उपजलाई बजारसँग जोड्न तथा किसानको उत्पादनको उचित बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ ।

५. कार्यक्रम अनुगमन

अनुगमन तथा मूल्याङ्कन M&E एकीकृत सामुदायीक विकास परियोजनाको महत्वपूर्ण पक्ष हो, जसले प्रभावकारी योजना निर्माण, कार्यान्वयन, जवाफदेहिता तथा निरन्तर सिकाइमा सहयोग पुऱ्याउँछ । M&E प्रक्रियाले निर्धारित उद्देश्य तथा सूचकहरूको तुलनामा कार्यक्रमको प्रगति अनुगमन गर्ने, उपलब्धि तथा चुनौतीहरूको मूल्याङ्कन गर्ने र सुधार आवश्यक पर्ने क्षेत्र पहिचान गर्ने कार्य गर्दछ । नियमित अनुगमन तथा प्रतिवेदन प्रक्रियाले परियोजनाका सरोकारवालाबीच पारदर्शिता, जवाफदेहिता तथा प्रमाणमा आधारित निर्णय प्रक्रियालाई समेत प्रवर्द्धन गर्दछ । M&E प्रक्रिया अन्तर्गत समुदायस्तरीय प्राकृतिक खेती तालिम, विद्यालय करेसाबारी तथा पोषण सचेतना कार्यक्रम, प्राकृतिक खेतीसम्बन्धी विभिन्न गतिविधि तथा सहकार ीसम्बन्धी कार्यक्रमहरूको नियमित अनुगमन गरिएको थियो । प्रभावकारी कार्यान्वयन तथा फलोअपका लागि AFO,CBDO तथा Intern/JTA परिचालन गरिएको थियो । उनीहरूले प्राविधिक तथा सञ्चालन सहयोग, प्रगति प्रमाणीकरण, उपलब्धि अभिलेखीकरण, कमी-कमजोरी पहिचान तथा आवश्यक सुधारात्मक कार्यका लागि सहजीकरण गरेका थिए । यस समन्वयात्मक अनुगमन प्रणालीले परियोजनाका गतिविधिहरूको गुणस्तर, प्रभावकारिता तथा दिगोपना सुदृढ गर्न सहयोग गरेको छ ।

६. नयाँ किसान समूह गठन



नौलो घुम्ती नेपालले कास्कीका विभिन्न गाउँपालिकाहरूमा विभिन्न जीविकोपार्जनसम्बन्धी कार्यक्रममार्फत एकीकृत सामुदायीक विकास परियोजना ICDP कार्यान्वयन गर्दै आएको छ । स्थानीय सहकारीहरूसँगको सहकार्यमा आयआर्जनका अवसरहरू प्रवर्द्धन गर्नुका साथै समुदायलाई सुधारिएको तथा दिगो कृषि प्रविधि अपनाउन सहयोग गरिएको छ । परियोजनाका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न स्थानीय स्रोत व्यक्ति LRP तथा अगुवा किसानहरूका लागि नयाँ किसान समूह गठन र सहभागितामूलक सञ्चारसम्बन्धी क्षमता विकास गतिविधि सञ्चालन गरिएको थियो । LRP तालिमले प्रभावकारी सञ्चार, समुदायको सहभागिता, नेतृत्व विकास तथा सम्बन्ध निर्माणसम्बन्धी सीप सुदृढ गर्नमा जोड दिएको थियो । यसले प्राकृतिक खेतीको व्यापक अवलम्बन तथा कृषि रूपान्तरणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । अघिल्लो वर्ष प्राकृतिक खेती तालिम अन्तर्गत १५ वटा किसान समूह गठन भएका थिए भने यस वर्ष समुदायस्तरीय सहभागिता विस्तार तथा प्राकृतिक खेतीको अवलम्बन बढाउने उद्देश्यले कुल ३० वटा किसान समूह गठन गरिएको छ । प्रशिक्षित LRP को परिचालनले ज्ञान आदान-प्रदान, किसान-किसान सिकाइ तथा दिगो कृषि अभ्यासको

व्यापक प्रयोगमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

७. जलवायुमैत्रि स्मार्ट विद्यालय करेसाबारी





जलवायुमैत्रि विद्यालय करेसाबारी कार्यक्रम जनमन्दिर आधारभूत विद्यालय, थुम्सीकोट (मादी गाउँपालिका-१०, बालकल्याण आधारभूत विद्यालय मादी-९, सङ्गम माध्यमिक विद्यालय तथा प्रगतिशील माध्यमिक विद्यालय ४,७ अन्नपूर्ण गाउँपालिका, साथै तारे बराह माध्यमिक विद्यालय र शहीद श्री हरिप्रसाद माध्यमिक विद्यालय (माछापुच्छ्रे गाउँपालिका)मा सञ्चालन गरिएको थियो । कार्यक्रम अन्तर्गत जनवरीदेखि हालसम्म १२ हप्तासम्म प्रत्येक शुक्रबार साप्ताहिक अभिमुखीकरण तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूले कम्पोस्ट मल निर्माण, प्राकृतिक माटो व्यवस्थापन, बाली विविधीकरण तथा वातावरणमैत्री प्राकृतिक इनपुटको प्रयोगजस्ता दिगो कृषि अभ्यास सिकेका थिए। उनीहरूले विद्यालय करेसाबारीमा तरकारी, फलफूल तथा जडीबुटीजन्य बाली उत्पादनको अभ्यास गर्नुका साथै ताजा तथा स्थानीय रूपमा उत्पादित खाद्य पदार्थको पोषण तथा स्वास्थ्यमा महत्वबारे जानकारी प्राप्त गरेका थिए। साथै, कृषिलाई घरपरिवारको आयआर्जन तथा जीविकोपार्जनको सम्भावित स्रोतका रूपमा बुझाउँदै प्राकृतिक खेती, खाद्य तथा पोषण सुरक्षा, वातावरणीय दिगोपना र आयआर्जनबीचको सम्बन्धबारे विद्यार्थीहरूलाई जानकारी गराइएको थियो।

८. प्राकृतिक खेती TOT तथा पुनर्ताजगी तालिम



सन् २०२३ देखि नौलो घुम्ती नेपालले ICDP Kaski को सहकार्यमा स्थानीय किसानहरूबीच दिगो, वातावरणमैत्री तथा व्यवहारिक कृषि अवधारणा परिचय तथा प्रवर्द्धन गर्ने उद्देश्यले प्राकृतिक खेती तालिम सञ्चालन गर्दै आएको छ। कार्यक्रमलाई परीक्षण खेती Trial Farming

अवधारणामा आधारित बनाइएको थियो, जसअन्तर्गत किसानहरूले वास्तविक खेतबारीमा प्राकृतिक खेतीका प्रविधिहरू प्रयोग गरी तिनको प्रभावकारिता तथा व्यापक रूपमा प्रयोग गर्न सकिने सम्भावनाको अनुभव तथा मूल्याङ्कन गर्ने अवसर पाएका छन् । यसका लागि अन्नपूर्ण गाउँपालिकाका भदौरे, तालिबाराङ, लुम्ले, घुम्ती र सल्याङ, माछापुच्छ्रे गाउँपालिकाका सिदिङ तथा कुइबाङ, तथा मादी गाउँपालिकाका वडा नं । ८,९ र १० लगायतका क्षेत्रमा LRP तालिम सञ्चालन गरिएको थियो । तालिममा छापो, न्यूनतम जोताइ, लाभदायक सूक्ष्मजीवको प्रयोग, कम्पोस्ट मल निर्माण तथा माटोको स्वास्थ्य सुधारजस्ता प्राकृतिक खेतीका प्रमुख सिद्धान्तमा जोड दिइएको थियो । यसको उद्देश्य रासायनिक मल माथिको निर्भरता घटाउँदै दिगो कृषि उत्पादनलाई प्रवर्द्धन गर्नु थियो ।

तालिमको सहजीकरण CBDO सन्जिप बहादुर बराल र Intern JTA वर्षा गुरुङले गरेका थिए । उनीहरूले Good Neighbors International –GNI का स्रोत व्यक्ति Chang Poli बाट विशेष तालिम प्राप्त गरेका थिए । यस पहल मार्फत NGN र ICDP ले स्थानीय किसान तथा LRP को क्षमता विकास, जलवायु तथा वातावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन, माटोको उर्वराशक्ति तथा उत्पादकत्व सुधार र सुरक्षित तथा दिगो कृषि अभ्यासको अवलम्बनमा जोड दिएका छन् । परीक्षण खेतीका गतिविधिहरूको निरन्तर अनुगमन गरी प्राप्त सिकाइका आधारमा कास्की जिल्लाका थप समुदायमा प्राकृतिक खेती विस्तार गर्ने आधार तयार गरिँदैछ ।

तालिम विवरण

अन्नपूर्ण-४, भदौरे-तालिबाराङस् ८-(मे २०२६ ११ जना	अन्नपूर्ण लुम्ले-घुम्ती ६-७ मे २०२६ १२ जना	माछापुच्छ्रे :, कुइबाङ ११-१२ मे २०२६ ११ जना	मादी-११ २२-२३ मे २०२६ १० जना
मादी-१० २१-२२ मे २०२६ १० जना	मादी-९ १७-१८ मे २०२६ ६ जना	मादी-८ १-२) मे २०२६ ११ जना	

९. किसानलाई तरकारी बीउ सहयोग



तरकारी बीउ सहयोग कार्यक्रमलाई कृषि उत्पादन सुदृढ गर्ने तथा साना किसानबीच प्राकृतिक खेतीको अभ्यास प्रवर्द्धन गर्ने उद्देश्यले दुई प्रमुख खेती मौसममा कार्यान्वयन गरिएको थियो । पहिलो चरणमा जुन २०२६ मा रायोको साग, धनियाँ, सिमी, मुला, अदुवा तथा बेसारको बीउ वितरण गरिएको थियो । दोस्रो चरण अक्टोबर

२०२६ मा सञ्चालन गर्ने योजना रहेकोमा मुला, आलु, रायोको साग, प्याज तथा धनियाँको बीउ सहयोग गर्ने योजना रहेको छ । मौसमी बीउ सहयोगले किसानलाई विभिन्न प्रकारका बाली उत्पादन गर्न, घरपरिवारमा खाद्य उपलब्धता बढाउन तथा दिगो तरकारी उत्पादनमार्फत आयआर्जनका अवसर सिर्जना गर्न सहयोग गर्ने उद्देश्य राखेको छ । प्राकृतिक खेती तालिम कार्यक्रमअन्तर्गत कास्कीका अन्नपूर्ण, माछापुच्छ्रे तथा मादी गाउँपालिकाका २० वटा किसान समूहका ४०० किसानलाई बीउ सहयोग गरिएको थियो । सम्बन्धित समूहका स्थानीय स्रोत व्यक्ति LRP हरूलाई किसान तालिम सञ्चालन, प्राविधिक मार्गदर्शन तथा प्राकृतिक खेतीको अवलम्बन प्रवर्द्धनका लागि परिचालन गरिएको थियो । ICDP मार्फत परिचित गराइएका शून्य जोताइ Zero-tillage तथा मल्चिङ प्रविधिको प्रयोगमा समेत जोड दिइएको थियो । यस पहलले LRP को व्यावहारिक ज्ञान हस्तान्तरण क्षमता सुदृढ गर्दै उत्पादकत्व, माटोको स्वास्थ्य, खाद्य सुरक्षा तथा प्राकृतिक खेतीका सिद्धान्तको व्यापक अवलम्बनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

१०. कफी उत्पादनमा प्राकृतिक खेती



मादी गाउँपालिका वडा नं । ८, ९, १० र ११ का २०० जना कफी किसानलाई कफीमा आधारित कृषि प्रणाली स्थापना तथा विस्तार गर्न कफीका बिरुवा उपलब्ध गराइएको छ । यस कार्यक्रमले किसानलाई उत्पादन विविधीकरण, उपलब्ध जमिनको प्रभावकारी उपयोग तथा बहुवर्षीय बालीमार्फत दिगो आयआर्जनका स्रोत विकास गर्न प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । कफीका बिरुवा वितरणसँगै किसानहरूलाई माटो संरक्षण, न्यूनतम माटो चलाउने अभ्यास, मल्चिङ, स्थानीय रूपमा उपलब्ध प्राकृतिक स्रोतको प्रयोग तथा रासायनिक मल र विषादीमाथिको निर्भरता घटाउने प्राकृतिक खेतीका सिद्धान्त अपनाउन प्रोत्साहन तथा प्राविधिक सहयोग प्रदान गरिनेछ । दुई मौसममा कार्यक्रम कार्यान्वयन गर्दा किसानले विभिन्न जलवायु तथा उत्पादन अवस्थाअन्तर्गत प्रविधिहरूको अभ्यास तथा अवलोकन गर्न पाउनेछन् । LRP मार्फत नियमित प्राविधिक मार्गदर्शन, स्थलगत फलोअप तथा अनुगमन गरिनेछ । यस एकीकृत दृष्टिकोणले दिगो, उत्थानशील, वातावरणमैत्री तथा स्थानीय परिस्थितिअनुकूल कृषि प्रणाली विकास गर्नुका साथै कृषि उत्पादकत्व, खाद्य सुरक्षा तथा किसानको दीर्घकालीन जीविकोपार्जनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

११. कृषि सामग्री तथा खेतीका सहायक सामग्री सहयोग

समुदायस्तरीय किसान समूहलाई कृषि सामग्री तथा खेतीका सहायक सामग्री सहयोग प्राकृतिक खेती पहलको महत्वपूर्ण हिस्सा हो । यसले अगुवा किसान तथा स्थानीय स्रोत व्यक्तिहरूको क्षमता सुदृढ गर्दै समुदायमा



दिगो कृषि अभ्यासको प्रदर्शन तथा प्रवर्द्धन गर्न सहयोग गर्दछ । किसानलाई आवश्यक कृषि सामग्रीको पहुँच तथा प्रयोगका साथै IMO, FPJ, FFj, OHN जस्ता प्राकृतिक खेतीका इनपुट तयार तथा प्रयोग गर्न सहयोग गरिएको छ । यो सहयोग ८ वटा किसान समूहमार्फत कार्यान्वयन गरिएको थियो, जसमा अन्नपूर्ण गाउँपालिकाका ५, माछापुच्छ्रे गाउँपालिकाका २ र मादी गाउँपालिकाको १ समूह रहेका छन् । ९३ जना अगुवा किसानको लक्ष्य राखिएकोमा कुल ९६ जना किसानले आवश्यक सामग्री प्राप्त गरेका थिए । यसरी निर्धारित लक्ष्यभन्दा बढी किसानसम्म सहयोग विस्तार भएको छ । सहयोग प्राप्त किसानहरूले सामग्री प्रयोग गरी प्राकृतिक खेतीका इनपुट तयार तथा प्रयोग गर्ने, आफ्ना खेतबारीमा अभ्यास प्रदर्शन गर्ने तथा समुदायका अन्य सदस्यसँग ज्ञान तथा सीप आदान-प्रदान गर्ने अपेक्षा गरिएको छ । यस सहयोगले स्थानीय क्षमता सुदृढ गर्नुका साथै प्राकृतिक खेतीका सिद्धान्तको व्यापक अवलम्बन, स्थानीय रूपमा तयार गरिएका कृषि इनपुटको पहुँच तथा उत्थानशील, दिगो र वातावरणमैत्री कृषि अभ्यास प्रवर्द्धनमा योगदान पुऱ्याएको छ ।

१२. किसानलाई प्राकृतिक खेती तालिम

प्राकृतिक खेती प्रवर्द्धन कार्यक्रम दुई मौसममा कार्यान्वयन गरी दिगो कृषि प्रवर्द्धन, उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा सुदृढीकरण तथा किसानको जीविकोपार्जन सुधारमा जोड दिइएको छ । पहिलो चरणमा लक्षित ४०० किसानलाई बीउ सहयोग तथा २०० कफी किसानलाई कफीका बिरुवा उपलब्ध गराउँदै जोताइरहित खेती, मल्चिङ, माटो ढाक्ने व्यवस्थापन तथा प्राकृतिक खेतीका इनपुटको प्रयोग जस्ता अभ्यासलाई प्रवर्द्धन गरिएको छ । प्रभावकारी कार्यान्वयन, फलोअप तथा प्राविधिक मार्गदर्शनका लागि ३० वटा LRP समूहबाट ३० जना LRP परिचालन गरिएको छ । LRP हरूले किसानलाई स्थलगत कोचिङ, अनुगमन तथा सहजीकरण मार्फत प्राकृतिक खेतीका प्रविधि अपनाउन सहयोग गरिरहेका छन् । यस एकीकृत प्रयासबाट प्राकृतिक खेती प्रविधिको अवलम्बन, स्थानीय क्षमता, कृषि उत्पादन तथा घरपरिवारको खाद्य सुरक्षामा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

१३. LRP परिचालन

प्राकृतिक खेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत ३) वटा समूहबाट ३० जना LRP परिचालन गरिएको छ । गुणस्तरीय बीउ तथा अन्य कृषि सामग्रीको समयमै उपलब्धतासँगै LRP परिचालनले दिगो कृषि अभ्यास प्रवर्द्धन, बाली

उत्पादकत्व वृद्धि, घरपरिवारको खाद्य सुरक्षा तथा किसान समुदायको उत्थानशीलता सुदृढ गर्न महत्वपूर्ण भूमिका खेल्दछ। यस वर्ष बीउ सहयोग तथा प्राकृतिक खेती प्रवर्द्धनका गतिविधिहरू दुई फरक मौसममा कार्यान्वयन गर्ने योजना बनाइएको छ, जसले किसानलाई उपयुक्त बाली तथा जात छनोट गरी मौसमअनुकूल सुधारिएको कृषि प्रविधि प्रयोग गर्ने अवसर प्रदान गर्दछ। पहिलो चरण अन्तर्गत लक्षित ४०० किसानलाई बीउको पहिलो चरण वितरण भइसकेको छ किसानहरूले उक्त बीउ प्रयोग गरी जोताइरहित खेती, मल्चिङ, माटो ढाक्ने व्यवस्थापन, स्थानीय जैविक स्रोतको प्रयोग तथा वातावरणमैत्री प्रविधि अपनाउन थालेका छन्। तर कार्यक्रम केवल बीउ वितरणमा सीमित नभई किसानको ज्ञान, सीप तथा दिगो कृषि अभ्यास अपनाउने आत्मविश्वास विकास गर्ने एकीकृत कार्यक्रमका रूपमा कार्यान्वयन गरिएको छ। साथै, २०० कफी किसानलाई कफीका बिरुवा उपलब्ध गराई कफीमा आधारित कृषि प्रणालीको स्थापना तथा विस्तारमा सहयोग गरिएको छ। यसले उत्पादन विविधीकरण, उपलब्ध जमिनको प्रभावकारी उपयोग तथा बहुवर्षीय बालीमार्फत दीर्घकालीन आयआर्जनका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

दुई मौसममा कार्यक्रम सञ्चालन गर्दा किसानले फरक जलवायु तथा उत्पादन अवस्थाअन्तर्गत विभिन्न कृषि प्रविधिको अभ्यास तथा तुलना गर्न सक्नेछन्। परियोजना टोली तथा LRP ले प्रगति अनुगमन, चुनौती पहिचान तथा आवश्यक प्राविधिक मार्गदर्शन र फलोअप प्रदान गर्नेछन्। बीउ सहयोग, कफी बिरुवा वितरण, किसान तालिम, प्राविधिक सहयोग तथा प्राकृतिक खेती प्रवर्द्धनको संयुक्त प्रयासले छोटो अवधिमा कृषि उत्पादन वृद्धि गर्नुका साथै दिगो, उत्थानशील तथा स्थानीय परिस्थितिअनुकूल कृषि प्रणाली विकास गर्न सहयोग गर्नेछ। यसबाट घरपरिवारको खाद्य उपलब्धता, कृषि उत्पादकत्व, उत्पादन जोखिम व्यवस्थापन, माटोको स्वास्थ्य, वातावरण संरक्षण तथा किसानको जीविकोपार्जनका अवसरमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

१४. जलवायु-स्मार्ट कृषि व्यवसाय तथा बजार व्यवस्थापन तालिम

जलवायु-स्मार्ट कृषि व्यवसाय तथा बजार व्यवस्थापनसम्बन्धी क्षमता विकासमार्फत किसानहरूलाई उत्पादन योजना, लागत व्यवस्थापन, बजेट निर्माण, अभिलेख व्यवस्थापन, कृषि व्यवसाय सञ्चालन तथा बजारसँगको सम्बन्ध सुदृढ गर्न सहयोग गर्ने उद्देश्य राखिएको छ।



१५. वस्तुगत सहयोग (In-kind Support)



वस्तुगत सहयोग परियोजनाअन्तर्गत प्रायोजित परिवारको जीविकोपार्जन तथा आयआर्जनका अवसर सुदृढ गर्न प्रदान गरिने प्रत्यक्ष सहयोग हो । सन् २०२६ मा १० प्रायोजित परिवारलाई सहयोग गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा बढी कुल ११ परिवारले सहयोग प्राप्त गरेका छन् । तीमध्ये १० परिवारलाई कुखुरा खोर तथा १ परिवारलाई मौरीसहितको मौरीघार उपलब्ध गराइएको थियो । यस सहयोगले दिगो जीविकोपार्जनका विकल्प प्रवर्द्धन, घरपरिवारको आय वृद्धि तथा प्रायोजित परिवारको आर्थिक उशीलता सुदृढ गर्ने उद्देश्य राखेको छ ।

१६. व्यावसायिक सीप विकास सहयोग (Vocational Leadership Support)

ICDP अन्तर्गत POA 2026 अनुसार १२ जना स्नातक तह पूरा गरेका प्रायोजित बालबालिकालाई व्यावहारिक सीप विकास तथा भविष्यको रोजगारी र जीविकोपार्जनका अवसर सुधार गर्न व्यावसायिक तालिम उपलब्ध गराउने योजना रहेको थियो । हाल सम्म २ जना विद्यार्थीले Olgapuri Vocational School मा व्यावसायिक तालिम प्राप्त गरेका छन जहाँ उनीहरूले प्राविधिक तथा रोजगारीमुखी सीप हासिल गरिरहेका छन् । यस पहलले प्रायोजित बालबालिकामा बजारको मागअनुकूल व्यावसायिक दक्षता विकास, आत्मनिर्भरता तथा दिगो रोजगारी र आयआर्जनतर्फ जाने अवसर सिर्जना गर्ने उद्देश्य राखेको छ ।

१७. CIRCLE परियोजना

१७.१ गोठ सुधार सहयोग



CIRCLE परियोजना अन्तर्गत माछापुच्छ्रे गाउँपालिकाका ९ जना प्रायोजित परिवारलाई पशुपालन अभ्यास सुदृढ तथा घरपरिवारको जीविकोपार्जनका अवसर सुधार गर्न गोठ सुधार सहयोग प्रदान गरिएको थियो । परिवारहरूलाई कुखुरा खोर, दाना तथा चल्ला उपलब्ध गराउनुका साथै बाख्रा तथा गाईरभैँसीका गोठ सुधार गर्न आवश्यक सहयोग गरिएको थियो । यसबाट पशुपन्छी पालनका लागि सुरक्षित, सफा तथा उपयुक्त वातावरण सिर्जना गर्न तथा उपलब्ध घरायसी स्रोतको प्रभावकारी उपयोग गर्न सहयोग पुगेको छ । सुधारिएको गोठले पशु स्वास्थ्य, सरसफाइ तथा उत्पादकत्व

सुधार गर्न र अव्यवस्थित पशु आवासबाट हुने जोखिम घटाउन सहयोग गर्दछ। साथै, परिवारलाई साना स्तरका पशुपालन तथा कुखुरापालन व्यवसायमा संलग्न भई घरपरिवारको आय तथा खाद्य सुरक्षाका थप स्रोत विकास गर्न प्रोत्साहित गरिएको छ। यस सहयोगले लाभग्राही परिवारको उत्पादनशील सम्पत्रि सुदृढ गर्नुका साथै दिगो तथा विविधीकृत जीविकोपार्जन अभ्यास प्रवर्द्धनमा योगदान पुऱ्याएको छ।

१७.२ जीविकोपार्जन सहयोग



CIRCLE परियोजना अन्तर्गत थप जीविकोपार्जन सहयोगका रूपमा माछापुच्छ्रे गाउँपालिकाका २० प्रायोजित परिवारलाई कुखुरा खोर, चल्ला तथा दाना उपलब्ध गराउनुका साथै पशुपालनसम्बन्धी संरचना सुधार गर्न सहयोग गरिएको थियो। यस सहयोगले परिवारलाई साना स्तरको कुखुरापालन व्यवसाय स्थापना वा विस्तार गर्न तथा बाख्रा र गाईरभैंसीका गोठ सुधार गर्न सहयोग पुऱ्याएको छ। यस प्रकारको एकीकृत जीविकोपार्जन सहयोगले परिवारलाई आयआर्जनका स्रोत विविधीकरण गर्न र एउटै जीविकोपार्जनमा निर्भरता घटाउन अवसर प्रदान गर्दछ। सुधारिएको पशु आवास तथा कुखुरापालन सामग्रीले पशुपन्छी व्यवस्थापन, उत्पादन तथा घरपरिवारको आयआर्जनमा सुधार ल्याउन सहयोग गर्न सक्छ। यस पहलले घरपरिवारका उपलब्ध स्रोतको उत्पादनशील उपयोग तथा दिगो साना उद्यम विकासलाई प्रोत्साहित गर्दै आर्थिक उत्थानशीलता, खाद्य सुरक्षा तथा समग्र घरपरिवारको कल्याणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

१७.३ घरायसी करेसाबारी



CIRCLE परियोजना अन्तर्गत माछापुच्छ्रे गाउँपालिका-९ का ३७ प्रायोजित परिवारलाई घरायसी करेसाबारी स्थापना तथा सुदृढीकरणका लागि सहयोग प्रदान गरिएको थियो। प्रत्येक परिवारलाई करेसाबारीका पाइप तथा मौसमी तरकारीका बीउ उपलब्ध गराइएको थियो। यसबाट घर वरपर उपलब्ध स्थानको उपयोग गरी वर्षभरि ताजा, पौष्टिक तथा स्थानीय परिस्थितिअनुकूल तरकारी उत्पादन गर्न प्रोत्साहन गरिएको छ। करेसाबारीका पाइपले सिँचाइ व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्ने तथा मौसमी बीउले स्थानीय उत्पादन अवस्थाअनुसार विभिन्न बाली लगाउन अवसर प्रदान गर्नेछ। यसले घरपरिवारको खाद्य तथा

पोषण सुरक्षामा सुधार ल्याउनुका साथै बजारबाट तरकारी खरिदमा हुने खर्च घटाउन र बढी उत्पादन भएको अवस्थामा सानो स्तरमा आयआर्जन गर्ने अवसरसमेत सिर्जना गर्न सक्छ । यस पहलले वातावरणमैत्री कृषि अभ्यास तथा दिगो घरायसी खाद्य उत्पादनसम्बन्धी व्यावहारिक ज्ञान र सीप विकासमा समेत सहयोग पुऱ्याएको छ।

१७.४ थप जीविकोपार्जन सहयोग



CIRCLE परियोजना अन्तर्गत मादी, अन्नपूर्ण तथा माछापुच्छ्रे गाउँपालिकाका ९ प्रायोजित परिवारलाई पशुपालनका संरचना सुधार गर्न थप जीविकोपार्जन सहयोग प्रदान गरिएको थियो । परिवारहरूलाई CG sheet, पाइप, ड्रम तथा सिमेन्ट जस्ता आवश्यक सामग्री उपलब्ध गराई बाख्रा तथा गाई र भैंसीका गोठ निर्माण, मर्मत तथा सुधारमा सहयोग गरिएको थियो ।

उपलब्ध सामग्रीले परिवारलाई थप सुरक्षित, स्वच्छ तथा मौसम प्रतिरोधी पशु आवास निर्माण गर्न सहयोग पुऱ्याएको छ। सुधारिएको पशु गोठले पशुको स्वास्थ्य तथा व्यवस्थापनमा सुधार ल्याउनुका साथै प्रतीकूल मौसमबाट हुने जोखिम घटाउन र पशुपालनका लागि उपयुक्त वातावरण सिर्जना गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। यस हस्तक्षेपले घरपरिवारका उत्पादनशील सम्पत्ति सुदृढ गर्दै पशुपालनमा आधारित जीविकोपार्जनलाई खाद्य, मल तथा आयआर्जनको सम्भावित स्रोतका रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ । समग्रमा, यस सहयोगले जीविकोपार्जन विविधीकरण, घरपरिवारको उत्थानशीलता तथा प्रायोजित परिवारका लागि दिगो आर्थिक अवसर सिर्जना गर्न योगदान पुऱ्याएको छ।

जनस्वास्थ्य :

ग्रामिण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोग :

कार्यक्षेत्रमा रहेका जनस्वास्थ्यका कार्यक्रम सञ्चालन गर्न परियोजनाले निम्न स्वास्थ्य संस्थासँग सहकार्य गर्दै आएको छ।

क्र.स.	स्वास्थ्य संस्थाको नाम	कार्य क्षेत्र
१	मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका ८, नागिधार
२	मिजुरे स्वास्थ्य चौकी	मादी गाउँपालिका ९, गोंजे
३	भाचोक स्वास्थ्य चौकी	मादी गाउँपालिका १० भाचोक

४	थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका १०, थुम्सीकोट
५	सैमराङ्ग स्वास्थ्य चौकी	मादी गाउँपालिका ११, सैमराङ्ग
६	भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र	माछापुच्छ्रे गाउँपालिका ६, भेडाबारी
७	आधारभूत स्वास्थ्य सेवा केन्द्र	माछापुच्छ्रे गाउँपालिका ८, ठाँटी
८	ल्वाङ सामुदायीक स्वास्थ्य इकाई	माछापुच्छ्रे गाउँपालिका ८, ल्वाङ
९	सिदिङ् सामुदायीक स्वास्थ्य इकाई	माछापुच्छ्रे गाउँपालिका ९, सिदिङ
१	ल्वाङघलेल स्वास्थ्य चौकी	माछापुच्छ्रे गाउँपालिका ९, सैतीखोला
११	सल्यान स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका ४, सल्यान
१२	लुम्ले स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका ६, माझगाँउ
१३	आधारभूत स्वास्थ्य सेवा केन्द्र	अन्नपूर्ण गाउँपालिका ६, लुम्ले
१४	तोल्का सामुदायीक स्वास्थ्य इकाई	अन्नपूर्ण गाउँपालिका ७, तोल्का

सामान्य स्वास्थ्य परीक्षण

सामान्य स्वास्थ्य परीक्षण (General Health Check-up) स्वास्थ्य तथा खानेपानी, सरसफाइ र स्वच्छता (WASH) क्षेत्रअन्तर्गतका प्रमुख गतिविधिहरूमध्ये एक हो । प्रायोजित बालबालिकाहरूको वार्षिक स्वास्थ्य परीक्षण उनीहरूको स्वास्थ्य अवस्थाको मूल्याङ्कन गर्न तथा थप उपचार आवश्यक पर्ने सम्भावित गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाहरूको पहिचान गर्न अनिवार्य रूपमा गरिन्छ ।





यस वर्ष यो गतिविधि स्थानीय स्वास्थ्य संस्थाहरू तथा स्थानीय सरकारसँगको समन्वयमा सञ्चालन गरिएको थियो । कार्यक्रम अन्तर्गत स्वास्थ्य परीक्षण, आवश्यक औषधि वितरण तथा स्वास्थ्य अभिलेख व्यवस्थापनजस्ता सेवाहरू प्रदान गरिएको थियो । यसबाट

बालबालिकाहरूको स्वास्थ्य अवस्थामा सुधार ल्याउनुका साथै उनीहरूको विद्यालयमा नियमित सहभागिता र उपस्थितिलाई प्रोत्साहन गर्ने उद्देश्य राखिएको थियो ।

यो कार्यक्रम तीनवटा गाउँपालिका–मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकामा सञ्चालन गरिएको थियो । सम्बन्धित स्थानीय तहका प्रतिनिधिहरूले NGN, कास्कीसँग समझदारीपत्र (MoU) मा हस्ताक्षर गरेका थिए । यस वर्ष कुल ९५१ जना प्रायोजित बालबालिका र १,८३६ जना गैरप्रायोजित बालबालिकाले सामान्य स्वास्थ्य परीक्षण सेवा प्राप्त गरेका छन् । ।

प्रसन्न भण्डारी (NPL-0122-001338) **लाई एपेन्डिसाइटिसको उपचारका लागि रु । १९०२६ सहयोग**



माछापुच्छ्रे गाउँपालिका-८, खोरामुख, कास्की निवासी बालक प्रसन्न भण्डारी **(NPL-0122-001338)** लाई ६ अगस्ट २०२६ मा पेटमा अत्यधिक दुखाइ भएपछि पोखरा एकेडेमी अफ हेल्थ साइन्सेस, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा भर्ना गरिएको थियो । चिकित्सकीय प्रतिवेदनअनुसार उनलाई एपेन्डिसाइटिस **(Appendicitis)** भएको निदान गरिएको थियो ।प्रसन्न भण्डारीले महत्त्वपूर्ण उपचार सहायता (Critical Treatment Support) अन्तर्गत उपचारका लागि रु । १९०२६ सहयोग प्राप्त गरेका छन् । ।

त्रिशा गुरुङ (NPL-0122-001334) लाई माथिल्लो श्वासप्रश्वास नलीको संक्रमणको उपचारका लागि रु । २२,५८३ सहयोग



प्रायोजित बालिका त्रिशा गुरुङ **(NPL-0122-001334)** त्रिशालाई १०३ डिग्री फरेनहाइटसम्म उच्च ज्वरो आउनुका साथै बेलाबेलामा छाती दुख्ने र श्वास फेर्न कठिनाइ हुने समस्या देखिएपछि मणिपाल शिक्षण अस्पतालमा भर्ना गरिएको थियो । चिकित्सकीय प्रतिवेदनअनुसार उनको अन्तिम निदान माथिल्लो श्वासप्रश्वास नलीको संक्रमण **(Upper Respiratory Tract Infection)** भएको थियो । त्रिशा गुरुङले माथिल्लो श्वासप्रश्वास नलीको संक्रमणको उपचारका लागि रु २२,५८३ उपचार सहायता प्राप्त गरेकी छिन् । ।

सन्देश केसी (NPL-0122-001025) एपेन्डिसाइटिसको शल्यक्रियाका लागि रु। १३,५०९ सहयोग



सन्देश केसी (NPL-0122-001025) प्रायोजित बालबालिकामध्ये एकलाई भिडियो एक्स-रे परीक्षणपछि एपेन्डिसाइटिस भएको पहिचान गरी आकस्मिक कक्षमा भर्ना गरेर आवश्यक उपचार सुरु गरिएको थियो। यसअघि पनि सोही समस्याका कारण सन् २०२५ मा उनले गम्भीर स्वास्थ्य उपचार सहयोग प्राप्त गरेका थिए तथापि, एपेन्डिसाइटिसको पुनः समस्या देखिएपछि ३ जनवरी २०२६ मा उनको शल्यक्रिया गरिएको थियो, जसपश्चात् उनको उपचार सफलतापूर्वक सम्पन्न भएको थियो। उनको एपेन्डिसाइटिस सम्बन्धी उपचारका लागि एकीकृत सामुदायीक विकास परियोजनामार्फत रु। १३,५०९ बराबरको गम्भीर स्वास्थ्य उपचार सहयोग प्रदान गरिएको थियो ।

आशिक कार्की (NPL-0122-001772) दायाँ हातको फ्र्याक्चर उपचारका लागि को रु। ८,४३३



मादी गाउँपालिका-११, बरालडाँडाका आशिक कार्की **(NPL-0122-001772)** प्रायोजन कार्यक्रममा आबद्ध प्रायोजित बालक थिए । अचानक भुइँमा लडेपछि उनलाई ३ मार्च २०२६ मा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (PoAHS), पोखरा लगिएको थियो । स्वास्थ्य परीक्षणका क्रममा उनको दाहिने हातमा फ्र्याक्चर भएको पुष्टि भएपछि उपचारका क्रममा फ्र्याक्चर भएको स्थानमा मेटल रड राखिएको थियो। उनको शल्यक्रिया सहितको उपचार पूरा भएको र उपचार खर्चमा सहयोग पुऱ्याउने उद्देश्यले एकीकृत सामुदायीक विकास परियोजनामार्फत रु । ८,४३३ बराबरको गम्भीर स्वास्थ्य उपचार सहयोग प्रदान गरिएको थियो।

प्रायोजित बालबालिका तथा परिवारका लागि स्वास्थ्य, सरसफाइ र महिनावारीसम्बन्धी अभ्यासबारे सचेतना कार्यक्रम



प्रायोजित बालबालिका तथा उनीहरूका अभिभावक र हेरचाहकर्ताहरूमा व्यक्तिगत सरसफाइ, महिनावारी स्वच्छता तथा घरायसी सरसफाइसम्बन्धी जानकारी बढाउने र सकारात्मक व्यवहारको विकास गर्ने उद्देश्यले स्वास्थ्य, सरसफाइ तथा महिनावारीसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको



थियो । यस कार्यक्रमले स्वास्थ्य तथा सामाजिक विषयमा खुला छलफल, अनुभव आदानप्रदान र बालबालिका तथा अभिभावकबीच आपसी संवाद गर्ने अवसर प्रदान गरेको थियो। साथै, स्थानीय संस्कृति र सामाजिक अवस्थालाई ध्यानमा राख्दै संवेदनशील विषयहरूमा सहज रूपमा छलफल गर्न सहभागीमूलक वातावरण सिर्जना गरिएको थियो ।यस वर्ष माछापुच्छ्रे, मादी र अन्नपूर्ण गाउँपालिकाका विभिन्न विद्यालय तथा समुदायमा गरी ८ वटा कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमहरू हिमालय माध्यमिक विद्यालय-ताल्का, गौरीशंकर माध्यमिक विद्यालय-सैतिखोला, तारे बराह आधारभूत विद्यालय-लुम्रे, संगम माध्यमिक विद्यालय-लुम्ले, जनकल्याण माध्यमिक विद्यालय-मकैखोला, जनमन्दिर आधारभूत विद्यालय-थुम्सीकोट, सेवा मिलन-भाचोक र हिमालय माध्यमिक विद्यालय-गोरजे मा सञ्चालन भएका थिए । कार्यक्रममा स्वास्थ्य तथा सरसफाइसम्बन्धी अभिमुखीकरण सत्र सञ्चालन गर्नुका साथै प्रायोजित बालबालिकाहरूलाई १६० वटा पानीका बोतल वितरण गरिएको थियो ।

विद्यालयहरूमा महिनावारी स्वच्छता व्यवस्थापन (MHM) कक्ष स्तरोन्नति



कास्की जिल्लाका मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाका छनोट गरिएका ७ वटा विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन **(MHM)** कक्ष स्तरोन्नति गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । महिनावारीको समयमा किशोरीहरूलाई सुरक्षित, सहयोगी र स्वच्छ वातावरण उपलब्ध गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

यस सहयोगअन्तर्गत MHM कक्षको आवश्यक व्यवस्थापन तथा सजावट, फर्निचर, आवश्यक उपयोगी सामग्री, सरसफाइका सामग्री तथा आधारभूत स्वास्थ्यसम्बन्धी सामग्रीहरू उपलब्ध गराइएको थियो । यसबाट किशोरीहरूलाई महिनावारीका समयमा आवश्यक सुविधा र सहज वातावरण प्रदान गर्नुका साथै महिनावारीका कारण विद्यालयमा हुने अनुपस्थितिलाई कम गर्न र किशोरीहरूको सम्मान, आत्मविश्वास तथा सहजता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस कार्यक्रमअन्तर्गत निम्न ७ वटा विद्यालयमा आवश्यक सामग्री वितरण तथा MHM कक्ष स्तरोन्नतिको

सहयोग गरिएको थियो ।

» गौरीशंकर माध्यमिक विद्यालय - सैतिघट्टा

» संगम माध्यमिक विद्यालय - लुम्ले

» जनकल्याण माध्यमिक विद्यालय - मकैखोला

» जनमन्दिर आधारभूत विद्यालय - थुम्सीकोट

» प्रगतिशील माध्यमिक विद्यालय - सल्यान

» हिमालय माध्यमिक विद्यालय - गोंजे

» हिमालय माध्यमिक विद्यालय - तोल्का

यस पहलले विद्यालयमा किशोरीमैत्री, सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्न तथा महिनावारी स्वास्थ्य व्यवस्थापनसम्बन्धी सकारात्मक अभ्यासलाई प्रोत्साहन गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।

प्रायोजित परिवारका घरमा WASH सुविधा उपलब्ध गराउने कार्यक्रम

स्वस्थ जीवनयापनका लागि सरसफाइ तथा स्वच्छताको स्तर बढाउने र मानव मलमूत्रको उचित व्यवस्थापन तथा सुरक्षित विसर्जन सुनिश्चित गर्ने उद्देश्यले प्रायोजित परिवारका घरमा **WASH** (खानेपानी, सरसफाइ तथा स्वच्छता) सुविधा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको थियो । यस कार्यक्रमअन्तर्गत माछापुच्छ्रे गाउँपालिकाका ५ जना, अन्नपूर्ण गाउँपालिकाका २ जना र मादी गाउँपालिकाका १४ जना प्रायोजित बालबालिकाका परिवारलाई शौचालय निर्माण तथा मर्मतसम्भारका लागि आवश्यक सामग्री उपलब्ध गराइएको थियो । यस सहयोगबाट प्रायोजित परिवारहरूमा सुरक्षित र स्वच्छ शौचालयको पहुँच बढाउनुका साथै घरपरिवारको सरसफाइ, स्वच्छता तथा स्वस्थ जीवनयापनमा सुधार ल्याउन सहयोग पुगेको छ ।

वडा स्तरीय WASH FIT नीति संवाद कार्यक्रम

स्वास्थ्य क्षेत्रको खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) को अवस्था सुदृढ गर्ने उद्देश्यले सम्बन्धित वडासँगको सहकार्यमा वडा स्तरीय WASH FIT नीति संवाद कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम मादी गाउँपालिका वडा नं ११, मा २६ अगस्ट २०२६, माछापुच्छ्रे गाउँपालिका वडा नं । ८, लुम्रेमा २ सेप्टेम्बर २०२६ र अन्नपूर्ण गाउँपालिका वडा नं । ७, ह्वाडीमा ३ सेप्टेम्बर २०२६ मा सञ्चालन गरिएको थियो ।



कार्यक्रममा स्वास्थ्य संस्थाका कर्मचारी, वडा पदाधिकारी, गाउँपालिकाका जनप्रतिनिधि, महिला स्वास्थ्य



स्वयंसेविका (FCHV), प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति (SMC) का प्रतिनिधि तथा अन्य प्रमुख सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य संस्थाहरूमा WASH को अवस्थासम्बन्धी प्रगतिको समीक्षा तथा छलफल गरिएको थियो । संवाद कार्यक्रम सञ्चालनका लागि पावरपोइन्ट प्रस्तुतीकरण, चेकलिस्ट तथा समूह छलफल विधि प्रयोग गरिएको थियो । कार्यक्रमको सहजीकरण गण्डकी प्रदेश, प्रादेशीक रोग नियन्त्रण केन्द्रका कार्यक्रम अधिकृत तथा बाह्य परामर्शदाता श्री सन्तोष पौडेलले गर्नुभएको थियो ।

कुल सहभागी सङ्ख्या ७७ जना

» पुरुष (२९जना

» महिला (४८ जना

संवाद कार्यक्रमले स्वास्थ्य संस्थाहरूमा खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी प्रमुख उपलब्धि, अभ्यास तथा चुनौतीहरूबारे समीक्षा तथा अनुभव आदानप्रदान गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको थियो। कार्यक्रमको समापनका क्रममा अन्नपूर्ण गाउँपालिका वडा नं। ७ का वडा अध्यक्षले आगामी दिनमा स्वास्थ्य संस्थाहरूको खानेपानी तथा सरसफाइ क्षेत्रलाई सहयोग र समन्वय गर्न वडा नं ७ सदैव सकारात्मक र प्रतिबद्ध रहने बताउँदै NGN लाई अन्नपूर्ण गाउँपालिकाका स्वास्थ्य संस्थाहरूको अवस्था सुधार गर्न यति फलदायी कार्यक्रम सञ्चालन गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

CIRCLE परियोजना

घर मर्मतसम्भार - CIRCLE परियोजना

जोखिममा रहेका परिवारका प्रायोजित बालबालिकाहरूको जीवनयापनको अवस्था सुधार गर्न, सुरक्षा सुनिश्चित गर्न तथा समग्र कल्याण प्रवर्द्धन गर्न, लक्षित समुदायमा रहेका १८ जना प्रायोजित बालबालिकाका घर मर्मतसम्भारका लागि कास्की एकीकृत सामुदायीक विकास परियोजना ले सहयोग गर्ने योजना बनाएको थियो ।यस कार्यक्रमअन्तर्गत प्रत्येक घरपरिवारको आवश्यकता तथा घरको संरचनात्मक अवस्थाका आधारमा आवश्यक निर्माण सामग्रीहरू, जस्तै सिमेन्ट, छानोका लागि प्रयोग हुने कीला, न्ह्सिट तथा प्लेन सिट र बाँध्ने तार (Binding Wire) उपलब्ध गराइएको थियो। घर मर्मतसम्भारका लागि माछापुच्छ्रेबाट ४ जना,

अन्नपूर्णबाट ४ जना र मादीबाट १० जना गरी जम्मा १८ जना बालबालिकाले सहयोग प्राप्त गरेका छन् ।



पहिले



अहिले

शौचालय मर्मत तथा निर्माण - CIRCLE परियोजनास्

CIRCLE परियोजना (GNI Fund) अन्तर्गत कास्की जिल्लाका मादी गाउँपालिका र अन्नपूर्ण गाउँपालिकामा रहेका १० जना प्रायोजित बालबालिकाका परिवारलाई शौचालय मर्मत तथा निर्माणका लागि सहयोग प्रदान गरिएको छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित घरपरिवारको आवश्यकतालाई पहिचान गर्न विस्तृत स्थलगत भ्रमण तथा आवश्यकता मूल्याङ्कन सम्पन्न गरिएको थियो । आवश्यकता मूल्याङ्कनबाट प्राप्त विवरणका आधारमा नौलो घुम्ती नेपालका प्राविधिक कर्मचारीहरूद्वारा प्रत्येक घरपरिवारका लागि आवश्यक विस्तृत लागत अनुमान (Budget Estimation) तयार गरिएको थियो । परियोजनाअन्तर्गत योजनाबमोजिम शौचालय मर्मत तथा निर्माणका सम्पूर्ण कार्यहरू सफलतापूर्वक सम्पन्न भएका छन् । । उक्त कार्यसँग सम्बन्धित प्रतिवेदन तथा दस्तावेजीकरण प्रक्रिया सन् २०२६ को जुन महिनाको अन्त्यसम्ममा सम्पन्न गरिएको थियो ।



पहिले



अहिले

सामग्री वितरण - CIRCLE परियोजना

रोगहरूको फैलावट रोकथाम गर्ने, आवश्यक स्वास्थ्य तथा व्यक्तिगत सरसफाइसम्बन्धी व्यवहार प्रवर्द्धन गर्ने र प्रायोजित बालबालिकाहरूको स्वास्थ्य, स्वच्छता तथा मर्यादा कायम राख्ने उद्देश्यले **CIRCLE** परियोजना अन्तर्गत कास्की ICDP ले स्वच्छता सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको थियो । यस कार्यक्रमअन्तर्गत माछापुच्छ्रे गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका तथा पोखरा महानगरपालिकाका विभिन्न वडा तथा विद्यालयमा रहेका जम्मा ९६५ जना प्रायोजित बालबालिकाहरू लाभान्वित भएका थिए, जसमा ४८० जना बालक र ४८५ जना बालिका रहेका थिए । प्रत्येक बालबालिकालाई माइक्रोफाइबर तौलिया, नङ काट्ने कटर, हात धुने साबुन सेट, ग्लिसरिन, मोइस्चराइजर, टूथपेस्ट तथा टूथब्रस, कपाल कोर्ने काइँयो तथा तेल, साबुन राख्ने बट्टा, लुगा धुने साबुन र रुमाललगायतका आवश्यक व्यक्तिगत स्वच्छता सामग्रीहरू समावेश गरिएको स्वच्छता किट उपलब्ध गराइएको थियो ।

पानी ट्याङ्की - CIRCLE परियोजना

लक्षित लाभग्राही परिवारहरूमा सुरक्षित खानेपानीको पहुँच सुधार गर्ने, स्वच्छ तथा स्वास्थ्यकर व्यवहार प्रवर्द्धन गर्ने र पानीजन्य रोगहरूको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले **CIRCLE** परियोजना अन्तर्गत कास्की ICDP ले मादी गाउँपालिकाका लक्षित समुदायहरूमा पानी ट्याङ्की वितरणमा सहयोग गरेको थियो । यस कार्यक्रमअन्तर्गत भरपदी खानेपानीको पहुँच सुनिश्चित गर्न प्रति ट्याङ्की ५०० लिटर क्षमताका जम्मा ५ वटा पानी ट्याङ्की वितरण गरिएको थियो । उक्त सहयोगले लाभग्राही परिवारहरूमा सुरक्षित तथा पर्याप्त पानीको भण्डारण र पहुँचमा सुधार ल्याइ व्यक्तिगत तथा घरेलु सरसफाइका अभ्यासहरू प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।





ईंपिक नेपाल परियोजना

(एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम)

परिचय

US Department of State को आर्थिक सहयोग र FHI 360 को प्राविधिक सहयोगमा नौलो घुम्ती नेपालले साथ-साथ परियोजनाको (सन् २०११ देखी सन् २०१६ सम्म) सम्पन्न भएपश्चात पुनः महिला यौनकर्मी, तिनका ग्राहकहरू, समलिङ्गी पुरुषहरू, पुरुष यौनकर्मीहरू, तेस्रोलिङ्गी व्यक्तिहरू र एचआईभी संक्रमितहरूलाई लक्षित गरी एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार कार्यक्रम लिङ्केजेज नेपाल परियोजना पनि २०१६ अक्टोवर देखि सेप्टेम्बर २०१९ सम्म सफलता पुर्वक सम्पन्न गऱ्यो। त्यस पश्चात जोखिममा रहेका समुदायलाई लक्षित गरी अक्टोबर २०१९ देखी हाल सम्म ईपिक प्रोजेक्ट नेपाल नामक कार्यक्रम कास्की बाग्लुङ्ग र तनहुं जिल्लामा सञ्चालनमा रहेको छ।

दिगो विकास लक्ष्य अन्तर्गत नेपाल सरकारको लिएको सन् २०३० सम्ममा एड्स महामारीको अन्त्य गर्ने प्रतिबद्धता लाई हासिल गर्नका लगि यस कार्यक्रम मार्फत नौलो घुम्ती नेपालले एचआईभी रोकथाम, विभिन्न किसिमका यौनजन्य संक्रमणको परीक्षण तथा उपचार, एचआईभी सम्बन्धी परामर्श तथा रक्त परीक्षण, एचआईभी संक्रमितहरूको लागि घर तथा समुदायमा आधारित हेरचाह, उपचारमा सहयोग र आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध गराउदै आइरहेको छ।

सरकारले लिएको यस लक्ष्यलाई पूरा गर्न स्थानीय स्तरबाट हरेकको सहयोग चाहिन्छ। यसै अनुरुप नौलो घुम्ती नेपालले कास्की बाग्लुङ्ग र तनहुं जिल्लाबाट यसका लागि हातेमालो गरिहेको छ। सरकारी निकाय तथा जिल्लामा कार्यरत अन्य संघसस्थासंग समन्वय गरी नौलो घुम्ती नेपालले सन् २००२ देखि नै एचआइभी संक्रमण न्युनिकरणका कामहरू गरिहेको छ।

परियोजनाको मुख्य उद्धेश्यहरू:

उद्धेश्य १: जोखिममा रहेका व्यक्तिहरूमा HIV महामारी नियन्त्रण प्राप्त गर्ने र कायम राख्ने।

उद्धेश्य २: HIV महामारी नियन्त्रण प्राप्त गर्ने र कायम राख्ने उद्देश्यका लागि कार्यक्रम व्यवस्थापन, स्वास्थ्य सूचना प्रणाली (HIS), स्वास्थ्य क्षेत्रको मानव स्रोत (HRH) तथा वित्तीय प्रणालीहरू सुधार गर्ने।

कार्यक्रमअन्तर्गत प्रदान गरिने सेवाहरू तथा क्रियाकलापहरू:

» समुदाय तथा स्वास्थ्य संस्थामा आधारित एचआईभी स्क्रिनिङ सेवाहरू प्रदान गर्ने।

» एचआईभीसँग बाँचिरहेका व्यक्तिहरू (PLHIV) का साझेदारहरू तथा जोखिम सञ्जालसम्म पुग्न Enhanced Peer Outreach Approach (EPOA) कार्यान्वयन गर्ने।

- » इन्डेक्स क्लाइन्टका साझेदारहरूलाई HIV Self Test (HIVST) कार्यान्वयन गर्ने ।
- » राष्ट्रिय प्रोटोकलअनुसार समुदायमा एचआईभी स्क्रिनिङ गर्न तालिमप्राप्त कर्मचारी परिचालन गर्ने ।
- » परीक्षणपूर्व तथा परीक्षणपश्चात परामर्श सञ्चालन गर्ने ।
- » इन्डेक्स टेस्टिङ तथा भ्एइब का लागि अनलाइन प्लेटफर्महरू कार्यान्वयन गर्ने ।
- » Community Based Supporters (CBS+) तथा Peer Navigators (PNs) को नियमित अनुगमनमार्फत एचआईभी स्क्रिनिङको गुणस्तर सुनिश्चित गर्ने ।
- » इन्डेक्स टेस्टिङ सेवाहरू सुरक्षित र नैतिक रूपमा प्रदान भएको सुनिश्चित गर्ने । नयाँ निदान भएका PLHIV, भाइरल रूपमा suppressed नभएका तथा भाइरल लोड (VL) परीक्षणको नतिजा अज्ञात वा उपलब्ध नभएका व्यक्तिहरूलाई प्राथमिकता दिने ।
- » PLHIV का जैविक सन्तानहरूको इन्डेक्स टेस्टिङलाई प्राथमिकता दिने, जसअन्तर्गत यौन हिंसाको स्क्रिनिङ तथा आवश्यक रेफरलसमेत गर्ने ।
- » नयाँ निदान भएका सबै क्लाइन्टलाई ART क्लिनिकमा साथमा गई रेफर गर्ने तथा ART सुरु भएको र अन्य रेफरल पूरा भएको सुनिश्चित गर्ने ।
- » नयाँ निदान भएका सबै PLHIV लाई समुदायमा आधारित हेरचाह सेवाको जानकारी दिई सेवामा आबद्ध गर्ने ।
- » सबै नयाँ PLHIV लाई इन्डेक्स टेस्टिङ तथा EPOA सेवा प्रदान गर्ने ।
- » HIV exposed infant (HEI) मा एचआईभी संक्रमण भएको पुष्टि भएमा तुरुन्त ब्च्त मा जोड्ने ।
- » आवश्यकता अनुसार क्लाइन्टहरूलाई स्वास्थ्य संस्थामा रेफर गर्न प्रभावकारी रेफरल संयन्त्रहरू सुनिश्चित गर्ने ।
- » क्लिनिकल वा प्रयोगशाला सेवा तथा औषधि पुनप्राप्ति आवश्यक पर्ने क्लाइन्टहरूसँग सम्पर्क गर्न वा पुनसम्पर्कमा ल्याउन समुदाय तथा साथी आधारित गतिविधिहरूको उपयोग गर्ने ।
- » भाइरल लोड suppressed नभएका केसहरू पहिचान गरी उपचारमा पालन तथा सेवामा निरन्तरतासम्बन्धी समस्या भएका व्यक्तिहरूलाई Enhanced Adherence Counseling (EAC) तथा सघन केस व्यवस्थापन सेवा प्रदान गर्ने ।
- » सबै presumptive TB बिरामीहरूमा एचआईभी तथा त्द्य परीक्षण गर्ने र presumptive बिरामीहरूमा TB तथा HIV परीक्षणको अनुपात अनुगमन गरी HIV तथा TB उपचार सेवामा जोड्ने ।
- » HIV confirmation, HIV VL तथा CD4 count परीक्षणका लागि नमुना सङ्कलनमा सहयोग गर्ने र ब्च्त केन्द्रहरूमा नमुना प्रशोधनमा सहयोग गर्ने ।
- » पर्याप्त मात्रामा antiretrovirals, HIV test kits, आवश्यक सामग्री तथा commodities को उपलब्धता सुनिश्चित गर्ने ।
- » दैनिक खपत रजिस्टर, स्टक रजिस्टर, सम्बन्धित अभिलेख तथा प्रतिवेदनहरू अद्यावधिक गर्ने र आवश्यक commodities को उचित स्टक व्यवस्थापन गर्ने ।

» One National Health Information System (ONHIS) मा सबै सेवाको चभर्बा time मबतब भलतचथ सुनिश्चित गर्ने ।

» इन्डेक्स टेस्टिङ सेवा प्रदान गर्दा यौन हिंसाबारे सोधपुछ गर्ने तथा यौन हिंसाबाट प्रभावित व्यक्तिहरूको स्क्रिनिङ र आवश्यक रेफरल गर्ने ।

उपलब्धिहरू

यस परियोजना मार्फत सन २०२५ जुलाई १७ देखि २०२६ जुलाई १६ सम्म सञ्चालित कार्यक्रमको उपलब्धीहरूलाई प्रस्तुत गरिएको छ ।

कार्यक्रमका सुचकहरू (मुख्य उपलब्धीहरू)

कार्यक्रमका सुचकहरू	जोखिममा रहेका महिला	जोखिममा रहेका पुरुषहरू	जम्मा
एच.आई.भी. परीक्षण तथा परामर्श	३६२	६१५	९७७
एच आई भि रोकथामका लागि प्रेप वितरण	१४८	२९१	४३९
एचआईभि सेल्फ टेष्टकिट वितरण	२३५	३९०	६२५
नया एआरटी औषधि शुरु	३२	५८	९०
घर तथा समुदायमा आधारित हेरचाह सेवा	२१७	२५३	४७०
ईन्डेक्स पार्टनर टेष्टिङ	८	११	१९

यस आ.ब. २०८२।०८३ मा देखिएका प्रमुख सिकाईहरू तथा चुनौतिहरू:

सिकाई

» सर्पोट ग्रुप मिटिङ मार्फत नया एच आई भि संक्रमितहरूका लागि उपचारमा रहिरहन प्रेरणादायक वातावरण

» भौतिक र सामाजिक संजालबाट निरन्तर भेटघाट र संवादले उपचारमा बाधा भएका सेवाग्राहीहरूलाई पुनहः उपचारमा ल्याउन सहज

चुनौति

» यौनरोग सम्बन्धी सेवाहरू उपलब्ध नहुनु

» एचआईभि संक्रमितका पार्टनरको जांच

» वार्षिक रुपमा दातृनिकायबाट प्राप्त हुने आर्थिक सहयोगमा कमि

समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम

१. **परिचय** :



नेपाल सरकार तथा स्वीस सरकारको बीच भएको सम्झौता अन्तर्गत सामुदायीक झोलुङ्गे पुल निर्माण एवंम मर्मत एक मुख्य कार्यक्रमको रुपमा रहेको छ। नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालय अन्तर्गत (डोलीडार) स्थानीय पुल शाखा तथा स्वीस सरकार विकास सहयोगकातर्फ बाट हेल्भेटासको Trail Bridge Suport Unit (TBSU) कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायको रुपमा रहेको थियो। हाल हेल्भेटास Trail Bridge Suport Unit (TBSU) को लक्ष्य प्राप्ती संगै नेपाल सरकारले यस कार्यक्रमलाई मुख्य कार्यक्रममा लिएर प्रदेश स्तरमा पुर्वाधार निर्देशनालयको मातहतमा (PTAP) ले यस कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायका भुमिकामा छ। सामुदायीक झोलुङ्गे पुल कार्यक्रमको थालनी नेपालमा वि.स. २०४५ सालमा भएको थियो। कार्यक्रमको निरन्तरता एवंम् दिगोपनको लागि स्थानीय स्तरमा सामुदायीक झोलुङ्गे पुल निमार्ण तथा बृहत् मर्मत कार्य साथै क्षमता अभिबृद्धि गर्ने कार्यमा गैरसरकारी संस्थाको महत्वपूर्ण योग्दान रहने गर्दछ।

यस कुरालाई मध्यनजर गरी वि.स. २०७२ सालमा स्थानीय पुल कार्यक्रम र तत्कालीन जिल्ला विकास समिति कास्कीको संयुक्त निर्णयबाट नौलो घुम्ती नेपाललाई विधिवत रुपमा झोलुङ्गे पुल निर्माण कार्यको प्राविधिक तथा सामाजिक परिचालनमा सहयोगको जिम्मा पाएको थियो। हालको संघिय संरचना अनुसार उक्त कार्यक्रम स्थानीय निकायमा गाभिए सँगै कास्की र मनाङ जिल्ला भित्र रहेका क्र.म.श.: रुपा गाँउपालिका, माछापुच्छ्रे गाँउपालिका, मादी गाँउपालिका, अन्नपूर्ण गाँउपालिका, पोखरा महानगरपालिका, नासौं गाँउपालिका, चामे गाँउपालिका र नार्पा भुमि गाँउपालिकासँग यो कार्यक्रम निरन्तर रुपमा चलीरहेको छ।

२. **कार्यक्रमको उद्देश्य** :

यस कार्यक्रमको मुख्य उद्देश्य आधा घाण्टाभन्दा बढिको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट / बजार, आधारभुत सेवा (स्वास्थ्य, विधायलय, प्रशासनीक सेवा केन्द्र, पर्यटन प्रबर्धन,सम्बृद्धि आदि) सामाजिक र सांस्कृतिक केन्द्रहरूमा पहुँच सुनिश्चित गराउनु रहेको छ।

यस कार्यक्रमले समुदायलाई संगठित गरी विकास निर्माण कार्यमा अभिप्रेरित गर्नेछ र साथै स्थानीय स्तरमा ज्ञान र शीपमा अभिबृद्धि गर्नेछ। झोलुङ्गे पुल निमार्ण कार्यले स्थानीय जनस्तरमा रोजगारी समेत उपलब्ध गराउने छ। यस कार्यक्रमले गरिवी निवारणमा टेवा पुग्याउने अपेक्षा राखेको छ।

३. अन्तर्राष्ट्रिय अध्ययन भ्रमणमार्फत ज्ञान तथा अनुभव आदानप्रदान :

२० मे २०२६ मा हेल्भेटास नेपालको समन्वयमा तान्जानियाबाट आएको अध्ययन भ्रमण टोलीले नौलो घुम्ती नेपालको कार्यालय भ्रमण गरेको थियो। भ्रमणको क्रममा झोलुङ्गे पुल कार्यक्रम सम्बन्धी अन्तरक्रिया बैठक आयोजना गरिएको थियो। बैठकमा नेपालमा कार्यान्वयन भइरहेको झोलुङ्गे पुल कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन प्रक्रिया, व्यवस्थापन प्रणाली, सामुदायीक सहभागिता, मर्मतसम्भार व्यवस्था तथा कार्यक्रमबाट समुदायमा परेको सामाजिक तथा आर्थिक प्रभावका विषयमा विस्तृत छलफल गरिएको थियो। अन्तरक्रियाका क्रममा सहभागीहरूले समुदायमा आधारित झोलुङ्गे पुल निर्माण तथा व्यवस्थापन सम्बन्धी अनुभव, सिकाइ, असल अभ्यास तथा प्राविधिक जानकारी आदानप्रदान गरेका थिए। यसले नेपाल र तान्जानियाबीच ज्ञान तथा अनुभव साटासाट गर्न महत्वपूर्ण अवसर प्रदान गरेको थियो।

कार्यक्रम अन्तर्गत अध्ययन भ्रमण टोलीलाई कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित खानीपानी मुहान झोलुङ्गे पुलको स्थलगत अवलोकन गराइएको थियो। अवलोकनका क्रममा टोलीलाई पुल निर्माण प्रक्रिया, गुणस्तर सुनिश्चितता, स्थानीय समुदायको भूमिका तथा सञ्चालन र मर्मतसम्भार व्यवस्थापनबारे जानकारी प्रदान गरिएको थियो। टोलीले उक्त पुलले स्थानीय बासिन्दाको आवतजावत, सेवा पहुँच तथा समग्र जीवनस्तर सुधारमा पुग्याएको योगदानको प्रत्यक्ष अवलोकन गरेको थियो।

यस अन्तरक्रिया तथा स्थलगत अवलोकन भ्रमणले झोलुङ्गे पुल कार्यक्रमका प्रभावकारी अभ्यासहरूबारे अन्तर्राष्ट्रिय स्तरमा अनुभव आदानप्रदान तथा सिकाइ प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ।

३. समुदायमा आधारित झोलुङ्गे पुल निमार्ण कार्यक्रमका मुख्य उपलब्धीहरू :

» गत आर्थिक वर्ष २०८१/२०८२ सम्ममा ७३ वटा र यस आर्थिक वर्ष २०८२/२०८३ मा ५ वटा गरी हाल सम्म ७८ झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भएको छ। भने १ वटा झोलुङ्गे पुलको मर्मत सम्भार कार्य सम्पन्न भएको छ।

» हाल कास्कीमा २ वटा र मनाङमा १ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छ। साथै अन्य झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ।

» निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरूको नियमित मर्मत सम्भार लागि पुल हेरालो नियुक्ति भएको छ।

यस आर्थिक वर्षमा सम्पन्न पुलहरूको विवरण।

क्र.स.	पुलको नाम	लम्बाई	**स्थान**
१	डो कुलुङ्ग झोलुङ्गे पुल	१०८ मि.	नार्पा भूमि गा.पा. - ५, कुलुङ्ग, मनाङ्ग
२	वार्दि खोला झोलुङ्गे पुल	७८ मि.	मादी गा.पा.-८ वार्दि खोला, कास्की
३	टापु खोला ट्रस पुल	२८ मि.	पोखरा मा.न.पा. -३२ टापु खोला, कास्की
४	डाङडुङ्गे खोला ट्रस पुल	२० मि.	पोखरा मा.न.पा. -२१ डाङडुङ्गे खोला, कास्की
५	फुर्से खोला ट्रस पुल	३२ मि.	पोखरा मा.न.पा. -२२ फुर्से खोला, कास्की
६	भुर्जुङ खोला झोलुङ्गे पुल (मर्मत सम्भार)	१२ मि.	मादी गा.पा.-३ वार्दि खोला, कास्की

हाल सम्म नौलो घुम्ती नेपालको समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रमबाट पालिकाहरूमा निर्माण सम्पन्न भएका पुलहरूको सङ्ख्या।

क्र.सं.	**जिल्ला**	**पालिका**	**निर्माण सम्पन्न पुल सङ्ख्या**	**कैफियत**
१	कास्की	अन्नपूर्ण गाउँपालिका, कास्की	१७ वटा	
		माछापुच्छ्रे गाउँपालिका,कास्की	८ वटा	
		मादी गाउँपालिका,कास्की	१९ वटा	
		पोखरा महानगरपालिका,कास्की	२० वटा	
		रुपा गाउँपालिका, कास्की	६ वटा	
२	मनाङ	चामे गाउँपालिका,मनाङ	२ वटा	
		नार्सों गाउँपालिका,मनाङ	३ वटा	
		नार्पा भूमि गाउँपालिका,मनाङ	३ वटा	
जम्मा		७८ वटा		

यस आर्थिक वर्षमा निर्माणाधीन अवस्थामा रहेका पुलहरूको विवरण।

क्र. स.	पुलको नाम	लम्बाई	**स्थान**
१	काङ्चे खोला झोलुङ्गे पुल	७५ मि.	नार्पा भूमि गा.पा. -२ काङ्चे खोला
२	ज्याम्दु खोला झोलुङ्गे पुल	७७ मि.	मादी गा.पा.-७,३ ज्याम्दु खोला
३	खैमराङ्ग झोलुङ्गे पुल	९७ मि.	माछापुच्छ्रे गाउँपालिका -२ खैमराङ्ग

हाल झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन इस्टिमेसन तयार गर्ने पुलहरूको अवस्थाको विवरण ।

५. अन्य नियमित गतिविधी तथा क्रियाकलाप

» वार्षिक योजना तर्जुमा

» विस्तृत सर्वेक्षण

क्र.सं.	जिल्ला	पालिका	पुल सङ्ख्या	कैफियत
१	कास्की	अन्नपूर्ण गाउँपालिका, कास्की	१ वटा	
		माछापुच्छ्रे गाउँपालिका,कास्की	१ वटा	
२	मनाङ	चामे गाउँपालिका,मनाङ	२ वटा	
		नार्पा भूमि गाउँपालिका,मनाङ	२ वटा	
जम्मा		६ वटा		

» डिजाइन तथा लागत अनुमान

» पालिका तथा उ.स. बीच सम्झौता

» प्राविधिक सहयोग

» प्रगति प्रतिवेदन

» पुल मर्मत संभार समितिको गठन

» सार्वजनिक सुनुवाई, सार्वजनिक समीक्षा, सार्वजनिक लेखापरीक्षण

६. चुनौतीहरू :

» सम्बन्धित निकाय गाँउपालिका, नगरपालिका तथा महानगरपालिका बाट बजेट व्यवस्थापन नहुनाले निर्माण कार्यमा ढिलाई हुनु ।

» सम्बन्धित निकाय झोलुङ्गे पुल निर्माण कार्यक्रम बाट उचित बजेट व्यवस्थापन नहुनाले निर्माण कार्यमा ढिलाई हुनु ।

» निर्माण समिति गठन गर्दा समावेशीताको भौगोलिक आधारमा गरिने हुदा निश्चित समयमा बैठक बोलाउँदा उपस्थित कम हुने गरेको ।

» मनाङ तथा कास्कीका कतीपय साइटहरू दुर्गम र अपेक्षाकृत ठाउँमा रहेकाले साइटहरू जान पौदलनै जानुपर्न र अधिक समय लाग्ने ।

६. यस आर्थिक वर्षमा सम्पन्न पुलहरूका तस्वीरहरू ।



डो कुलुङ झोलुङ्गे पुल नार्पा भूमि गा.पा. - ५, मनाङ



वार्दि खोला झोलुङ्गे पुल मादी गा.पा.-८, कास्की



टापु खोला ट्रस पुल पोखरा मा.न.पा. -३२, कास्की



डाडडुङ्गे खोला ट्रस पुल पोखरा मा.न.पा. -२१ कास्की



फुर्से खोला ट्रस पुल पोखरा मा.न.पा. -२२,कास्की



भुर्जुङ खोला झोलुङ्गे पुल (मर्मत सम्भार) मादी गा.पा.-३, कास्की

संस्थागत कार्यक्रमहरू

संस्थाको २४ औं वार्षिक साधारण सभा एव सामाजिक परीक्षण:

मिति २०८२ असोज ०८ गते २४ **औं वार्षिक साधारण सभा एवं सामाजिक परीक्षण** संस्थाका अध्यक्ष सुरेन्द्र थापा मगरको अध्यक्षतामा संस्थाका संस्थापक अध्यक्ष प्रेम बहादुर श्रेष्ठ ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

बैठकहरू

गत वर्षमा संस्थाको कार्यसमितिको बैठक ७ पटक बसी बिबिध बिषयमा छलफल एवं निर्णय गरिएको छ । त्यसै गरी परियोजना व्यवस्थापन समितिको बैठक ३ पटक, महायज्ञ उपसमितिको बैठक ४ पटक,, रजत जयन्ती उपसमितिको बैठक ४ पटक, सामुदायीक विकास कार्यक्रम व्यवस्थापन समिति २ पटक, विभागीय प्रमुखहरूको बैठक २ पटक, सम्पूर्ण कर्मचारीहरूको बैठक १ पटक, कर्मचारी छनौट समिति, तथा परियोजनागत मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक बैठकहरू नियमित रुपमा सम्पन्न भएका छन् । यसै गरी खरीद समितिको बैठक, प्रस्ताव तयारी बैठक तथा अन्य उपसमितिका बैठकहरू आवश्यकता अनुसार सम्पन्न भएका छन् ।

लेखा परीक्षण

आ.व. २०८२/०८३ को लेखा परीक्षण, साधारण सभाबाट नियुक्त चार्टड एकाउन्टेन्ट फर्म गोशेली एण्ड एशोसिएट बाट सम्पन्न गरी प्रतिवेदन पेश गर्नुभएको छ। जसको प्रतिवेदन यसै सभामा प्रस्तुत गरिएको छ।

श्रम अडिट

आ.व. २०८२/०८३ को श्रम अडिट चार्टड एकाउन्टेन्ट फर्म गोशेली एण्ड एशोसिएट बाट सम्पन्न गरीएको छ।

सामाजिक परीक्षण

आ. व. २०८१/८२ मा संस्थाद्वारा संचालित सम्पूर्ण परियोजना सहित संस्थागत लेखा परीक्षण लेखा परीक्षक दिपेन्द्र श्रेष्ठ द्वारा सम्पन्न गरी संस्थाको २४ **औं वार्षिक साधारण सभा** समक्ष प्रतिवेदन प्रस्तुत तथा छलफल गरिएको थियो भने यस आ. व. २०८२/८३ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ। जसको प्रतिवेदन यसै साधारण सभामा प्रस्तुत गरिएको छ।

अमेरिकि राजदुतावाबाट अनुगमन भ्रमण :



संयुक्त राज्य अमेरिकी सरकारको सहयोगमा नौलो घुम्ती नेपालद्वारा कास्की, तनहुँ र बाग्लुङ जिल्लामा संचालित इपिक नेपाल परियोजनाको अनुगमन अमेरीकी राजदुत डिन आर थम्पसनद्वारा मिति २०८३ मंसिर ०३ मा सम्पन्न भएको छ । उक्त भ्रमणमा परियोजना मार्फत संस्थाले सञ्चालन गरेका कार्यक्रमहरू बारे छलफल गर्नुका साथै सेवार्थी भेटघाट तथा प्रत्यक्ष अन्तरक्रिया समेत गर्नुभएको थियो ।

वार्षिक बनभोज कार्यक्रम :



नौलो घुम्ती नेपालले संस्थाका सम्पूर्ण कर्मचारी तथा कार्यसमिति सदस्यहरूको उपस्थितिमा आपसी सद्भाव, सहकार्य, टिम भावना तथा कर्मचारीबीचको सम्बन्धलाई थप सुदृढ गर्ने उद्देश्यले २०८३ जेठ १६ गते पोखरा-२०, भलाम, डाँडागाउँमा वार्षिक वनभोज कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा कार्यसमिति तथा कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

संस्थाको किचन तथा डायनिङ हलको उद्घाटन कार्यक्रम :



नौलो घुम्ती नेपालमा सहारा यूके तथा तमु धीं यूकेको सहयोगमा पुनर्निर्माण गरिएको किचन तथा डायनिङ हलको मिति २०८२ फाल्गुण ९ गते तमु धीं यूकेका उपाध्यक्ष श्री कमल गुरुङ ज्यूबाट उद्घाटन सम्पन्न भएको थियो । कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष श्री सुरेन्द्र थापा मगरले गर्नुभएको थियो भने निर्माण सम्बन्धी संक्षिप्त प्रतिवेदन इन्जिनियर तथा कार्यसमिति सदस्य शारदा मोहन काफ्लेले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संसथाका कार्यसमिति पदाधिकारि ज्यूहरू, पूर्वअध्यक्ष तथा सल्लाहकार ज्यूहरू लगाायतको उपस्थिति रहेको थियो । किचन तथा डायनिङ हल निर्माणका लागि तमु धीं यूकेबाट रु. १० लाख सहयोग प्राप्त भएको थियो, जसले संस्थाको

भौतिक पूर्वाधार तथा सेवा प्रवाहलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

रजत जयन्तीको अवसरमा रक्तदान कार्यक्रम :



नौलो घुम्ती नेपालको रजत जयन्ती तथा २५ औँ वार्षिकोत्सवको अवसरमा संस्थाले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवाको भावनालाई अभिवृद्धि गर्ने उद्देश्यले २०८३ भदौ १५ गते पोखराको मानव अधिकार चोकमा खुला रक्तदान कार्यक्रम आयोजना गरेको थियो।

कार्यक्रममा संस्थाका कार्यसमिति सदस्यहरू, सल्लाहकारहरू, कर्मचारीहरू, शुभेच्छुक तथा सर्वसाधारण रक्तदाताहरूको सहभागिता रहेको थियो। कार्यक्रममा विभिन्न व्यक्तिहरूले स्वेच्छिक रूपमा रक्तदान गरी मानवीय सेवामा योगदान पुऱ्याएका थिए। कार्यक्रमबाट जम्मा ८२ युनिट रगत संकलन भएको थियो।

कार्यक्रमको संयोजकत्व संस्थाका वरिष्ठ उपाध्यक्ष श्री मंगल नेपालीले गर्नुभएको थियो।

भोटेकोशी बाढीबाट प्रभावितका लागि राहत सामग्री सहयोग :



नौलो घुम्ती नेपालले हालै आएको विनाशकारी भोटेकोशी बाढीबाट प्रभावित रसुवा जिल्लाको उत्तरगया गाउँपालिका-१, २ र ३ का ३० घर परिवार (करिब १८० जना) लाई खाद्यान्न, भान्साका सामग्री, कम्बल तथा सरसफाइ सामग्रीसहित कुल रु. ४,२४,४७०।०० बराबरको राहत सामग्री हस्तान्तरण गरेको छ। संस्थाका कार्यसमिति, सल्लाहकार तथा कर्मचारीलगायतको आर्थिक सहयोगबाट संकलित उक्त राहत सामग्री संस्थाका द्वितीय उपाध्यक्ष मीना कुमारी गुरुङ, सदस्य ढुन्डी राज ज्ञवाली सहितको टोलीले प्रभावित समुदायमा पुगेर वितरण गर्नुभएको थियो।

सहभागिता

यस आ. व. मा विभिन्न संजाल तथा संघसंस्था हरूसंग समन्वय बैठकमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको छ। यस अन्तर्गत गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, जिल्ला समन्वय समिति, रिकभरिङ्ग नेपाल, नानगान, जिल्ला दैवि प्रकोप उपसमिति, गैसस महासंघ, शान्तिका लागि नागरिक

समाजको सञ्जाल, मानव अधिकार एलायन्स, गण्डकी प्रदेश एचआइभी एलायन्स लगायतमा संस्थाको सक्रिय सहभागिता रहेको छ र आवश्यक्ता बमोजिम समन्वय तथा सहभागितालाई थप बढावा दिईनेछ।

त्रैमासिक अनुगमन तथा समीक्षा

यस आ.व. मा पनि विभिन्न दातृनिकायवाट त्रैमासिक समिक्षा तथा अनुगमन सम्पन्न भएका छन् । गृह मन्त्रालयबाट र जिल्ला प्रशासन कास्कीद्वारा लनगूपदार्थपरामर्श उपचार तथा पुनस्थापना केन्द्रको अनुगमन तथा मुल्याङ्कन स्म्पन्न भएको छ। गुड नेबर्स इन्टरनेशनल नेपाल प्रधान कार्यालयद्वारा परियोजनाको फिल्ड अनुगमन भ्रमण भएको छ भने क्लस्टर संयोजक रंजित कुमार चौधरी, खडक बोहरा, कार्यक्रम अधिकृत भिम तामाङ्ग तथा एम एन ई अधिकृत सक्क बहादुर बोहरा, एफएचआइका बरिष्ठ कार्यक्रम अधिकृत राम शरण सेडाई संग कार्यक्रमको मासिक तथा त्रैमासिक समीक्षा बैठकहरू सम्पन्न गरिएका छन् ।

हरेक महिना स्वास्थ्य कार्यालय, कास्की, पोखरा महानगर पालिका कार्यालय, कास्की तथा मनाङ जिल्लाका विभिन्न गाँउपालिका, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र एवं सम्बन्धित सबै सरोकारवाला निकायहरूमा सबै परियोजनाहरूले सेवार्थीहरूलाई पुऱ्याएको सेवाको विवरण सहितको प्रतिवेदन तयार गरी पठाउने कार्यलाई यस वर्ष अझ प्रभावकारी वनाईएको छ। त्यसैगरी परियोजनाको संझौतामा उल्लेख भए अनुसार संवन्धित दातृ निकायमा नियमित रुपमा संक्षिप्त एंव विस्तृत प्रतिवेदन पठाउँदै आइएको छ।

समन्वय र संजालिकरण

» गैरसरकारी संस्था महासंघ नेपाल जिल्ला समिति कास्कीमा संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहकार समिति संयोजक योगराज पौडेल सदस्य रहनुभएको छ।

» गैरसरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेश समितिमा यस संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहाकार पदमराज पहारी अध्यक्ष रहनुभएको छ भने कार्यसमिति सदस्य नारायण प्रसाद पौडेल सचिव रहनुभएको छ।

» नौलो घुम्ती नेपाल नानगानको सदस्य रहेको छ। यस संस्थाका अध्यक्ष नानगानमा कार्यसमिति सदस्य हुनुहुन्छ।

» रिकभरिङ्ग नेपालमा सदस्य संस्थाको रुपमा सहभागिता रहदै आएको छ।

» जिल्ला प्रकोप उद्धार समिति अन्तरगत स्वास्थ्य समितिको सदस्य रहेको छ।

» हिंसामा परेका महिला तथा बालबालिकाहरूका लागि आकस्मिक उद्धार संजालको सदस्य।

» शान्तिको लागि नागरिक समाजको संजालमा संस्था सदस्य रहेको छ।

» एचआईभी एड्स तथा प्रजनन् स्वास्थ्य सम्वन्धी राष्ट्रिय संजालमा (HIV/SRHR) नौलो घुम्ती सदस्य संस्थाको रुपमा रही आएको छ।

» यस बाहेक यस संस्थाका पदाधिकारी सदस्यहरू, कर्मचारीहरू लायन्स क्लव, रेडक्रस, रोटरी क्लब, सामुदायीक समिति, मानव अधिकार सम्वन्धी संस्थाहरू, सहकारी संस्था, समुदायमा आधारित अन्य संघ संस्थामा संलग्न भई सामाजिक सेवाका विभिन्न कृयाकलापमा नेतृत्व प्रदान गर्दै आउनुभएको छ जसबाट संस्थालाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग प्रदान भएको छ।

आगामी वर्ष २०८३/०८४ का लागि प्रस्तावित कार्यक्रमहरू

१. लागूपदार्थपरामर्श उपचार तथा पुनर्स्थापना कार्यक्रमलाई दातृ निकायको सहयोग प्राप्त नहुने अवस्थामा पनि दिगो रुपमा सञ्चालन गर्ने उपायहरू अवलम्वन गर्ने।

२. जिल्ला समन्वय समिति, स्थानीय निकाय संगको सहकार्यमा कास्की लगायत गण्डकी प्रदेशका अन्य जिल्लाहरूमा सामुदायीक झोलुङ्गे पुल कार्यक्रमलाइ विस्तार तथा निरन्तर सञ्चालन गर्ने।

३. कास्की जिल्लामा संचालित एकीकृत सामुदायीक विकास परियोजनालाई निरन्तरताको लागि गुड नेवर्स इन्टरनेशनल नेपाल संग समन्वय गरिनुका साथै, स्थानीय सरकार तथा स्थानीय दाताहरू संग समन्वय तथा पहल गरी कार्यक्रमलाई थप प्रभावकारी र विस्तारित रुपमा अगाडि बढाउने।

४. विभिन्न स्थानीय दाता, बैङ्क तथा वित्तिय संस्था, स्थानीय निकाय, आजिवन सदस्य, कार्यसमिति पदाधिकारिहरू संग समन्वय र सहकार्य गरी स्पोन्सरसिप अ ड्रिम परियोजना मार्फत आर्थिक अभावका कारण शिक्षा बाट बन्चित रहेका वालवालिकाहरूलाई शिक्षको पहुँच अभिबृद्धि गर्ने।

